# आर्थिक गतिविधि अध्ययन

(एकीकृत)

## वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८१/८२)




नेपाल राष्ट्र बैंक

आर्थिक अनुसन्धान विभाग

पुस २०८२

# प्राक्कथन

नेपाल राष्ट्र बैंकले मुलुकको आर्थिक र वित्तीय क्षेत्रको तथ्याङ्क तथा विश्लेषण समावेश गरी वार्षिक तथा अर्धवार्षिकरुपमा **आर्थिक गतिविधि अध्ययन प्रतिवेदन** प्रकाशन गर्दै आएको छ । प्रस्तुत प्रतिवेदनमा आर्थिक वर्ष २०८१/८२ असार मसान्तसम्मको जिल्लागत कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको स्थिति एवम् परिदृश्यको सङ्क्षिप्त विश्लेषण गरिएको छ। यसका अतिरिक्त प्रादेशिक राजस्व तथा खर्च र प्रमुख कार्यहरुको विश्लेषण समेत प्रतिवेदनमा संलग्न गरिएको छ ।

पछिल्ला वर्षहरुमा नेपालको आर्थिक गतिविधिमा क्रमशः सुधार हुदै आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ४.६ प्रतिशत र प्रचलित मूल्यमा ४.० प्रतिशत हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक अनुमान छ। अघिल्लो वर्ष यस्तो वृद्धिदर ३.७ प्रतिशत रहेको थियो । यस बैंकको विश्लेषण अनुसार गत आर्थिक वर्षको भन्दा समीक्षा अवधिमा समग्र आर्थिक गतिविधि सुधारोन्मुख देखिएको छ । चालु आर्थिक वर्षमा भने वर्षेवाली लगाउने समयमा मनसुन प्रतिकुलताको कारण कृषि क्षेत्रमा केही नकारात्मक असर पर्ने परिदृश्य देखिएको छ। त्यसैगरी, भदौ महिनामा जेन्जी आन्दोलनको क्रममा अर्थतन्त्रले केही क्षति व्यहोर्नु परेको छ । त्यसका बाबजुद नयाँ सरकारले शान्ति-सुरक्षा, सुशासन, आर्थिक सुधार र क्षतिको पुनर्निर्माणमा प्राथमिकता दिएको तथा यस बैंकले लचिलो मौद्रिक नीति अवलम्बन गरिरहेको कारण आर्थिक क्रियाकलापमा सकारात्मक प्रभाव देखिन थालेको छ ।

प्रस्तुत आर्थिक गतिविधि अध्ययन प्रतिवेदन संघीय सरकार एवम् प्रदेश सरकारलगायत सरोकारवालालाई उपयोगी हुने विश्वास लिएको छु । प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण तथा तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउने सरकारी तथा निजी क्षेत्रका कार्यालय, विभिन्न परियोजना, बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीप्रति आभार व्यक्त गर्दछु । प्रतिवेदन तर्जुमा गर्ने कार्यको संयोजन गर्नुहुने विभागका निर्देशक श्री हिमप्रसाद न्यौपानेलाई विशेष धन्यवाद ज्ञापन गर्दछु। त्यसैगरी, प्रतिवेदन तयारीमा संलग्न हुनुहुने आर्थिक विकास महाशाखाका उप-निर्देशकद्धय श्री सजना शिल्पकार र श्री सुदिप त्रिपाठी, सहायक निर्देशकहरू श्री धनञ्जय पराजुली, श्री शिखा पोखेल, श्री अर्जुन कुमार श्रेष्ठ, श्री रामकृष्ण आचार्य, श्री आरती मण्डल र अधिकृत (कम्प्युटर) श्री रामकुमार थापालाई धन्यवाद ज्ञापन गर्दछु ।

**डा. रामशरण खरेल**
**कार्यकारी निर्देशक**

# विषय-सूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| आवरण पृष्ठ | | |
| प्राक्कथन | | (क) |
| विषयसूची | | (ख) |
| तालिकासूची | | (घ) |
| चार्टसूची | | (च) |
| सारांश | | (छ) |
| परिच्छेद १: अध्ययन परिचय | | |
| | १.१ पृष्ठभूमि | १ |
| | १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| | १.३ अध्ययनको सीमा | २ |
| | १.४ अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| परिच्छेद २: अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक स्थिति | | |
| परिच्छेद ३: कृषि क्षेत्र | | |
| | ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ कृषि उत्पादन | ७ |
| | ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ सिँचाइ | ११ |
| | ३.५ क्षेत्रगत कृषि कर्जा | ११ |
| | ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना | १२ |
| परिच्छेद ४: उद्योग क्षेत्र | | |
| | ४.१ उद्योगको विवरण | १६ |
| | ४.२ उद्योगको क्षमता उपयोग तथा उत्पादन | १६ |
| | ४.३ क्षेत्रगत औद्योगिक कर्जा | १८ |
| | ४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | १९ |
| परिच्छेद ५: सेवा क्षेत्र | | |
| | ५.१ पर्यटन | २४ |
| | ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | २५ |
| | ५.३ वित्तीय सेवा | २६ |
| | ५.४ सेवा क्षेत्र कर्जा | २८ |
| | ५.५ यातायात तथा संचार | २९ |
| | ५.६ सहकारी क्षेत्र | २९ |
| | ५.७ शिक्षा | ३० |
| | ५.८ स्वास्थ्य | ३० |
| | ५.९ सेवा क्षेत्रका चुनौती तथा सम्भावना | ३१ |

**परिच्छेद ६: पूर्वाधार क्षेत्र**
६.१ पूर्वाधार स्थिति ३६
६.२ राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति ४०
६.३ पूर्वाधार क्षेत्रका चुनौती तथा सम्भावना ४०
**परिच्छेद ७: बाह्य क्षेत्र र रोजगारी**
७.१ वैदेशिक व्यापार ४६
७.२ रोजगारी ४९
७.३ बाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती तथा सम्भावना ५०
**परिच्छेद ८: संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना**
८.१ संघीय र प्रदेशगत बजेटको वार्षिक प्रगति ५२
८.२ आर्थिक वर्ष २०८२/८३ को प्रदेशगत बजेट र कार्यक्रमहरुको संक्षिप्त विवरण ५३
८.३ नेपालको सार्वजनिक ऋणको अवस्था ५९
८.४ अन्य कार्यक्रमको कार्यान्वयन ६०
**परिच्छेद ९: आर्थिक परिदृश्य**
९.१ मूल्य स्थिति ६२
९.२ कृषि क्षेत्र ६२
९.३ औद्योगिक क्षेत्र ६२
९.४ सेवा क्षेत्र ६३
९.५ पूर्वाधार क्षेत्र ६३
९.६ बाह्य क्षेत्र ६३

## तालिका सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | विश्वको आर्थिक वृद्धिदर | ३ |
| तालिका २.२ | नेपालीहरुको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर | ३ |
| तालिका २.३ | दक्षिण एशियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर | ४ |
| तालिका २.४ | विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित) | ४ |
| तालिका २.५ | दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित) | ५ |
| तालिका २.६ | प्रादेशिक आर्थिक परिसूचकहरु (आर्थिक वर्ष २०८१/८२) | ५ |
| तालिका ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| तालिका ३.२ | धान बालीको उत्पादन | ८ |
| तालिका ३.३ | कृषि बालीको उत्पादन | ९ |
| तालिका ३.४ | प्रमुख पशुपन्छी, माछा उत्पादन | १० |
| तालिका ३.५ | सिञ्चित क्षेत्रफलमा प्रदेशगत हिस्सा | ११ |
| तालिका ३.६ | कृषि क्षेत्रका प्रदेशगत चुनौती | १२ |
| तालिका ३.७ | कृषि क्षेत्रका प्रदेशगत सम्भावना | १४ |
| तालिका ४.१ | आ.व. २०८१/८२ मा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण | १६ |
| तालिका ४.२ | उद्योग दर्ताको प्रदेशगत विवरण | १६ |
| तालिका ४.३ | प्रदेशगत औद्योगिक क्षेत्र कर्जा | १८ |
| तालिका ४.४ | उद्योग क्षेत्रका प्रदेशगत चुनौती | १९ |
| तालिका ४.५ | उद्योग क्षेत्रका प्रदेशगत सम्भावना | २१ |
| तालिका ५.१ | सार्वजनिक निर्माण तथा रियलस्टेट | २६ |
| तालिका ५.२ | प्रदेशगत सेवा क्षेत्र कर्जा | २८ |
| तालिका ५.३ | सवारी साधन दर्ताको प्रदेशगत विवरण | २९ |
| तालिका ५.४ | सेवा क्षेत्रका प्रदेशगत चुनौती | ३२ |
| तालिका ५.५ | सेवा क्षेत्रका प्रदेशगत सम्भावना | ३३ |
| तालिका ६.१ | सडकको हालसम्मको प्रगति विवरण | ३६ |
| तालिका ६.२ | पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती | ४१ |
| तालिका ६.३ | पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना | ४३ |
| तालिका ७.१ | आर्थिक वर्ष २०८१/२०८२ मा नेपालको आयात निर्यात स्थिति | ४६ |
| तालिका ७.२ | आर्थिक वर्ष २०८१/२०८२ को आयात र निर्यातको संरचना | ४६ |
| तालिका ७.३ | कृषिजन्य वस्तु आयात निर्यातको अवस्था | ४७ |
| तालिका ७.४ | भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति | ४८ |
| तालिका ७.५ | भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु | ४८ |

| | | |
|---|---|---|
| तालिका ७.६ | आर्थिक वर्ष २०८१/८२ को प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी विवरण | ४९ |
| तालिका ७.७ | आर्थिक वर्ष २०८१/८२ मा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण | ४९ |
| तालिका ७.८ | दक्षताको आधारमा आ.व. २०८१/८२ मा जारी श्रम स्वीकृति संख्या | ५० |
| तालिका ८.१ | आर्थिक वर्ष २०८१/८२ को संघीय बजेटको वार्षिक प्रगति विवरण | ५२ |
| तालिका ८.२ | आर्थिक वर्ष २०८१/८२ को प्रादेशिक बजेटको स्रोत र खर्चको विवरण | ५२ |
| तालिका ८.३ | आर्थिक वर्ष २०८२/८३ मा प्रदेशको कुल बजेटमा प्रदेशगत हिस्सा | ५३ |
| तालिका ८.४ | आर्थिक वर्ष २०८२/८३ को प्रदेशगत बजेटको विवरण | ५४ |
| तालिका ८.५ | नेपालको सार्वजनिक ऋणको अवस्था | ६० |
| तालिका ८.६ | राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको लक्ष्य तथा कार्यान्वयन अवस्था | ६१ |

# चार्टहरुको सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट ३.१ | प्रमुख खाद्यन्न बालीले ढाकेको भू-क्षेत्र | ६ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको उत्पादन | ८ |
| चार्ट ३.३ | प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा | १० |
| चार्ट ३.४ | सिँचाइ क्षेत्रफलमा भएको विस्तार | ११ |
| चार्ट ३.५ | कृषि कर्जाको प्रदेशगत हिस्सा | १२ |
| चार्ट ४.१ | प्रमुख उद्योगको क्षमता उपयोग | १७ |
| चार्ट ४.२ | प्रदेशगत क्षमता उपयोग | १७ |
| चार्ट ४.३ | औद्योगिक कर्जा लगानी स्थिति | १८ |
| चार्ट ४.४ | औद्योगिक कर्जामा प्रदेशगत कर्जाको हिस्सा | १९ |
| चार्ट ५.१ | आर्थिक वर्ष २०८१/८२ मा पर्यटक आगमन संख्या | २४ |
| चार्ट ५.२ | घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा | २६ |
| चार्ट ५.३ | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | २७ |
| चार्ट ५.४ | निक्षेप तथा कर्जा स्थिति | २७ |
| चार्ट ५.५ | प्रदेशगत कर्जा निक्षेप अनुपात | २८ |
| चार्ट ५.६ | नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाको विवरण | ३० |
| चार्ट ८.१ | प्रदेशको एकीकृत बजेटको वार्षिक प्रवृत्ति | ५३ |
| चार्ट ८.२ | नेपालको सार्वजनिक ऋण-कुल गार्हस्थ्य उत्पादन अनुपात | ६० |

# सारांश

## समष्टिगत स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.६ प्रतिशत र प्रचलित मूल्यमा ४.० प्रतिशत रहने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहेको संशोधित अनुमान छ।

२. आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.२ प्रतिशत, १२.८ प्रतिशत र ६२.० प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

३. आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३६.५ प्रतिशत रहेको छ भने कोशी प्रदेशको हिस्सा १५.९ प्रतिशत रहेको छ। कर्णाली प्रदेशको हिस्सा भने सबैभन्दा कम ४.२ प्रतिशत रहेको छ।

## कृषि क्षेत्र

४. आर्थिक वर्ष २०८१/८२ मा प्रमुख कृषि बालीको उत्पादन ३.७ प्रतिशतले बढेको छ। यस्ता बालीले ढाकेको भू-क्षेत्र भने २.२ प्रतिशतले घटेको छ।

५. समीक्षा वर्षमा तरकारी उत्पादन १०.१ प्रतिशत र मसला उत्पादन ०.७ प्रतिशतले बढेको छ भने फलफूल उत्पादन ३.३ प्रतिशतले घटेको छ।

६. पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन १.० प्रतिशत र मासु उत्पादन ०.३ प्रतिशतले घटेको छ भने अण्डा उत्पादन १.० प्रतिशतले बढेको छ। वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन ८.८२ प्रतिशत र दाउरा उत्पादन ४.७४ प्रतिशतले बढ्दा औषधिजन्य वस्तुको उत्पादन १.९१ प्रतिशतले घटेको छ।

## उद्योग क्षेत्र

७. आर्थिक वर्ष २०८१/८२ मा अध्ययनमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४४.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्तो क्षमता उपयोग ४८.३ प्रतिशत रहेको थियो।

८. २०८२ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्र कर्जाको अंश ३०.४२ प्रतिशत रहेको छ।

## सेवा क्षेत्र

९. आर्थिक वर्ष २०८१/८२ मा नेपाल भ्रमण गर्ने पर्यटक संख्या १.७ प्रतिशतले वृद्धि भई ११ लाख ४७ हजार ८ सय ३४ जना पुगेको छ।

१०. समीक्षा वर्षमा घर/भवन नक्शा पास संख्या १.२ प्रतिशतले र घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व १८.६ प्रतिशतले घटेको छ।

११. २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप १२.५ प्रतिशतले र कर्जा प्रवाह ८.२ प्रतिशतले वृद्धि भएको छ। २०८२ असार मसान्तमा औसत कर्जा-निक्षेप अनुपात ७६.६ प्रतिशत रहेको छ।

१२. बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप तथा कर्जामा बागमती प्रदेशको अंश उच्च रहेको छ। कुल निक्षेपमा यस प्रदेशको अंश ६५.८ प्रतिशत र कुल कर्जामा ५९.५ प्रतिशत रहेको छ।

१३. समीक्षा वर्षमा यातायात साधनको सवारी दर्ताको सङ्ख्या ३७.८ प्रतिशतले बढेको छ ।

## पूर्वाधार

१४. आर्थिक वर्ष २०८१/८२ मा १२३५ कि.मि. कालोपत्रे सडक, २८७ कि.मि. ग्राभेल सडक, ३०१ कि.मि. नयाँ ट्र्याक निर्माण भएको छ भने ३७० कि.मि. सडक मर्मत भएको छ ।

## बाह्य क्षेत्र र रोजगारी

१५. आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु निर्यात ८१.८ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ७७ अर्ब ३ करोड पुगेको छ भने कुल वस्तु आयात १३.३ प्रतिशतले वृद्धि भई रु.१८ खर्ब ४ अर्ब १२ करोड पुगेको छ ।

१६. आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारीमा (पुनःश्रम स्वीकृति समेत) जानेको संख्या ८,३९,२६६ रहेको छ । यसमध्ये मधेश प्रदेशको अंश सबैभन्दा बढी २३.१ प्रतिशत र कर्णाली प्रदेशको अंश सबै भन्दा कम ३.४ प्रतिशत रहेका छन् ।

## संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

१७. आर्थिक वर्ष २०८१/८२ मा संघीय सरकारले कुल रु.१८ खर्ब ६० अर्ब ३० करोड बजेट विनियोजन गरेकोमा बजेटको अर्धवार्षिक समीक्षामा संशोधन गरी कुल रु.१६ खर्ब ९२ अर्ब ७३ करोड हुने गरी संशोधन गरिएको थियो । उक्त बजेटमध्ये आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा रु.१५ खर्ब १२ अर्ब ९८ करोड (८९.४ प्रतिशत) खर्च भएको छ ।

१८. आर्थिक वर्ष २०८१/८२ मा प्रदेशहरुको कुल विनियोजित बजेट रु.२ खर्ब ७८ अर्ब ७० करोड रहेको थियो । विनियोजित बजेट मध्ये चालुतर्फ रु.८५ अर्ब ८७ करोड (३०.८१ प्रतिशत), पुँजीगततर्फ रु.१६१ अर्ब ४२ करोड (५७.९२ प्रतिशत), वित्तीय व्यवस्थातर्फ रु.२ अर्ब १७ करोड (०.७८ प्रतिशत), र वित्तीय हस्तान्तरण तर्फ रु.२९ अर्ब २४ करोड (१०.४९ प्रतिशत) रहेको थियो ।

## आर्थिक परिदृश्य

१९. आर्थिक वर्ष २०८२/८३ मा मुद्रास्फीतिको चाप कम रहेको छ । विश्वव्यापी रुपमा इन्धन तथा खाद्य वस्तुको मूल्यमा गिरावट आएको, कर्जा तथा निक्षेपको ब्याजदर घट्दो अवस्थामा रहेको, जलविद्युत् उत्पादनमा उल्लेख्य वृद्धि भएको, बाह्य पर्यटकको आगमनमा वृद्धि सँगसँगै निर्यात र विप्रेषण आप्रवाहमा पनि वृद्धि भएको र विगत केही वर्षदेखि सङ्कुचनमा रहेको निर्माण र उत्पादनमूलक उद्योग क्षेत्र, यस बैंकले गरेको मौद्रिक सहजताका कारण विस्तार हुँदै गएको हुँदा आर्थिक वृद्धि औसतभन्दा बढी हुने देखिन्छ ।

२०. आर्थिक वर्ष २०८२/८३ मा आर्थिक क्रियाकलाप अघिल्लो वर्षको तुलनामा सकारात्मक हुने अनुमान छ । अर्थतन्त्रमा तरलता पर्याप्त रहेको, सरकारले सुशासन प्रवर्द्धन गर्दै पुर्ननिर्माण कार्य अघि बढाएको, साना र तयारी नपुगेका आयोजनामा बजेट स्थगन गर्दै परियोजना प्राथमिकिकरण गरिएको लगायतका कार्यहरुले अर्थतन्त्र चलायमान भई आर्थिक गतिविधि बढ्ने अनुमान रहेको छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले आर्थिक, वित्तीय र मौद्रिक नीति निर्माणको लागि आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमयजस्ता विषयमा तथ्याङ्क सङ्कलन, प्रशोधन गरी विभिन्न प्रकारका तथ्यपरक अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै आएको छ। यसैक्रममा बैंकले मुलुकको वास्तविक क्षेत्रको स्थितिको विश्लेषण, सम्भावना र चुनौतीको पहिचान र सम्बन्धित क्षेत्रको परिदृश्यसमेत समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ।

नेपालको संविधान, २०७२ जारी भएसँगै मुलुक सङ्घीय संरचनामा रूपान्तर भएपश्चात् प्रदेश र स्थानीय तहलाई समेत नीतिनिर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०७६/७७ देखि सबै जिल्लाहरु समावेश गरी प्रदेशगत र एकीकृत आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरू वार्षिक र अर्ध-वार्षिक रूपमा प्रकाशन गर्न थालिएको छ। यसै सन्दर्भमा आर्थिक वर्ष २०८१/८२ को साउनदेखि असार मसान्तसम्म ( एकवर्ष) को तथ्याङ्कमा आधारित भई यो आर्थिक गतिविधि अध्ययन (एकीकृत) तयार गरिएको छ।

यस अध्ययनको उद्देश्य सङ्घीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने रहेको छ। साथै, विभिन्न आर्थिक क्षेत्रहरूको स्थिति र यसमा भइरहेका परिवर्तनलाई विश्लेषण गर्ने समेत यस अध्ययनको उद्देश्य रहेको छ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

१.२.१. आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति तथा आगामी अवधिको आर्थिक परिदृश्य यस प्रतिवेदनमा समावेश गरिएको छ। प्रतिवेदनमा कृषि, उद्योग, सेवा, पूर्वाधार र बाह्य क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुतौतीहरू तथा आर्थिक परिदृश्यका सम्बन्धमा सङ्क्षिप्त विश्लेषण गरिएको छ।

१.२.२. नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संसोधन २०७९ समेत) अनुसार मुलुकको सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा मूलतः स्थलगत सर्वेक्षण र सम्बन्धित निकायहरूबाट प्राप्त विवरणको आधारमा समेत यो प्रतिवेदन तयार गरिएको छ।

१.२.३. अध्ययनको लागि तथ्याङ्क तथा विवरण देहायबमोजिम सङ्कलन गरिएको छ:

(क) कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवम् मातहतका निर्देशनालय, कृषि विकास कार्यालय तथा पशु विकास कार्यालयहरुबाट सङ्कलन गरिएको छ।

(ख) औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमुना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण तथा विद्युतीय माध्यमबाट सङ्कलन गरिएको छ।

(ग) बैंकिङसम्बन्धी तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरूबाट सङ्कलन गरिएको छ। पर्यटनसँग सम्बन्धित तथ्याङ्क होटल व्यवसायी संघ एवम् नमुना छनौटमा परेका होटलहरूबाट, घरजग्गा नक्शापास सम्बन्धी तथ्याङ्क सम्बन्धित महानगरपालिका /उपमहानगरपालिका/ नगरपालिकाबाट सङ्कलन गरिएको छ।

(घ) पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरूबाट सङ्कलन गरिएको छ । तथ्याङ्क तथा सूचनाहरू सङ्कलनको लागि स्थलगत भ्रमणका अलावा इमेल, टेलिफोन, वेवसाइटलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ ।

## १.३ अध्ययनको सीमा

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनमा विभिन्न प्रकारका सीमाहरू रहेकोले अध्ययन प्रतिवेदनको उपयोगमा सजगता अपनाउनु आवश्यक छ ।

१.३.१. मुलुकमा संघीयता कार्यान्वयनमा आए पश्चात् तथ्याङ्क प्रदायक निकायहरूको पुनरसंरचना भएकोले तथ्याङ्क सङ्गठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरूपः कृषि उत्पादन र पूर्वाधारलगायतका कतिपय विवरणहरूमा समयगत र निकायगत एकरूपता कायम हुन सकेको छैन ।

१.३.२. त्यसैगरी, कतिपय उद्योग व्यवसायहरूबाट तथ्याङ्क उपलब्ध गराउन हिच्किचाउने तथा समयमै उपलब्ध नहुनाका साथै अपूरो तथ्याङ्क उपलब्ध गराउने गरेकाले यथार्थ आर्थिक स्थितिको चित्रण गर्न कठिनाइ हुने गरेको छ ।

१.३.३. भौतिक निर्माणतर्फ, गाउँपालिकाहरूले निर्माण गरेका सडक, सिँचाई र खानेपानी आयोजनाहरूको जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन सकेको छैन । सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने निकाय एकभन्दा बढी भएको र प्रत्येक निकायहरूले उपलब्ध गराउने विवरणमा भिन्नता देखिने गरेको छ । प्रस्तुत अध्ययनमा नमुना छनौटमा परेका निकायहरूबाट प्राप्त विवरणलाई आधिकारिक मानिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रस्तुत प्रतिवेदनमा ९ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय पश्चात् परिच्छेद २ मा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक स्थिति प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा, परिच्छेद ६ मा पूर्वाधार र परिच्छेद ७ मा वाह्य क्षेत्र र रोजगारीसँग सम्बन्धित तथ्याङ्क तथा विवरण प्रस्तुत गरिएको छ । परिच्छेद ८ मा सङ्घीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना र परिच्छेद ९ मा आर्थिक परिदृष्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २: अन्तर्राष्ट्रिय तथा राष्ट्रिय आर्थिक स्थिति

## २.१ विश्व आर्थिक स्थिति

२.१.१. अन्तर्राष्ट्रिय मुद्राकोष (IMF) द्वारा सन् २०२५ अक्टुबरमा प्रकाशित World Economic Outlook अनुसार सन् २०२४ मा विश्वको आर्थिक वृद्धिदर ३.३ प्रतिशत रहेकोमा सन् २०२५ मा ३.२ प्रतिशत र सन् २०२६ मा ३.१ प्रतिशत रहने प्रक्षेपण रहेको छ।

२.१.२. विकसित अर्थतन्त्रहरूको समग्र आर्थिक वृद्धिदर सन् २०२४ मा १.८ प्रतिशत रहेकोमा सन् २०२५ र सन् २०२६ मा १.६ प्रतिशत रहने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ। उदीयमान र विकासशील अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर सन् २०२४ मा ४.३ प्रतिशत रहेकोमा सन् २०२५ मा घटेर ४.२ प्रतिशत र सन् २०२६ मा ४.० प्रतिशत कायम रहने प्रक्षेपण छ। सन् २०२४ मा भारतको आर्थिक वृद्धिदर ६.५ प्रतिशत रहेकोमा सन् २०२५ मा ६.६ प्रतिशत र सन् २०२६ मा ६.२ प्रतिशत रहने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ। त्यसैगरी, चीनको आर्थिक वृद्धिदर सन् २०२४ मा ५.० प्रतिशत रहेकोमा सन् २०२५ मा ४.८ प्रतिशत र सन् २०२६ मा ४.२ प्रतिशत रहने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ।

**तालिका २.१: विश्वको आर्थिक वृद्धिदर**

| अर्थतन्त्र | २०२४ | २०२५प्र |
|---|---|---|
| विश्व अर्थतन्त्र | ३.३ | ३.२ |
| विकसित अर्थतन्त्र | १.८ | १.६ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ४.३ | ४.२ |
| उदीयमान तथा विकासशील एसिया | ५.३ | ५.२ |
| उदीयमान तथा विकासशील युरोप | ३.५ | १.८ |
| ल्याटिन अमेरिका तथा क्यारेबियन | २.४ | २.४ |
| मध्यपूर्व तथा मध्य एसिया | २.६ | ३.५ |
| सब साहारा अफ्रिका | ४.१ | ४.१ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अक्टुबर २०२५*

२.१.३. सन् २०२५ मा नेपालीको प्रमुख वैदेशिक रोजगार गन्तव्य मुलुकहरूमध्ये अधिकांश मुलुकको आर्थिक वृद्धिदर केही वृद्धि हुने प्रक्षेपण छ।

**तालिका २.२: नेपालीहरूको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरूको आर्थिक वृद्धिदर**

| मुलुक | | |
|---|---|---|
| | २०२४ | २०२५प्र |
| यूएई | ४.० | ४.८ |
| साउदी अरेबिया | २.० | ४.० |
| कतार | २.४ | २.९ |
| कुवेत | -२.६ | २.६ |
| मलेसिया | ५.१ | ४.५ |
| रोमानिया | ०.८ | १.० |
| जापान | ०.१ | १.१ |
| दक्षिण कोरिया | २.० | ०.९ |
| क्रोएसिया | ३.९ | ३.१ |
| बहराइन | २.६ | २.९ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अक्टुबर २०२५*

२.१.४. सन् २०२४ को तुलनामा सन् २०२५ मा अधिकांश दक्षिण एसियाली देशहरूको आर्थिक वृद्धिदर केही बढ्ने प्रक्षेपण छ। दक्षिण एसियाली देशहरूमध्ये भुटानको आर्थिक वृद्धिदर सबैभन्दा धेरै ६.८ प्रतिशत र पाकिस्तानको सबैभन्दा कम २.७ प्रतिशत रहने प्रक्षेपण छ।

**तालिका २.३ः दक्षिण एसियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर**

| मुलुक | २०२४ | २०२५[प्र] |
|---|---|---|
| बंगलादेश | ४.२ | ३.८ |
| भुटान | ४.२ | ६.८ |
| भारत | ६.५ | ६.६ |
| माल्दिभ्स | ३.३ | ४.८ |
| नेपाल | ३.७ | ४.३ |
| पाकिस्तान | २.५ | २.७ |
| श्रीलङ्का | ५.० | ... |
| चीन | ५.० | ४.८ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अक्टुबर २०२५*

## २.२ मूल्य स्थिति

२.२.१. अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२४ मा ५.८ प्रतिशत रहेको विश्व मुद्रास्फीति सन् २०२५ मा ४.२ प्रतिशत रहने प्रक्षेपण छ।

२.२.२. विश्वका विकसित मुलुकहरूको मुद्रास्फीति सन् २०२४ मा २.६ प्रतिशत रहेकोमा सन् २०२५ मा २.५ प्रतिशत रहने प्रक्षेपण छ। त्यसैगरी, उदीयमान तथा विकासशील मुलुकहरूको मुद्रास्फीति सन् २०२४ मा ७.९ प्रतिशत रहेकोमा सन् २०२५ मा ५.३ प्रतिशत रहने कोषको प्रक्षेपण छ।

२.२.३. यसैगरी, विश्वका उदीयमान तथा विकासशील युरोपको मुद्रास्फीति सन् २०२५ मा सबैभन्दा धेरै १३.५ प्रतिशत र उदीयमान तथा विकासशील एसियाको मुद्रास्फीति दर सबैभन्दा कम १.३ प्रतिशत रहने अनुमान छ।

**तालिका २.४: विश्वको मुद्रास्फीति** (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)

| अर्थतन्त्र | २०२४ | २०२५[प्र] |
|---|---|---|
| विश्व अर्थतन्त्र | ५.८ | ४.२ |
| विकसित अर्थतन्त्र | २.६ | २.५ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ७.९ | ५.३ |
| उदीयमान तथा विकासशील एसिया | १.९ | १.३ |
| उदीयमान तथा विकासशील युरोप | १६.९ | १३.५ |
| ल्याटिन अमेरिका तथा क्यारेबियन | १६.६ | ७.६ |
| मध्यपूर्व तथा मध्य एसिया | १४.० | १०.९ |
| सब साहारा अफ्रिका | २०.३ | १३.१ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अक्टुबर २०२५*

सन् २०२४ को तुलनामा सन् २०२५ मा दक्षिण एसियाली मुलुकहरूमध्ये बङ्गलादेशको उपभोक्ता मुद्रास्फीति सबैभन्दा धेरै १० प्रतिशत र चीनको सबैभन्दा कम रहने प्रक्षेपण छ। सन् २०२४ को तुलनामा सन् २०२५ मा भारत र चीनको उपभोक्ता मुद्रास्फीति कम हुने प्रक्षेपण रहेको छ। सन् २०२४ मा भारत र चीनको उपभोक्ता मुद्रास्फीति क्रमशः ४.६ प्रतिशत र ०.२ प्रतिशत रहेकोमा सन् २०२५ मा २.८ प्रतिशत र ०.०१ प्रतिशत रहने प्रक्षेपण छ (तालिका २.५)।

**तालिका २.५: दक्षिण एसियाली मुलुक तथा चीनको मुद्रास्फीति** (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)

| मुलुक | २०२४ | २०२५[प्र] |
|---|---|---|
| बङ्गलादेश | ९.७ | १०.० |
| भुटान | ४.३ | २.४ |
| भारत | ४.६ | २.८ |
| मालदीभ्स | १.४ | ३.९ |
| नेपाल | ५.४ | ४.१ |
| श्रीलङ्का | १.२ | ... |
| पाकिस्तान | २३.४ | ४.५ |
| चीन | ०.२ | ०.०१ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अक्टुबर २०२५*

## २.३ नेपालको समष्टिगत आर्थिक स्थिति

२.३.१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको यथार्थ आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.६ प्रतिशत र प्रचलित मूल्यमा ४.० प्रतिशत रहने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.७ प्रतिशत र प्रचलित मूल्यमा ३.४ प्रतिशत रहने संशोधित अनुमान रहेको छ।

२.३.२. आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमश: २५.६ प्रतिशत, १२.४ प्रतिशत र ६२.० प्रतिशत रहने अनुमान छ। त्यसैगरी, प्रतिव्यक्ति कुल राष्ट्रिय आय (Per Capita GNI) १५१७ अमेरिकी डलर रहने प्रारम्भिक अनुमान छ।

## २.४ अन्तर प्रदेश तुलना

२.४.१. राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरूको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३६.५ प्रतिशत, कोशी प्रदेशको हिस्सा १५.९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.२ प्रतिशत रहेको छ।

२.४.२. कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै २१.५ प्रतिशत, मधेस प्रदेशको हिस्सा १९.२, लुम्बिनी प्रदेशको हिस्सा १७.५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.२ प्रतिशत रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.७ प्रतिशत कोशी प्रदेशको हिस्सा १९.९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.१ प्रतिशत रहेको छ। यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४५.४ प्रतिशत रहेको छ।

**तालिका २.६: प्रादेशिक आर्थिक परिसूचकहरू** (आर्थिक वर्ष २०८१/८२)

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ९७०.७४ | ८०३.९७ | २२३०.२३ | ५४८.१६ | ८६८.९० | २५५.५९ | ४२९.६३ | ६१०७.२२ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.९० | १३.१६ | ३६.५२ | ८.९८ | १४.२३ | ४.१९ | ७.०३ | १००.०० |
| आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) (प्रतिशत) | ३.३४ | ४.५० | ५.१८ | ५.५१ | ४.७० | ४.७४ | ३.३२ | ४.६१ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५१ | १९.२२ | १७.१२ | ९.६७ | १७.५४ | ५.२४ | ९.७१ | १००.०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.९४ | १०.९३ | ३१.६८ | ११.९८ | १५.४७ | ३.१३ | ६.८७ | १००.०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.७८ | ११.१७ | ४५.३९ | ८.०७ | १२.६३ | ३.९८ | ५.९८ | १००.०० |
| कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | | | | | | | | |
| कृषि क्षेत्र | ३४.०५ | ३६.७३ | ११.८० | २७.१० | ३१.०२ | ३१.५० | ३४.७२ | २५.१६ |
| उद्योग क्षेत्र | १६.०९ | १०.६६ | ११.१३ | १७.१३ | १३.९५ | ९.५८ | १२.५३ | १२.८३ |
| सेवा क्षेत्र | ४९.८५ | ५२.६१ | ७७.०७ | ५५.७७ | ५५.०२ | ५८.९१ | ५२.७५ | ६२.०१ |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय।*


# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८१/८२ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवं फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल २.२ प्रतिशतले घटेको छ। गत वर्ष यस्तो क्षेत्रफल १.० प्रतिशतले घटेको थियो।

**खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल २.७ प्रतिशतले घटेको छ। गत वर्ष यस्तो क्षेत्रफल १.१ प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा धान बालीले ढाकेको क्षेत्रफल १.३ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल ३.६ प्रतिशत र मकै बालीले ढाकेको क्षेत्रफल ३.६ प्रतिशतले बढेको छ। त्यसैगरी, कोदो बालीले ढाकेको क्षेत्रफल ८.० प्रतिशत, जौ बालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशत र फापर बालीले ढाकेको क्षेत्रफल १३.८ प्रतिशतले घटेको छ। गत वर्ष गहुँ बालीले ढाकेको क्षेत्रफल १.१ प्रतिशतले बढेको थियो भने धान बालीले ढाकेको क्षेत्रफल ०.६ प्रतिशत र मकै बालीले ढाकेको क्षेत्रफल ४.३ प्रतिशतले घटेको थियो। त्यसैगरी, कोदो बालीले ढाकेको क्षेत्रफल ७.९ प्रतिशत, जौ बालीले ढाकेको क्षेत्रफल १२.३ प्रतिशत र फापर बालीले ढाकेको क्षेत्रफल २१.३ प्रतिशतले घटेको थियो। समीक्षा वर्षमा समग्र कृषि बालीको क्षेत्रफलमा धान बालीको क्षेत्रफल सबैभन्दा धेरै २९.९ प्रतिशत र फापर बालीको सबैभन्दा कम ०.२ प्रतिशत रहेको छ (चार्ट ३.१)। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १(क) मा दिइएको छ।

**चार्ट ३.१ : प्रमुख खाद्यान्न बालीले ढाकेको भू-क्षेत्र (लाख हेक्टरमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास कार्यालयहरु*

**तरकारी :** समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल ५.४ प्रतिशतले र बागवानीले ढाकेको क्षेत्रफल १५.० प्रतिशतले बढेको छ। गत वर्ष तरकारी बालीले ढाकेको क्षेत्रफल १.६ प्रतिशतले बढेको थियो भने बागवानीले ढाकेको क्षेत्रफल ३.१ प्रतिशतले बढेको थियो।

**फलफूल :** समीक्षा वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल ८.३ प्रतिशतले घटेको छ। गत वर्ष फलफूल बालीले ढाकेको क्षेत्रफल ३.३. प्रतिशतले घटेको थियो।

**मसला :** समीक्षा वर्षमा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल ३.२ प्रतिशतले बढेको छ। गत वर्ष यस्ता बालीले ढाकेको क्षेत्रफल ०.८ प्रतिशतले बढेको थियो।

**प्रदेशगत स्थिति :** समीक्षा वर्षमा सुदूरपश्चिम प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल बढेको छ भने मधेश, बागमती, कोशी, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल

घटेको छ। तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने कर्णाली प्रदेशमा घटेको छ। समीक्षा वर्षमा कोशी, मधेस र बागमती प्रदेशमा फलफूल बालीले ढाकेको क्षेत्रफल घटेको छ भने गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बढेको छ। त्यसैगरी, समीक्षा वर्षमा मधेश, लुम्बिनी र कर्णाली प्रदेश बाहेक अन्य सबै प्रदेशमा मसला बालीले ढाकेको क्षेत्रफल बढेको छ। धान बालीले ढाकेको कुल क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (३६.५ प्रतिशत) रहँदा कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (१२.९ प्रतिशत) रहेको छ (अनुसूचीको तालिका १(ख)) ।

**तालिका ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र**

| प्रदेश | क्षेत्रफल (हेक्टर) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| कोशी | ८८५३८९.५ | ५३१२४.१ | ३०१०८.६ | २८०६४.७ | २१.५ | १५.७ | १८.३ | ३२.५ |
| मधेश | ८५५४६७.० | १०७१३२.० | ४७४३२.० | १४५३७.० | २०.८ | ३१.७ | २८.९ | १६.९ |
| बागमती | ५२८१५९.८ | ५७२६३.० | १५२२०.० | १००६९.३१ | १२.८ | १६.९ | ९.३ | ११.७ |
| गण्डकी | ३८३००५.५ | २४४०९.१ | १६०८७.५ | ७०३९.२९ | ९.३ | ७.२ | ९.८ | ८.२ |
| लुम्बिनी | ७६८९६८.३ | ४९९१५.५ | २६१९५.७ | १२११०.० | १८.७ | १४.८ | १६.० | १४.० |
| कर्णाली | २६५२०३.२५ | २०६२१.५ | १६३९०.० | ५४१६.० | ६.४ | ६.१ | १०.० | ६.३ |
| सुदूरपश्चिम | ४२८०२०.८ | २५६३३.२५ | १२७९०.० | ८९९२.० | १०.४ | ७.६ | ७.८ | १०.४ |
| **जम्मा** | **४११४२१४.१** | **३३८०९८.५** | **१६४२२३.७** | **८६२२८.३** | १०० | १०० | १०० | १०० |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास कार्यालयहरु*

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.५ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.४ प्रतिशत रहेको छ। तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.७ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.१ प्रतिशत रहेको छ। फलफूल बालीले ढाकेको क्षेत्रफलमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २८.९ प्रतिशत र सुदूरपश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम ७.८ प्रतिशत रहेको छ। यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी ३२.५ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.३ प्रतिशत रहेको छ (तालिका ३.१) ।


## ३.२ कृषि उत्पादन

समीक्षा वर्षमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी र फलफूल तथा मसला) को कुल उत्पादन ३.७ प्रतिशतले बढेको छ। आर्थिक वर्ष २०८०/८१ मा यस्ता बालीको उत्पादन २.६ प्रतिशतले बढेको थियो ।

**खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन २.८ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो उत्पादन २.० प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा धान बालीको उत्पादन ४.० प्रतिशत र मकै बालीको उत्पादन १.८ प्रतिशतले बढेको छ भने गहुँ बालीको उत्पादन ३.२ प्रतिशत, कोदो बालीको उत्पादन १३.७ प्रतिशत, जौ बालीको उत्पादन १४.१ प्रतिशत र फापर बालीको उत्पादन १६.१ प्रतिशतले घटेको छ। गत वर्ष धान बालीको उत्पादन ४.३ प्रतिशत, गहुँ बालीको उत्पादन ३.३ प्रतिशत र कोदो बालीको उत्पादन २.५ प्रतिशतले बढेको थियो भने मकै बालीको उत्पादन ३.२ प्रतिशत, जौ बालीको उत्पादन ५.० प्रतिशत र फापर बालीको उत्पादन १२.६ प्रतिशतले घटेको थियो। समग्र कृषि बालीको उत्पादनमा धान बालीको उत्पादन हिस्सा सबैभन्दा बढी, २३.२ प्रतिशत रहेको छ। यसैगरी, मकै र गहुँ

बालीको उत्पादनको हिस्सा समग्र कृषि उत्पादनमा क्रमशः १२.३ र ८.२ प्रतिशत रहेको छ (अनुसूची तालिका २(क)) ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीको उत्पादन (लाख मे. टनमा)**




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास कार्यालयहरु*

## धान बालीको उत्पादनको प्रवृत्ति

पछिल्लो वर्षहरुमा धान बालीको उत्पादकत्वमा सामान्य वृद्धि भएको छ । आधुनिक कृषि खेती तथा उन्नत बीउको प्रयोग र सिँचाइ सुविधाले धान बालीको उत्पादकत्वमा केही वृद्धि भएको हो । समीक्षा वर्षमा धान बालीको क्षेत्रफलमा कमी आए पनि रासायनिक मल र हाईब्रिड बीउबीजनको सहज उपलब्धताको साथै अनुकूल मौसमी वर्षाका कारण उत्पादनमा भने वृद्धि भएको छ (तालिका ३.२) ।

**तालिका ३.२: धान बालीको उत्पादन**

| आर्थिक वर्ष | क्षेत्रफल (हजार हेक्टरमा) | उत्पादन (हजार मेट्रिक टनमा) | उत्पादकत्व (मे.टन प्रति हेक्टर) |
|---|---|---|---|
| २०७०/७१ | १४८७ | ५०४७ | ३.४ |
| २०७१/७२ | १४२६ | ४७८९ | ३.४ |
| २०७२/७३ | १३६३ | ४२९९ | ३.२ |
| २०७३/७४ | १५५२ | ५२३० | ३.४ |
| २०७४/७५ | १४६९ | ५१५२ | ३.५ |
| २०७५/७६ | १४९२ | ५६१० | ३.८ |
| २०७६/७७ | १४५९ | ५५५१ | ३.८ |
| २०७७/७८ | १५०७ | ५६९६ | ३.८ |
| २०७८/७९ | १४७७ | ५१३२ | ३.५ |
| २०७९/८० | १४४७ | ५४८६ | ३.८ |
| २०८०/८१ | १४३८ | ५७२४ | ४.० |
| २०८१/८२ | १४१९ | ५९५४ | ४.२ |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय*

**तरकारी :** समीक्षा वर्षमा तरकारी उत्पादन १०.१ प्रतिशतले बढेको छ । गत वर्ष तरकारी उत्पादन ३.१ प्रतिशतले बढेको थियो ।

**फलफूल :** समीक्षा वर्षमा फलफूलको समग्र उत्पादन ३.३ प्रतिशतले घटेको छ । गत वर्ष फलफूल उत्पादन ११.७ प्रतिशतले बढेको थियो ।

**मसला :** समीक्षा वर्षमा मसला बालीको समग्र उत्पादन ०.७ प्रतिशतले बढेको छ । गत वर्ष यस्तो उत्पादन १.१ प्रतिशतले घटेको थियो ।

**प्रदेशगत स्थिति :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन कोशी, मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने बागमती, गण्डकी र कर्णाली प्रदेशमा घटेको छ । तरकारी उत्पादन कर्णाली प्रदेशमा बाहेक सबै प्रदेशहरुमा बढेको छ । फलफूलको उत्पादन बागमती, गण्डकी र मधेश प्रदेशमा घटेको छ भने कोशी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बढेको छ । धान बालीको कुल उत्पादनमा लुम्बिनी प्रदेशको हिस्सा सबैभन्दा बढी ३०.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम १०.३ प्रतिशत रहेको छ (अनुसूची तालिका २(ख)) ।

**तालिका ३.३ कृषि बालीको उत्पादन (मे.टन)**

| प्रदेश | उत्पादन (मेट्रिक टन) | | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| कोशी | ४२४४२२६.९ | ८३०९६९.५ | २४८७२८.२ | १५९५९७.७ | २३.१ | १६.३ | १७.३ | २१.७ |
| मधेश | ४४८२९८९.२ | १४६७५६७.० | ४९४७९७.२ | १५६१५५.६ | २४.४ | २८.८ | ३४.३ | २१.२ |
| बागमती | २१७४६२५.४ | १११९२२०.० | १७३८९५.२ | ९०२५८.० | ११.९ | २२.० | १२.१ | १२.३ |
| गण्डकी | १३४७५०४.८ | ३५७१९३.० | १०३४६६.८ | ६३९६९.९ | ७.३ | ७.० | ७.२ | ८.७ |
| लुम्बिनी | ३३८०३२७.१ | ७०२४३०.८ | २३३४२०.५ | १२५२३९.७ | १८.४ | १३.८ | १६.२ | १७.० |
| कर्णाली | ८४१९८१.१ | २८९५१८.० | ७९२३२.० | ५४९४२.५ | ४.६ | ५.७ | ५.५ | ७.५ |
| सुदूरपश्चिम | १८६८०५१.२ | ३२९१७३.१ | १०८१९३.० | ८५०३२.६ | १०.२ | ६.५ | ७.५ | ११.६ |
| **जम्मा** | **१८३३९७०५.६** | **५०९६०७१.४** | **१४४१७३२.८** | **७३५१९६.१** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास कार्यालयहरु*

खाद्य तथा अन्य बाली र फलफूल उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम रहेको छ (तालिका ३.३) । त्यसैगरी, तरकारी तथा बागवानी उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम रहेको छ । मसला बालीको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी र कर्णाली प्रदेशको सबैभन्दा कम रहेको छ ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुजन्य उत्पादन :** समीक्षा वर्षमा दूध उत्पादन १.० प्रतिशतले घटेको छ । गत वर्ष दूध उत्पादन १.७ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा मासु उत्पादन ०.३ प्रतिशतले घटेको छ भने गत वर्ष मासु उत्पादन १.० प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा अण्डा उत्पादन १.० प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा अण्डा उत्पादन २.० प्रतिशतले घटेको थियो । त्यसैगरी, समीक्षा वर्षमा ऊन उत्पादन २.० प्रतिशतले घटेको छ र छाला उत्पादन ६.५ प्रतिशतले घटेको छ (अनुसूची तालिका ३(क)) ।

**माछा उत्पादन :** समीक्षा वर्षमा माछा उत्पादन ७.७ प्रतिशतले बढेको छ । गत वर्ष माछा उत्पादन ३.८ प्रतिशतले बढेको थियो । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ३(क) मा दिइएको छ ।

**वनजन्य उत्पादन :** समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन ८.८२प्रतिशत, दाउरा उत्पादन ४.७ प्रतिशतले बढेको छ भने औषधिजन्य वस्तुको उत्पादन १.९ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा काठ उत्पादन १६.५ प्रतिशत र दाउरा उत्पादन २०.६ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन ५०.६ प्रतिशतले बढेको थियो (अनुसूची तालिका ४(क-ख)) ।


### तालिका ३.४ प्रमुख पशुपन्छी तथा माछा उत्पादन

| प्रदेश | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछा (मे.टन) | दूध | मासु | अण्डा | माछा |
| कोशी | ५०५२८१.९ | ७६३५०.९ | १५०६८४.५ | १०४९०.१ | १६.९ | १४.१ | ९.१ | १०.९ |
| मधेश | ६७४८०७.० | १४१६६२.० | ११८३४४ | ४८२८१.२ | २२.५ | २६.२ | ७.१ | ५०.४ |
| बागमती | ६७८३२१.६ | ९४७२६.३ | ७८७५९८.२ | ५५८४.९ | २२.६ | १७.५ | ४७.५ | ५.८ |
| गण्डकी | २५७१६८.५ | ५५३४६.१ | २५२९७५.६ | १६१७.४ | ८.६ | १०.२ | १५.३ | १.७ |
| लुम्बिनी | ५२९१०७.० | ८८३९५.५ | २३२२०९.५ | १७९७२.१ | १७.६ | १६.३ | १४.० | १८.७ |
| कर्णाली | ८१८४३.८ | ३५३७८.० | ३६६७८.५ | २९३.२७ | २.७ | ६.५ | २.२ | ०.३ |
| सुदूरपश्चिम | २७१९६९.२ | ४८८८३.० | ७९७३५.८ | ११६४७.१ | ९.१ | ९.० | ४.८ | १२.१ |
| **जम्मा** | **२९९८४९९.०** | **५४०७४१.९** | **१६५८२२६.१** | **९५८८६.०** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा कार्यालयहरु*

दूध उत्पादनको हिस्सा सबैभन्दा बढी बागमती प्रदेशमा (२२.६ प्रतिशत) र त्यसपछि लुम्बिनी र कोशी प्रदेशमा रहेको छ (तालिका ३.४)। मासु उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (२६.२ प्रतिशत) रहेको छ। अण्डा उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४७.५ प्रतिशत) रहेको छ। यसैगरी, माछा उत्पादनमा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी (५०.४ प्रतिशत) र त्यसपछि लुम्बिनी र सुदूरपश्चिम प्रदेशको रहेको छ (अनुसूची तालिका ३(ख))।

### चार्ट ३.३ : प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा





*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा कार्यालयहरु*

## ३.४ सिँचाइ

समीक्षा वर्षमा कुल सिँचित क्षेत्रफल २.० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष कुल सिँचित क्षेत्रफल २.१ प्रतिशतले बढेको थियो । कुल खेती गरिएको भू-भागमध्ये ४९.० प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ । देशको कुल खेतीयोग्य क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २३.३ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.० प्रतिशत रहेको छ (अनुसूची तालिका ५ (क-ख))।

**चार्ट ३.४ : सिँचाइ क्षेत्रफलमा भएको विस्तार (दश हजार हेक्टरमा)**




*स्रोत : ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु*

देशको कुल सिँचित क्षेत्रफलमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी, २१.६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम, ४.७ प्रतिशत रहेको छ (तालिका ३.५) ।

**तालिका ३.५ : सिँचित क्षेत्रफलमा प्रदेशगत हिस्सा**

| **प्रदेश** | **क्षेत्रफल** (हेक्टरमा) | **हिस्सा** (प्रतिशतमा) |
|---|---|---|
| कोशी | २९२६५४ | २१.६ |
| मधेश | २८७०७० | २१.२ |
| बागमती | १९९४२७ | १४.७ |
| गण्डकी | १५२२९३ | ११.२ |
| लुम्बिनी | २३८०९२ | १७.६ |
| कर्णाली | ६३०१८ | ४.७ |
| सुदूर पश्चिम | १२२५७२ | ९.० |
| **जम्मा** | **१३५५१२६** | **१००** |


*स्रोत: ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा ०.०४ प्रतिशतले घटेर रु.३ खर्ब ३६ अर्ब ७३ करोड पुगेको छ । अघिल्लो वर्षमा समेत यस्तो कर्जामा ०.८२ प्रतिशतले कमी आएको थियो । समीक्षा वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु.६१ अर्ब १९ करोड कर्जा पशुपालन/पशु बधशाला शीर्षकमा र सबैभन्दा कम सूर्तिमा रु.२० करोड ६५ लाख प्रवाह भएको छ (अनुसूची तालिका ६ (क-ख)) । कृषि क्षेत्रमा प्रवाहित कर्जामा कोशी प्रदेशको अंश १६.७ प्रतिशत,

मधेशको १८.७ प्रतिशत, बागमतीको ३६.२ प्रतिशत, गण्डकीको ७.१ प्रतिशत, लुम्बिनीको १५.० प्रतिशत, कर्णालीको १.५ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ४.७ प्रतिशत रहेको छ (चार्ट ३.५)।

**चार्ट ३.५ : कृषि कर्जाको प्रदेशगत हिस्सा (प्रतिशतमा)**




*स्रोत : सुपरिवेक्षकीय सूचना प्रणाली, नेपाल राष्ट्र बैंक*

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.६.१ चुनौती

प्रदेशगत रुपमा कृषि क्षेत्रका चुनौतीहरु केही फरक प्रकृतिका भएपनि अधिकांश चुनौतीहरु समान प्रकृतिका छन्। प्रदेशगत रुपमा विद्यमान रहेका चुनौतीहरु देहायबमोजिम तालिका ३.६ मा दिइएको छ।

**तालिका ३.६ : कृषि क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | कृषि क्षेत्रका चुनौती |
|---|---|
| कोशी | • दिगो तथा आत्मनिर्भरमुखी कृषि अर्थतन्त्रको निर्माण गर्न कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गरी यस क्षेत्रको व्यावसायीकरण गर्नु।<br>• व्यावसायिक कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि उन्नत प्रविधिको प्रयोग र व्यवसाय विस्तारका लागि अधिकतम किसानहरुको पहुँच पुग्ने गरी बैंक तथा वित्तीय संस्थामार्फत् सर्वसुलभ रूपमा कर्जा उपलब्ध गराई ब्याज अनुदान उपलब्ध गराउनु।<br>• युवा जनशक्तिलाई कृषिक्षेत्रमा आकर्षित गर्दै उनीहरुलाई यस क्षेत्रमा टिकाईराख्नका लागि कृषि क्षेत्रको व्यावसायिकरण, बजारीकरण, औद्योगिकरणको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नु। |
| मधेश | • कृषि उत्पादनका लागि उचित बजार तथा कृषि उपजको उचित मूल्य प्राप्तिको व्यवस्था गर्नु।<br>• मधेश प्रदेशमा वैदेशिक रोजगारीतर्फ आकर्षण बढेकाले कृषि क्षेत्रमा काम गर्ने जनशक्तिको अभाव र कृषि श्रमिकको लागतमा हुने वृद्धि कम गर्नु।<br>• मधेश प्रदेशमा अधिकांश खेती अझै पनि वर्षामा निर्भर रहेको हुँदा सिँचाई व्यवस्था मजबुत पार्न नदीनाला, भूमिगत जल स्रोतहरु, नहर प्रणालीहरुलाई व्यवस्थित गर्नु। |
| बागमती | • तरकारी तथा फलफूल उत्पादनको मूल्य प्रतिस्पर्धी बनाई किसानहरुलाई यस क्षेत्रमा टिकाईराख्नु।<br>• कृषि पूर्वाधारको विकास, प्राविधिकको सहज उपलब्धता, उन्नत बीउ तथा मल, सिँचाइ, कृषि कर्जा तथा अनुदानलगायत कृषकलाई आवश्यक सेवा प्रभावकारी रूपमा उपलब्ध गराउनु। |

| | |
|---|---|
| | • युवा वर्ग सहर वा विदेशतर्फ पलायन भई रहेकोले आवश्यक श्रमिक अभाव हुदै गईरहेको परिप्रेक्ष्यमा युवाहरूलाई कृषिप्रति आकषित गर्नु ।<br>• मौसम पूर्वानुमानलाई थप परिष्कृत एवम् अनुमानयोग्य बनाई कृषि बाली लगाउने, कृषि उपज काट्ने तथा वाली भित्र्याउने कार्यको व्यवस्थापन गर्नु ।<br>• कृषकदेखि उपभोक्तासम्मको आपूर्ति शृङ्खलालाई प्रभावकारी बनाई कृषक र उपभोक्तालाई अधिकतम लाभ उपलब्ध गराउनु । |
| गण्डकी | • वास्तविक कृषकको पहुँचमा कृषि भूमिको उपलब्धता सर्वसुलभ बनाउनु, कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मल, उन्नत विउ, प्रविधि, सिँचाइ, विद्युत इत्यादि सर्वसुलभ रुपमा उपलब्ध गराउनु, कृषि भूमिको संरक्षण तथा उपयोग गर्नु, जग्गा बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्नु, कृषि क्षेत्रमा श्रमिक टिकाउनु र बाँदर तथा वन्यजन्तुबाट हुने हानी नोक्सानी न्यूनीकरण गर्नु ।<br>• दुग्ध तथा मासुजन्य उत्पादन वृद्धिका लागि प्राविधिक सेवाको उपलब्धता र पहुँच वृद्धि गराउने, गुणस्तरीय उत्पादन सामाग्रीको सहज रुपमा उपलब्धता सुनिश्चित गराउने, पशुपन्छी तथा मत्स्य स्रोत केन्द्रको स्थापना तथा सुदृढीकरण गर्ने, घाँसमा आधारित पशुपालन प्रवर्द्धन गर्नु ।<br>• पशुपन्छीमा आधारित व्यवसायलाई प्रतिस्पर्धी र दिगो तुल्याउनु, पशु र पशुजन्य उपजको मुल्य निर्धारण प्रक्रिया वैज्ञानिक र व्यवहारिक बनाउनु तथा पशुपालन क्षेत्रमा देखिएका महामारीजन्य रोग तथा जलवायुजन्य जोखिम न्यूनीकरण गर्नु ।<br>• सुलभ ब्याजदरमा कृषि ऋणको उपलब्धता, कृषि बीमाको दावी प्रक्रृयालाई सहज बनाउनु, उत्पादन तथा प्रतिफलमा आधारित अनुदान तथा उत्पादित कृषि उपजको बजारलाई सुनिश्चित गर्नु । साथै, अन्य देशहरुबाट आयात हुने कृषि तथा पशुजन्य उत्पादनलाई निरुत्साहित गरी देशकै उत्पादनलाई प्रोत्साहित गर्नु । |
| लुम्बिनी | • सिंचाई सुविधाको अभाव, गुणस्तरीय बीउविजन समयमा नै प्राप्त नहुने तथा रासायनिक मलको न्यून उपलब्धताको कारण कृषि उत्पादकत्व बढाउनु ।<br>• कृषि तथा पशुजन्य उत्पादनहरुले उचित मूल्य नपाउने, कृषि उपज भण्डारणका लागि शीत भण्डार तथा कृषि उत्पादनलाई प्रशोधन गर्ने उद्योगको अभावका कारण उत्पादन नबिक्ने तथा बिग्रने भएकाले कृषि पेशामा संलग्न कृषकलाई टिकाइराख्न तथा नयाँलाई यस पेशातर्फ आकर्षित गर्नु ।<br>• पशुपन्छी तथा माछापालनको लागि आवश्यक दाना सुलभ मूल्यमा उपलब्धता गराई पशुपन्छीजन्य उत्पादन तथा माछा उत्पादनमा प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु । |
| कर्णाली | • अर्गानिक तथा रैथाने कृषि उपजहरुको पर्याप्त बजार पहुँच र प्रभावकारी वितरणका लागि आवश्यक पर्याप्त यातायात सुविधा, चिस्यान केन्द्र लगायतका भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गर्नु ।<br>• यस प्रदेशको अधिकांश हिस्सा ओगटेको परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक कृषि प्रणालीमा रुपान्तरण गर्नु ।<br>• मौसम प्रतिकुलताका कारण कृषि बालीमा पर्न जाने प्रभाव न्यूनीकरण गर्नका लागि जलवायु अनुकुल वातावरणको विकास गर्नु । |
| सुदूरपश्चिम | • सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदानलाई अभिवृद्धि गर्न यस क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र विविधिकरण मार्फत agri-business linkage स्थापित गर्नु ।<br>• पहाडी तथा हिमाली जिल्लाहरुबाट भईरहेको बसाईसराईले तराईको खेतीयोग्य जमिनको खण्डिकरण तथा हिमाली र पहाडी जिल्लाहरुमा जग्गा बाँझो रहन गई समग्र कृषि उत्पादनमा ह्रास भईरहेको परिप्रेक्ष्यमा बसाईसराई नियन्त्रण गरी खेतीयोग्य जमिन खण्डिकरण तथा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु ।<br>• भारतबाट कृषि उपजहरुको अवैध आयात निरुत्साहित गरी स्थानीय कृषकहरूले सस्तोमा आफ्नो कृषि उत्पादन बेच्नु पर्ने समस्याको निराकरण गर्नु । |

| | |
|---|---|
| | • गुणस्तरीय बीउवीजन र मलखाद, सिँचाइ लगायत सेवाहरु दिगो एवं सर्वसुलभ रुपमा उपलब्ध गराउनु तथा कृषि उपजको वितरणमा विचौलियाको प्रभुत्व हटाउनु । |

### ३.६.२ सम्भावना

प्रदेशगत रुपमा भौगोलिक तथा मौसमी विविधताले गर्दा विभिन्न प्रकारका कृषि उपजहरु उत्पादन गर्न सकिने प्रचुर सम्भावना रहेको छ । यातायात, सञ्चार र आधुनिक डिजिटल प्रविधिको प्रयोग गरी कृषि उपजको प्रभावकारी बजारीकरण गर्न सकिने सम्भावना रहेको छ । यसका साथै, हरेक प्रदेशले भौगोलिक विविधताअनुरुप तुलनात्मक लाभ भएका कृषि उपज उत्पादन गरी अन्तर-प्रदेश कृषि व्यापार प्रवर्द्धन गर्न सकिने सम्भावना समेत रहेको छ । प्रदेशगत रुपमा रहेका सम्भावनाहरुलाई तालिका ३.७ मा दिइएको छ ।

**तालिका ३.७ : कृषि क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | कृषि क्षेत्रका सम्भावना |
|---|---|
| कोशी | • प्रदेशका १३ वटा जिल्लाहरुमा संघको सशर्त अनुदान अन्तर्गत सिँचाई आधुनिकीकरण अभिवृद्धि आयोजना (IMEP) चालु अर्थिक वर्ष २०८२/८३ देखि कार्यान्वयनमा आउने भएकाले समग्र कृषि उत्पादनमा सिँचाई सुविधा वृद्धि भई उत्पादन र उत्पादकत्वमा वृद्धि हुन सक्ने ।<br>• फलफूलबालीको विकास र विस्तारका लागि Nuts and Fruits in Hilly Areas Project (NAFHA) फलफुल बाली लक्षित आयोजना लागु हुने भएकाले इलाम, पाँचथर, धनकुटा, संखुवासभा जस्ता जिल्लाहरूमा विस्तार हुँदै गएको व्यावसायिक सुन्तला, किवी, एभोकाडो खेतीलाई प्रर्वद्धन गर्न सके कृषिजन्य आयातलाई प्रतिस्थापन गर्न सकिने ।<br>• “स्वस्थ माटो, स्वच्छ बाली” अभियान अन्तर्गत माटो जाँच गरी माटोको गुणस्तर सुधारका लागि प्राङ्गारीक मल उत्पादन तथा प्रयोगमा प्रोत्साहन गर्न स्थानीय निकायसँगको सहकार्यमा प्राङ्गारिक खेती प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन हुने भएकाले प्राङ्गारिक खेतीको विकास र विस्तार भई रैथाने बालीको प्रवर्द्धन र विकास हुन सक्ने । |
| मधेश | • जनसंख्याको हिसाबले दोश्रो स्थानमा रहेको र श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपतको लागि बजार रहनु ।<br>• कृषिमा अधारित उद्योग स्थापना गर्ने, परम्परागत खेती, संस्कृति र ग्रामीण जीवनशैलीलाई जोडेर कृषि पर्यटन प्रवर्द्धन (Agro Tourism) गरी अतिरिक्त आम्दानी गर्न सकिने ।<br>• प्रमुख कृषि उत्पादनको रुपमा रहेको उखु उत्पादन तथा उखुको गुणस्तर सुधार गर्नुका साथै जैविक तरकारी र फलफूलको (Organic farming) उत्पादन बढाउन सकिने । |
| बागमती | • स्थानीय सरकारको पहलमा बागमती प्रदेशका पहाडी जिल्लामा बाँझो जमिनलाई नगदे बालीका लागि व्यवस्थित रूपमा उपयोग गर्न सके कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व दीर्घकालीन रूपमा वृद्धि हुन सक्ने ।<br>• कृषि पर्यटन, ग्रामीण विद्युतीकरण (कृषि फर्मलाई सहयोग हुने गरी), कृषि सूचना प्रविधिसँग सम्बन्धित कार्यक्रम तथा नवीन प्रविधिमार्फत व्यावसायिक कार्यक्रम ल्याई पर्यटकहरूलाई Agrotourism तर्फ आकर्षित गर्न सकिने ।<br>• पशुपन्छीका संक्रामक रोगहरूको जोखिम बढिरहेको अवस्थामा समयमा नै रोगको निदान गरी उपचार गर्न प्रदेशस्तरमा राष्ट्रियस्तरको प्रयोगशाला स्थापना गर्न सके यस प्रदेशमा पशुपालनको प्रचुर सम्भावना रहेको । |
| गण्डकी | • नेपालको संविधानले खाद्य सुरक्षा, कृषि र भूमिसुधारलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको हुँदा कृषि क्रान्तिको लागि बलियो कानुनी आधार प्रदान भएको छ जसले यो क्षेत्रको सम्भावना बढेको । |

| | |
|---|---|
| | • जग्गा/जमिन भाडामा लिई कृषि र उद्योग व्यवसाय गर्न प्रोत्साहन गर्न भूमी बैंकको अवधारणा शीघ्र कार्यान्वयन भएमा यस क्षेत्रको स्याङ्जा, गोरखा, पर्वत लगायतका जिल्लामा रहेका बाँझो जमिन उपयोगमा आई समग्र प्रदेशको कृषि उत्पादनमा वृद्धि हुन सक्ने ।<br>• प्रदेशका मनाङ र मुस्ताङ जिल्लामा स्याउ, कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा सुन्तला तथा नवलपरासी (पूर्व) मा आँप तथा केरा खेतीको उच्च सम्भावना रहेको छ । साथै, उच्च पहाडी जिल्लाहरुमा यार्सागुम्बा लगायतका जडीबुटीबाट समेत राम्रो आम्दानी गर्न सकिने ।<br>• उच्च पहाडी क्षेत्रहरूमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसायलाई थप व्यवस्थित र प्रवर्द्धन गरी ऊन, दुध, छुर्पी र मासुको उत्पादन वृद्धि गर्न सकिने सम्भावना छ भने अन्य पहाडी जिल्लाहरूमा व्यावसायिक बाखापालन, गाई/भैंसीपालनको सम्भावना रहेको । |
| लुम्बिनी | • सिँचाइमा सुधार, कृषि वन प्रवर्द्धन, माछा उत्पादनको लागि कृत्रिम जलाशय विस्तार गर्ने जस्ता कार्यक्रमहरु रहेको हुँदा प्रदेशको कृषि, वनजन्य तथा पशुपन्छीजन्य उत्पादनहरु बढ्न सक्ने ।<br>• भौगोलिक विविधतायुक्त यस प्रदेशमा पशुपन्छीका लागि अनुकूल वातावरण रहेका कारण खाद्यान्न, तरकारी, फलफूल तथा पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निकासी गर्न सकिने ।<br>• निजी जग्गामा समेत टिमुर, तेजपात, अमला, सुगन्धकोकीला लगायतका जडिबुटी खेतीतर्फ किसानहरु आकर्षित भएकोले जडिबुटीजन्य उत्पादन तथा उद्योग स्थापनामा वृद्धि हुन सकिने ।<br>• कृषिको लागि समयमै उन्नत बीउविजन तथा मलको उपलब्धता, सिँचाई सुविधा, कृषि तथा पशुपालन व्यवसायमा देखिने रोगहरुको समयमै रोकथाम तथा नियन्त्रण, पहाडी भागहरुमा बाँदर, बदेल तथा अन्य वन्यजन्तुबाट कृषि तथा पशुपालनमा हुने क्षतिलाई नियन्त्रण गर्न सकेको खण्डमा कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि हुने सम्भावना रहेको । |
| कर्णाली | • उच्च मूल्यका निर्यातयोग्य रैथाने कृषि वस्तुहरुको उत्पादन बढाई तिनको ब्राण्डिङ्ग गरी अन्तराष्ट्रिय बजारमा निर्यात गर्न सकिने ।<br>• आम मानिसको स्वास्थ्यप्रतिको चासो र वातावरणीय सचेतना बढ्दै जानु जसको फलस्वरुप, स्थानीय तथा अन्तर्राष्ट्रिय बजारमा अर्गानिक वस्तुहरुको माग बढ्दै गईरहेको परिप्रेक्ष्यमा अर्गानिक वस्तुहरुको उत्पादन गरी मुनाफा आर्जन गर्न सकिने ।<br>• कृषि तथा जडिबुटीजन्य कच्चा पदार्थको भण्डार भएकाले यस प्रदेशमा कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सिर्जना गर्न सकिने ।<br>• जुम्ला लगायतका हिमाली जिल्लामा व्यावसायिक स्याउ, सिमी, ओखर खेती, मार्सि धान तथा अन्य पहाडी जिल्लाहरु दैलेख, सुर्खेत, कालिकोट, सल्यानमा व्यावसायिक सुन्तला, केरा, आँप खेतीको उच्च सम्भावना रहेको । |
| सुदूरपश्चिम | • प्रदेशको कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४) को प्रभावकारी कार्यान्वयबाट कृषि क्षेत्रमा यान्त्रिकीकरण र आधुनिकीकरण, भूमिको बैज्ञानिक उपयोग, विशिष्टिकृत कृषि प्रणालीको विकास हुने सम्भावना रहेको ।<br>• प्रदेशको समथर भुभाग कैलाली र कञ्चनपुर जिल्लामा कृषियोग्य जमिनको चक्लाबन्दी गरी धान, गहुँ र तेलहनको उत्पादन एवं उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको छ । साथै, डडेल्धुरा, बैतडी लगायतका पहाडी जिल्लाहरुमा मकै, तरकारी, अदुवा खेतीको सम्भावना रहेको ।<br>• प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरुमा स्याउ, सुन्तला खेती तथा कैलाली र कञ्चनपुरमा आँप तथा केरा खेतीको उच्च सम्भावना रहेको छ । साथै, उच्च पहाडी तथा हिमाली जिल्लाहरुमा जडीबुटीहरुबाट राम्रो आम्दानी गर्न सकिने ।<br>• मौरीपालन लागि सुहाउँदो हावापानी, कृषकहरुको आधुनिक मौरीपालनमा आकर्षण तथा महको बढ्दो मागको कारण उत्पादन बढाउन सकिने । |

# परिच्छेद ४ : उद्योग क्षेत्र

## ४.१ उद्योगको विवरण

आर्थिक वर्ष २०८१/८२ मा उद्योग विभागमा पर्यटन क्षेत्रमा २३५, सेवा अर्न्तगत ११०, उत्पादनमूलक क्षेत्रमा १०६, ऊर्जामा ३८, सूचना तथा प्रविधिमा १८५, कृषि तथा वनमा १२, पूर्वाधारमा २ र खनिजजन्यमा १२ गरी कुल ७०० उद्योगहरु दर्ता भएका छन् । यसमध्ये ६८ वटा ठूला, ५४ वटा मझौला र ५७८ वटा साना उद्योगहरु रहेका छन् । उक्त उद्योगहरुमा रु. २५ खर्ब ८१ अर्ब १८ करोडको कुल पूँजी परिचालन भई ३५ हजार १ सय ४१ रोजगारी प्रस्ताव गरिएको छ ।

**तालिका ४.१ : आ.व. २०८१/८२ मा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण**

| प्रदेश | उद्योगको संख्या | कुल पूँजी (रु. दश लाखमा) | कुल स्थिर पूँजी (रु. दश लाखमा) | चालु पूँजी (रु. दश लाखमा) | रोजगारी |
|---|---|---|---|---|---|
| कोशी | ४२ | ८२४७८४.४३५ | ७८९४६७.८ | ३५३१६.६५६ | २७९६ |
| मधेश | ३० | १६४९३५.३७१४ | १२११६३.२ | ४३७७२.१८३ | ३३४६ |
| बागमती | ५४३ | ७१९७३८.१०९ | ५४९४७४.७ | १७०२६३.४२ | २४०९३ |
| गण्डकी | ३० | २६२७२६.९५१९ | २४३४६९.७ | १९२५७.२६९ | ८१४ |
| लुम्बिनी | ४३ | २६३८०६.४३९६ | २३७७२१.८ | २६०८४.६५ | ३४२४ |
| कर्णाली | १ | २३५९५२.५२०७ | २३३७७२.५ | २१७९.९७५७ | ६९ |
| सुदूरपश्चिम | ११ | १०९२४१.०११६ | १०५४८९ | ३७५२.०३९९ | ५९९ |
| **जम्मा** | ७०० | २५८११८४.८४ | २२८०५५९ | ३००६२६.२ | ३५१४१ |

*स्रोत : उद्योग विभाग, २०८१/८२*

आर्थिक वर्ष २०८१/८२ मा दर्ता भएका कुल ७०० उद्योगहरु मध्ये ५४३ उद्योग बागमती प्रदेशमा दर्ता भएका छन् ।

**तालिका ४.२ : उद्योग दर्ताको प्रदेशगत विवरण**

| प्रदेश | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|
| कोशी | ३० | ३२ | ४२ | ३९ | २४ | ४२ |
| मधेश | १८ | २१ | ४८ | ३६ | २४ | ३० |
| बागमती | १७७ | ८९ | १३१ | १६९ | २९० | ५४३ |
| गण्डकी | २९ | २९ | २४ | २९ | ३३ | ३० |
| लुम्बिनी | २० | २५ | ५१ | ४२ | ३८ | ४३ |
| कर्णाली | २ | ० | ३ | ० | ० | १ |
| सुदूरपश्चिम | १ | ७ | १० | ७ | २५ | ११ |
| **जम्मा** | २७७ | २०३ | ३०९ | ३२२ | ४३४ | ७०० |

*स्रोत : उद्योग विभाग, २०८१/८२*


## ४.२ उद्योगको क्षमता उपयोग तथा उत्पादन

समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४४.५ प्रतिशत रहेको छ । गत आर्थिक वर्ष २०८०/८१ मा औसत क्षमता उपयोग ४८.३ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगमध्ये टायर तथा ट्यूव उद्योगको क्षमता उपयोग सबैभन्दा बढी (९०.७) प्रतिशत रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम (१.१० प्रतिशत) रहेको छ ( अनुसूची तालिका ७ (क)) ।

अध्ययनले समेटेका उद्योगहरुमध्ये वनस्पती घिउ, भटमासको तेल, विस्कुट, चाउचाउ, वियर, चुरोट, सिन्थेटिक कपडा, लत्ता कपडा अन्तर्गत अन्य, कच्चा छाला, प्लाईउड, ट्याब्लेट औषधी, क्याप्सुल, ओइन्टमेन्ट, ड्राई सिरप, लिक्वीड, साबुन, प्लास्टिकका सामान, फलामको छड तथा पत्ति, स्टिलजन्य

उत्पादन, जि.आई.पाईप र टान्सफर्मर उत्पादन गर्ने उद्योगको क्षमता उपयोग बढेको छ। तोरीको तेल, प्रशोधित दुध, चामल, गहुँको पिठो, पशुदाना, चिनी, चकलेट, प्रशोधित चिया, मदिरा, हल्का पेय पदार्थ, धागो, पश्मिना, गार्मेन्ट, जुटका सामान, चिरेको काठ, कागज, रोजिन, रंग, पोलिथिन पाइप, ईटा, सिमेन्ट, कंक्रीट, जि आई तार, घरेलु धातुका सामान, आल्मुनियम उत्पादन, बिजुलीका तार र केबुल, टायर तथा ट्यूव, चप्पल र बिजुली उत्पादन गर्ने उद्योगको क्षमता उपयोग घटेको छ।


**चार्ट ४.१ : प्रमुख उद्योगको क्षमता उपयोग (प्रतिशतमा)**




*स्रोत : अध्ययनमा समेटिएका उद्योगहरु।*

सातै वटा प्रदेशको अघिल्लो आर्थिक वर्ष र समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगको औसत क्षमता उपयोग चार्ट ४.२ मा देखाइएको छ। समीक्षा वर्षमा मधेश र कर्णाली प्रदेशको उद्योगको औसत क्षमता उपयोग बढेको छ भने कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको उद्योगको औसत क्षमता उपयोग घटेको छ।

**चार्ट ४.२ : प्रदेशगत क्षमता उपयोग (प्रतिशतमा)**





*स्रोत : अध्ययनमा समेटिएका उद्योगहरु।*

### ४.३ क्षेत्रगत औद्योगिक कर्जा

बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा ११.९५ प्रतिशतले वृद्धि भई रु.१६ खर्ब ९९ अर्ब ४९ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ९.३५ प्रतिशतले बढेको थियो ।

कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३०.४२ प्रतिशत रहेको छ। औद्योगिक कर्जामध्ये सबैभन्दा बढी गैर-खाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३५.२७ प्रतिशत, विद्युत ग्याँस तथा पानीसम्बन्धी उद्योगमा २६.२६ प्रतिशत, कृषि, वन तथा पेय पदार्थसम्बन्धी उद्योगमा २१.८५ प्रतिशत, निर्माणसम्बन्धी उद्योगमा ११.७० प्रतिशत, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ४.२३ प्रतिशत र सबैभन्दा कम खानीसम्बन्धी उद्योगमा ०.६९ प्रतिशत कर्जा प्रवाह भएको छ।

**चार्ट ४.३ : औद्योगिक कर्जा लगानी स्थिति (रु.दश लाखमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी रु.१२ खर्ब ८० अर्ब ९७ करोड कर्जा लगानीमा रहेको छ। त्यसपछि कोशी र लुम्बिनी प्रदेशको हिस्सा क्रमशः दोस्रो र तेस्रो क्रममा रहेको छ।


**तालिका ४.३ : प्रदेशगत औद्योगिक क्षेत्र कर्जा**

| प्रदेश | रकम (रु. करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| कोशी | १६,०६४.६ | ९.५ |
| मधेश | १२,८०९.८ | ७.५ |
| बागमती | १२१,१०५.३ | ७१.३ |
| गण्डकी | २,७९१.४ | १.६ |
| लुम्बिनी | १४,१०२.६ | ८.३ |
| कर्णाली | ४०३.९ | ०.२ |
| सुदूरपश्चिम | २,६७२.० | १.६ |
| **जम्मा** | **१६९,९४९.६** | **१००.०** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०८२*

औद्योगिक कर्जामा कोशी प्रदेशमा प्रवाहित कर्जाको हिस्सा ९.५ प्रतिशत, मधेश प्रदेशको ७.५ प्रतिशत, बागमती प्रदेशको ७१.३ प्रतिशत, गण्डकी प्रदेशको १.६ प्रतिशत, लुम्बिनी प्रदेशको ८.३ प्रतिशत, कर्णाली प्रदेशको
०.२ प्रतिशत र सुदूरपश्चिम प्रदेशको १.६ प्रतिशत रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ९ (क-ख) मा प्रस्तुत गरिएको छ ।

**चार्ट ४.४ : औद्योगिक कर्जामा प्रदेशगत कर्जाको हिस्सा (प्रतिशत)**




*स्रोत : सुपरिवेक्षकीय सूचना प्रणाली, नेपाल राष्ट्र बैंक*

## ४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.४.१. चुनौती

नवीनतम उद्योगको स्थापना तथा सञ्चालनमा प्रक्रियागत जटिलता हुनु, सडक पूर्वाधार समयमै पुनर्निर्माण नहुँदा कच्चा पदार्थ ढुवानी र उत्पादित वस्तुको बजारीकरणमा समस्या उत्पन्न हुनु, युवाहरु विदेश पलायन हुनाले श्रमिकको कमी हुनु तथा सरकारले पुँजीगत खर्च गर्न नसकेको कारणले औद्योगिक क्षेत्रमा अझै पनि चुनौतीहरु रहेका छन् । उद्योग क्षेत्रका अन्य प्रदेशगत चुनौती तालिका ४.४ मा दिइएको छ ।

**तालिका ४.४ : उद्योग क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
|---|---|
| कोशी | • नेपालमै उत्पादन हुने कतिपय वस्तुहरूका लागि आवश्यक सङ्कलन केन्द्र तथा शीत भण्डार जस्ता आवश्यक पूर्वाधारहरूको अभाव भई वस्तुको आपूर्तिमा समस्या देखिएकाले सो क्षेत्रको विकासमा लगानीको वातावरण बनाई आपूर्तिलाई नियमित गर्नु ।<br>• देशको वर्तमान परिस्थिति र राजनीतिक अवस्थाले उद्योगीहरुले आफ्नो शान्ति सुरक्षाको अभाव महशुस गरिराखेको अवस्थामा शान्ति सुरक्षाको सुनिश्चितता र प्रत्याभुति दिनु ।<br>• दक्ष जनशक्ति पलायन भईराखेको वर्तमान अवस्थामा उद्योगहरुमा उक्त जनशक्तिलाई टिकाई राखेर उत्पादन र उत्पादकत्व वृद्धि गर्नु । |
| मधेश | • स्थानीय औद्योगिक उत्पादनलाई प्रतिस्पर्धी बनाउनु तथा अवैध व्यापार नियन्त्रण गर्नु ।<br>• उद्योगको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी बाह्य उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउनु ।<br>• उद्योग/व्यवसायको क्रियाकलापलाई स्वच्छ र पारदर्शी बनाई सर्वसाधारणबाट समेत ठूलो मात्रामा पुँजी परिचालन गर्न आवश्यक विश्वासको वातावरण तयार गर्नु । |

| | |
|---|---|
| | • औद्योगिक उत्पादन लागत न्यून गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।<br>• औद्योगिक क्षेत्रमा मैत्रीपूर्ण श्रमसम्बन्ध विकास गरी गैर व्यापारिक तथा गैर व्यावसायिक जोखिम न्यूनीकरण गर्नु । |
| बागमती | • प्राकृतिक प्रकोपका कारण क्षतिग्रस्त सडक पूर्वाधार समयमै पुनर्निर्माण नहुँदा कच्चा पदार्थ ढुवानी र उत्पादित वस्तुको बजारीकरणमा समस्या उत्पन्न भई उद्योगहरूको सञ्चालन खर्च बढेकोले समयमै सडकहरूको पुनर्निर्माण/स्तरोन्नति गरी ढुवानी सहज बनाउनु ।<br>• जग्गाको मूल्यमा भएको अधिक वृद्धि, उद्योग स्थापना तथा सञ्चालनको लागि आवश्यक पूर्वाधारहरू (जस्तैः सडकमार्ग, पानी, फोहोर व्यवस्थापन, श्रमशक्ति, बजारीकरण) को अभावमा नयाँ उद्योग स्थापना तथा सञ्चालन गर्नु ।<br>• धितोमा आधारित कर्जा विस्तार पद्धतिले साना तथा मझौला उद्योगका लागि वित्तीय स्रोत उपलब्ध गराउनु ।<br>• सञ्चालित उद्योगहरूको कच्चा पदार्थको लागि आयातमा भर पर्नु परिरहेको अवस्थामा कच्चा पदार्थमा परनिर्भरता कम गर्नु । |
| गण्डकी | • प्रदेशमा ठूला औद्योगिक क्षेत्र स्थापना तथा उद्योगको लागि चाहिने आधारभूत पूर्वाधार जस्तैः यातायात, सञ्चार र बिजुली इत्यादिको व्यवस्था गर्नु ।<br>• उद्योगको लागि आवश्यक प्राविधिक तथा सिपमूलक जनशक्तिको व्यवस्थाका साथै अत्यावश्यक कच्चा पदार्थको आपूर्ति सहज गर्नु ।<br>• आयात प्रतिस्थापन तथा प्रादेशिक तहमा तुलनात्मकरुपमा बढी लाभ लिन सक्ने वस्तु तथा सेवाको पहिचान, उत्पादन र ब्राण्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्नु । |
| लुम्बिनी | • नियमित विद्युत प्रवाहमा हुने अवरोध, कच्चा पदार्थको सहज उपलब्ध नहुने कारणले उद्योगहरु पूर्ण क्षमतामा संचालन हुन नसकिरहेकोले सो अवरोधको व्यवस्थापन गरी उद्योगलाई पूर्ण क्षमतामा सञ्चालन गर्ने वातावरण बनाउनु ।<br>• नेपालका युवा तथा दक्ष जनशक्ति विदेश पलायन हुने क्रम बढीरहेको अवस्थामा युवा तथा दक्ष जनशक्ति लाई विदेश पलायन हुनबाट रोकी स्वदेशी उद्योगमा जनशक्तिको रुपमा प्रयोग गर्नु ।<br>• अस्थिर राजनैतिक वातावरण तथा विभिन्न आन्दोलनका कार्यक्रमले उद्योग व्यवसायलाई नकारात्मक प्रभाव पार्ने भएकाले औद्योगिक क्षेत्रमा शान्ति सुरक्षा कायम राख्नु । |
| कर्णाली | • प्रदेशमै उपलब्ध कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्नु तथा औद्योगिक क्षेत्र एवम् औद्योगिक ग्रामको विकास र विस्तार गर्नु ।<br>• उद्योगहरुको संख्या कम हुनु र सञ्चालनमा रहेका उद्योगहरु पनि आवश्यक पूर्वाधारहरुको अभावका कारणले न्यून क्षमतामा सञ्चालनमा रहेको अवस्थामा आवश्यक पूर्वाधारहरुको विकास गरी उद्योगहरुको क्षमता उपयोग अभिवृद्धि गर्नु ।<br>• वित्तीय स्रोतको सीमितताका बाबजुद औद्योगिक क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गर्नु । |
| सुदूरपश्चिम | • प्रदेशमा सञ्चालनमा रहेका अधिकांश उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको अवस्थामा उद्योगहरुलाई पूर्णरुपमा सञ्चालन गर्ने वातावरणको सिर्जना गरी औद्योगिक उत्पादनमा वृद्धि गर्नु ।<br>• सञ्चालनमा रहेका उद्योगहरुबाट उत्पादित वस्तुहरुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गरी आयात प्रतिस्थापन गर्नु । |

| | |
|---|---|
| | • कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी आदि उद्योग सञ्चालनका लागि चुनौतीको रुपमा रहेको । <br> • स्थानीय रुपमा उपलब्ध स्रोत तथा साधनहरुको उपयोग गरी प्रदेशका दुर्गम क्षेत्रहरुमा लगानी वृद्धि गरी उद्योग तर्फ लगानी आकर्षित गर्नु । |

### ४.४.२. सम्भावना

प्राकृतिक स्रोतहरुको उपलब्धता, तुलनात्मक रुपमा सस्तो जनशक्ति, बढ्दो बैंकिङ पहुँच, घट्दै गरेको ब्याजदर, स्वदेशी वस्तुको उत्पादन र प्रयोगमा सरकारको प्राथमिकता, बढ्दै गएको प्रविधिको प्रयोग, कृषिजन्य उत्पादन प्रचुर मात्रामा हुने भएकाले उद्योग क्षेत्रमा राम्रो सम्भावना रहेको छ । सिमेन्ट, स्टील, चिया, जस्तापाता, पेन्ट, विद्युतीय केबल तथा कण्डक्टर लगायतका उद्योगहरु आत्मनिर्भरतातर्फ उन्मुख भएकाले यस्ता उत्पादनको आयात घट्दै गई निर्यात प्रवर्द्धन गर्न सकिने सम्भावना छ । उद्योग क्षेत्रका अन्य प्रदेशगत सम्भावना तालिका ४.५ मा दिइएको छ ।

**तालिका ४.५ : उद्योग क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सम्भावना |
|---|---|
| कोशी | • प्रदेशको भौगोलिक स्थिति दुवै ठूला अर्थतन्त्र भएका छिमेकी देशहरुसँग जोडिएकोले गर्दा उत्पादन बढाई वैदेशिक व्यापारमा समेत विस्तार गर्न सकिने । <br> • प्रदेश सरकार अन्तर्गत दर्ता भएका उद्योगमा प्रस्तावित कुल लगानी र कुल प्रस्तावित रोजगारी बढाईएकोले उत्पादन र रोजगारी बढन सक्ने । <br> • प्राकृतिक जडिबुटीले भरिपूर्ण भएको यस प्रदेशका पहाडी जिल्लामा जडीबुटी खेतीको विस्तारका साथै आयुर्वेद उद्योगको स्थापना गर्न सकिने । |
| मधेश | • मधेश प्रदेश भारतको सीमावर्ती क्षेत्रमा भएकाले उत्पादन बढाई भारतको ठूलो बजारमा पहुँच पुग्ने । <br> • बजार, श्रमशक्ति लगायत भौगोलिक रुपले औद्योगिक विकासको सम्भावना बोकेको स्थानलाई औद्योगिक जोनको रुपमा विकास गर्न सकिने । <br> • कृषिजन्य उत्पादन प्रचुर मात्रामा हुने भएकाले कृषिमा आधारित उद्योग (जस्तैः चिनी उद्योग, खाद्य प्रशोधन, तेल उद्योग) स्थापना गर्न सकिने । <br> • मधेश प्रदेश सांस्कृतिक, धार्मिक र ऐतिहासिक विशेषताले भरिपूर्ण रहेकोले सोसँग सम्बन्धित उद्योगहरु (जस्तैः हस्तकला, पर्यटन) विस्तार गर्न सकिने । |
| बागमती | • घट्दो ब्याजदरको अवस्थामा उद्योगीहरूले बैंक तथा वित्तीय संस्थाबाट थप कर्जा उपयोग गरी औद्योगिक उत्पादन र रोजगारी बढ्न सक्ने । <br> • नेपालको जनसङ्ख्याको सबैभन्दा धेरै जनसङ्ख्या रहेको यस प्रदेशमा औद्योगिक उत्पादनको बजारीकरण गर्न सकिने । <br> • भौतिक पूर्वाधार निर्माणको कार्यलाई तीव्ररूपमा अगाडि बढाउन सकेमा निर्माण सामग्रीहरू फलाम, सिमेन्ट, इट्टालगायत उत्पादन गर्ने उद्योगहरूको कारोबार बढ्न सक्ने । |
| गण्डकी | • प्रदेशको आ.व. २०८२/८३ को बजेटमा स्थानीयरुपमा मदिराको गुणस्तरीय उत्पादन र बिक्री वितरणको लागि कानुनी व्यवस्था मिलाइने व्यवस्था राखिएको छ । जसले प्रदेशमा स्थानीय कच्चा पदार्थबाट घरेलु मदिराको व्यवस्थित उत्पादन, नियमन तथा बजारीकरण मार्फत मदिरा र मदिराजन्य पदार्थको आयात प्रतिस्थापन गर्न सकिने । |

| | |
|---|---|
| | • गण्डकी प्रदेश देशको पर्यटकीय गन्तव्य समेत रहेको हुँदा बढ्दो पर्यटनले माग गर्ने खाद्य सामाग्री र अन्य उत्पादनको मागलाई पूर्ति गर्न कृषि तथा कृषिमा आधारित उद्योगको विकासको राम्रो सम्भावना रहेको ।<br>• प्रदेशमा रहेका बैक तथा वित्तीय संस्थाको उपस्थिति, निक्षेपको अवस्था र न्यून ब्याजदरले उद्योगमा लगानी गरी उत्पादन बढाउन तथा वित्तीय विस्तार गर्न सकिने ।<br>• मध्यपहाडी लोकमार्ग छेउछाउका सम्भाव्य स्थानलाई आर्थिक केन्द्रकोरुपमा विकास गरी साना तथा घरेलु उद्यम विकास गर्न सक्ने । |
| लुम्बिनी | • रुपन्देहीको मोतिपुर तथा बाँकेको नौवस्तामा पूर्वाधार सहितको औद्योगिक क्षेत्र स्थापना भएमा नयाँ उद्यमीहरुलाई उद्योग सञ्चालन गर्न प्रोत्साहन मिल्ने ।<br>• प्रदेशमा प्रर्याप्त चुनढुंगा खानी रहेको र चुनढुंगाको गुणस्तर समेत राम्रो भएको पाइएकोले सिमेन्ट तथा क्लिकंर उत्पादन गरी भारतीय बजारमा निर्यात गर्न सकिने ।<br>• प्रदेशका पहाडी र हिमाली जिल्लाहरुमा प्रशस्त मात्रामा जडिबुटी पाईने हुँदा जडिबुटी प्रशोधन उद्योगहरुको विस्तार गर्न सकिने ।<br>• हाल कर्जाको व्याजदर घटिरहेकोले उद्योगी तथा व्यवसायीहरुलाई थप पुजी परिचालन गरी नयां उद्योग स्थापना गर्न वा क्षमता अभिवृद्धि गर्न सहज भएको कारण थप उद्योगहरु स्थापना गर्न सकिने । |
| कर्णाली | • दैलेख जिल्लामा पेट्रोलियम अन्वेषण कार्य सम्पन्न भईसकेको अवस्थामा पेट्रोलियम पदार्थमा आत्मनिर्भर बन्न सक्ने देखिएकाले पेट्रोलियम पदार्थ सम्बन्धी उद्योग स्थापना गर्न सकिने सम्भावना रहेको छ ।<br>• प्रदेशमा low volume high value भएका अर्गानिक कृषिजन्य वस्तुहरु र हाईड्रोपावरको सम्भावना रहेकाले स्वदेशी तथा विदेशी लगानीमा उद्योगहरु स्थापना गरी रोजगारी सिर्जना गर्न सकिने ।<br>• प्रदेशमा उच्च मूल्यका जडीबुटी जस्तै यार्सागुम्बा, पाँचऔंले पाईने भएकाले जडिबुटी प्रशोधन केन्द्र स्थापना गरी उचित मूल्यमा स्वदेश तथा विदेशमा निर्यात गर्न सकिने ।<br>• प्रदेशमा ऊर्जा, खानी, कृषि, वन तथा पशुपन्छी लगायत जडिबुटी सम्बन्धी उद्योगको प्रचुर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र विस्तार गरी थप रोजगारी सिर्जना गर्न सकिने । |
| सुदूरपश्चिम | • कैलाली र कञ्चनपुर जिल्लामा कृषि उत्पादन लगायतका कच्चा पदार्थको उपलब्धता तथा उद्योगको लागि आवश्यक न्युनतम पूर्वाधारको विकास भईसकेको परिप्रेक्ष्यमा औद्योगिक बिकास गर्न सकिने सम्भावना रहेको ।<br>• पश्चिम सेती, महाकाली, चमेलिया, बुढीगंगा, सुर्नया जस्ता अत्याधिक जलप्रवाह क्षमता भएका नदीहरु एवम् प्रशस्त ताल तलैया र पोखरीहरु रहेको यस प्रदेशमा जलविद्युत उत्पादनको अधिक सम्भाव्यता रहेको ।<br>• पुँजी, प्रविधि र सीप सहित वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाइ उद्यममा आकर्षित गर्न सकेमा औद्योगिक विकासको साथसाथै प्रदेशमै रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने । |

## बक्सः १ साधना संस्कृति नमुना कृषि प्रा.लि.

*साना किसान विकास बैंकको Learn and Earn कार्यक्रम अन्तर्गत इजरायलबाट कृषि तालिम हासिल गरी दुई थान केराको बिरुवा सहित फर्किएका ३० वर्षीय चन्द्र बस्नेतले वि.सं. २०७६ सालमा झापा गाउँपालिका वडा नं ३ मा साधना संस्कृति नमुना कृषि प्रा. लि. दर्ता गरी शुरु गरेको व्यावसायिक केरा खेती ७ वर्षको अवधिमा ३० बिघा जमिनमा विस्तार भएको छ ।*



*स्नातक तहसम्मको अध्ययन गर्नु भएका बस्नेतको व्यावसायिक सफलताले अन्य किसानहरु समेत प्रेरित भई व्यावसायिक केरा खेतीमा आकर्षित भएका छन् । जी-नाइन, विलियम हाइब्रिड, चिनीचम्पा र रातो प्रजाति लगायतका केरा उत्पादन गर्ने उक्त फर्मले प्रति बिघा १ हजार ६ सय केराको बोट लगाएको देखिन्छ । बिरुवा रोपेको औसत १२ महिनामा केराको घरी बिक्रीयोग्य हुने उक्त फर्ममा प्रति घरी केराको उत्पादन गर्न औसत लागत रु. २५० र औसत आम्दानी रु. ५०० सम्म हुने गरेको देखिन्छ । मासिक औसत रु. ५ लाखसम्म नाफा हुने उक्त कम्पनीमा १८ जना पुरुष र ९ जना महिला गरी २७ जनाले रोजगारी प्राप्त गरेका छन् । स्थानीयस्तरमा केरा व्यवसायलाई प्रोत्साहन गर्न स्थानीय किसानहरूलाई निःशुल्क बिरुवा उपलब्ध गराउनुको साथै किसानहरूको उत्पादन समेत फर्मले खरिद-बिक्री गर्ने गरेको छ । फर्मले व्यवसाय विस्तार गरी आगामी दिनमा केराको प्रशोधन गरी पाउडर बनाउने, केराको थम्बा प्रशोधन गरी धागो, नेपाली कागज तथा सेनेटरी प्याड उत्पादन गर्ने उद्योग स्थापना गर्ने लक्ष्य समेत राखेको छ ।*

*व्यावसायिक सफलताको लागि किसानहरूमा सम्बन्धित विषयको न्यूनतम प्राविधिक ज्ञान हुनुको साथै प्रविधिमैत्री हुनुपर्ने उहाँको बुझाई छ । उचित जमिनको छनौट, प्राङ्गारिक मल, सिँचाइ, उन्नत जातको विरुवा र रोग उपचारको व्यवस्था भएमा यस्तो खेतीमा सफलता मिल्ने उहाँको धारणा रहेको छ । यसका साथै, असिना, हावाहुरी लगायतका प्राकृतिक प्रकोपबाट उत्पादनमा हुनसक्ने नोक्सानीबाट बचाउन बीमाको सहज व्यवस्था हुनु आवश्यक रहेको छ ।*

*स्रोत : स्थलगत सर्वेक्षण, तस्बिरः चन्द्र बस्नेत*


# परिच्छेद ५: सेवा क्षेत्र

वार्षिक आर्थिक गतिविधि अध्ययनमा सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियल इस्टेटसम्बन्धी कारोबार, वित्तीय सेवा, सञ्चार र यातायात सेवाहरु समेटिएका छन् ।

## ५.१ पर्यटन

आर्थिक वर्ष २०८१/८२ मा नेपाल आगमन गर्ने पर्यटक संख्या अघिल्लो आर्थिक वर्षको तुलनामा १.७ प्रतिशतले वृद्धि भई ११ लाख ४७ हजार ८ सय ३४ जना पुगेको छ (चार्ट ५.१) । अघिल्लो वर्ष सो संख्या ११ लाख २८ हजार २ सय ८४ रहेको थियो । नेपाल भ्रमणमा आएका पर्यटकहरुमध्ये २४.८ प्रतिशत पर्यटक भारतबाट, ८.७ प्रतिशत चीनबाट र ६६.५ प्रतिशत अन्य मुलुकका रहेका छन् ।

**चार्ट ५.१ : आर्थिक वर्ष २०८१/८२ मा पर्यटक आगमन संख्या (दश हजारमा)**




*स्रोत: नेपाल पर्यटन बोर्ड, २०८१/८२*

नागरिक उड्डयन प्राधिकरणको तथ्याङ्कअनुसार २०८२ असार मसान्तसम्ममा ९ वटा आन्तरिक हवाई सेवा कम्पनी र ३१ वटा अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनी गरी समग्रमा ४० वटा हवाई सेवा कम्पनी रहेका छन् । यसैगरी, समग्रमा हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता २२.३१ प्रतिशतले बढेर १३ हजार ७ सय ८ पुगेको छ, जसमा आन्तरिक हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता २ हजार ८ रहेको छ भने अन्तर्राष्ट्रिय हवाई सेवा कम्पनीको प्रतिदिनको सिट क्षमता ११ हजार ७ सय रहेको छ ।

**बक्स नं. २-कालिञ्चोक; आकर्षक धार्मिक तथा पर्यटकीय स्थल**

*बागमती प्रदेशको दोलखा जिल्लामा अवस्थित कालिञ्चोक भगवती मन्दिर काठमाडौंबाट करिब १५० किलोमिटरको दूरीमा र समुद्र सतहबाट ३८४२ मिटर उचाइमा रहेको प्राकृतिक मनोरम धार्मिक स्थल हो । दोलखा जिल्लाको सदरमुकाम चरिकोटबाट करिव १७ किलोमिटर उत्तरमा रहेको उक्त मन्दिरस्थलमा पछिल्ला वर्षहरूमा आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढ्दै गएको छ । प्राकृतिक रमणीय र धार्मिक पर्यटकीय गन्तव्यस्थलको रूपमा परिचित हुँदै गएको उक्त क्षेत्रमा स्थानीयको आर्य आर्जन र रोजगारीमा सकरात्मक प्रभाव देखिएको छ ।*

*उक्त क्षेत्रमा बाह्रै महिना पुग्न सकिने भए पनि वर्षाको समय (असार, साउन र भदौ) मा पर्यटकको आवागमन कम हुने गरेको देखिएको छ । विशेष गरी शारदीय नवरात्रको समयमा भगवतीको दर्शन गर्न र हिमपातको समय मङ्सिरदेखि फागुनसम्म सो क्षेत्रमा पर्यटकको चाप हुने गरेको पाइन्छ ।*



स्रोत : https://kalinchowkdarshan.com.np/album/kalinchowk-darshan-1

*राजधानी काठमाडौंको कोलाहल र तनावबाट केही समय मुक्त हुन उपयुक्त विकल्पको रूपमा कालिञ्चोक परिचित हुदै गएको छ । काठमाडौंबाट बनेपा, धुलीखेल, पाँचखाल, दोलालघाट, खाडीचौर, मुढे हुँदै पुग्न सकिने यो क्षेत्रमा चरिकोटदेखि मन्दिर तथा मुढेदेखि मन्दिरसम्म पदमार्ग समेत रहेको छ । काठमाडौंदेखि कालिञ्चोकको यात्राको क्रममा भोटेकोशी डुँगासयर, बञ्जी जम्पिङ, स्थानीय माछाको परिकार, मुढेको आलु तथा अन्य स्थानीय गतिविधिको कारणले समेत यस क्षेत्रमा पर्यटकीय गतिविधि बढ्दो क्रममा रहेको देखिन्छ । पछिल्ला वर्षहरूमा कालिञ्चोक जाने पर्यटकहरूको सङ्ख्या बढ्दै गएकोले यो मन्दिरको आधारस्थल कुरीमा होटलहरूको सङ्ख्या पनि थपिदै गएको छ । कुरीदेखि कालिञ्चोक मन्दिरसम्म जान निजी तथा स्थानीयस्तरको सहकार्यबाट केबलकारको व्यवस्था समेत रहेको छ ।*

*दोलखाको कालिञ्चोक मन्दिरको अतिरिक्त यस क्षेत्रमा चरिकोटबाट ५२ किलोमिटर पूर्वमा नेपालको स्विट्जरलैण्ड भनेर चिनिने जिरी उपत्यका, काठमाडौं चरिकोट बाटोमा पर्ने मुढेबाट दक्षिणतर्फ अवस्थित शैलुङ क्षेत्र र चरिकोटनजिकै रहेको सुप्रसिद्ध दोलखा भीमसेन मन्दिरसमेत रहेकाले सो क्षेत्रको भौतिक पूर्वाधारको स्तरोन्नति, व्यवस्थित भ्रमण प्याकेजको व्यवस्था र थप प्रचार-प्रसार गर्न सकिएमा प्रर्यटन प्रर्वद्धनमा थप योगदान पुग्ने देखिन्छ ।* स्रोत : स्थलगत सर्वेक्षण ।

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

आर्थिक वर्ष २०८१/८२ मा घरजग्गा रजिष्ट्रेशन संख्यामा गत आर्थिक वर्षको तुलनामा १५.९ प्रतिशतले वृद्धि भई ५ लाख ३८ हजार ५ सय कायम भएको छ । गत वर्ष सो संख्या ४ लाख ६४ हजार ७ सय ८ रहेको थियो । समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व गत वर्षको तुलनामा १८.६ प्रतिशतले घटेर रु.२६ अर्ब ४५ करोड ५९ लाख पुगेको छ । गत वर्ष यस्तो राजस्व १९.३ प्रतिशतले घटेको थियो । गत वर्ष ११.५ प्रतिशतले घटेको घर/भवन नक्शा पास संख्या समीक्षा वर्षमा पनि १.२ प्रतिशतले घटेको छ ।


तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट

| प्रदेश | घरजग्गा रजिष्ट्रेशन संख्या | घर/भवन स्थायी नक्शा पास संख्या | घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) |
|---|---|---|---|
| कोशी प्रदेश | १०८०३३ | ५४१७ | २९८९.७ |
| मधेश प्रदेश | १४३४८८ | ३११८ | २८३२.९ |
| बागमती प्रदेश | ९८६४८ | १३७३९ | १३९६४.२ |
| गण्डकी प्रदेश | ३१३०५ | १७९४ | २०३१.५ |
| लुम्बिनी प्रदेश | १०६६१७ | ४६५१ | ३०६५.९ |
| कर्णाली प्रदेश | १७२९९ | ८८३ | ३३६.१ |
| सुदूर पश्चिम प्रदेश | ३३११० | १९९० | १२३५.७ |
| **जम्मा** | ५३८५०० | ३१५९२ | २६४५६.० |

*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु, २०८२*

समीक्षा वर्षमा मधेश प्रदेशमा सबैभन्दा बढी १,४३,४८८ र कर्णाली प्रदेशमा सबैभन्दा कम १७,२९९ घरजग्गा किनबेच (रजिष्ट्रेसन संख्या) कारोबार भएको छ (तालिका ५.१) । यसैगरी, समीक्षा वर्षमा बागमती प्रदेशमा सबैभन्दा बढी १३,७३९ वटा घर/भवन स्थायी नक्शापास भएको छ ।

चार्ट ५.२ : घरजग्गा रजिष्ट्रेशनको प्रदेशगत हिस्सा (प्रतिशतमा)





*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु, २०८१/८२*

कुल घर-जग्गा रजिष्ट्रेशन संख्यामा मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी २६.६ प्रतिशत रहेको छ (चार्ट ५.२) । समीक्षा वर्षमा गत वर्षको तुलनामा बागमती प्रदेश र कर्णाली प्रदेश बाहेक बाँकी प्रदेशहरुमा घर-जग्गा रजिष्ट्रेशनको संख्या बढेको छ (अनुसूची तालिका ११ (क-ख)) ।

## ५.३ वित्तीय सेवा

२०८२ असार मसान्तसम्ममा वाणिज्य बैंकका ५ हजार ९९, विकास बैंकका १ हजार १ सय ३२, वित्त कम्पनीका २ सय ९१ तथा लघुवित्त वित्तीय संस्थाका ५ हजार ४ र पूर्वाधार विकास बैंकको १ गरी जम्मा ११ हजार ५ सय २७ शाखाहरु सञ्चालनमा रहेका छन् (अनुसूची तालिका १२)। यसमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी ३ हजार ३८ तथा कर्णाली प्रदेशमा सबैभन्दा कम ४ सय ७९ शाखाहरु सञ्चालनमा रहेका छन् (चार्ट ५.३) ।


**चार्ट ५.३ : बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०८१/८२*

२०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०८१ असार मसान्तको तुलनामा १२.५ प्रतिशतले वृद्धि भई रु.७२ खर्ब ९५ अर्ब ६९ करोड पुगेको छ (चार्ट ५.४)। गत वर्ष यस्तो निक्षेप १२.४ प्रतिशतले वृद्धि भएको थियो ।


**चार्ट ५.४ : निक्षेप तथा कर्जा स्थिति (रु. अर्बमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु,२०८१/८२*

२०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०८१ असार मसान्तको तुलनामा ८.२ प्रतिशतले वृद्धि भई रु.५५ खर्ब ८६ अर्ब २९ करोड पुगेको छ (चार्ट ५.४)। अघिल्लो वर्ष यस्तो कर्जा ५.९ प्रतिशतले वृद्धि भएको थियो। २०८२ असार मसान्तमा कुल कर्जा कुल निक्षेप अनुपात ७६.६ प्रतिशत रहेको छ। २०८१ असार मसान्तमा यस्तो अनुपात ७९.६ प्रतिशत रहेको थियो। कर्जा निक्षेप अनुपात मधेश प्रदेशमा सबैभन्दा बढी १२१.६ प्रतिशत र गण्डकी प्रदेशमा सबैभन्दा कम ५८.३ प्रतिशत रहेको छ (चार्ट ५.५)।

**चार्ट ५.५ : प्रदेशगत कर्जा निक्षेप अनुपात (प्रतिशतमा)**




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०८१/८२*

२०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६५.८ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहमा बागमती प्रदेशमा गरिएको कर्जा प्रवाहको अंश सबैभन्दा धेरै ५९.५ प्रतिशत रहेको छ (अनुसूची तालिका १३) ।

## ५.४ सेवा क्षेत्र कर्जा

२०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ असार मसान्तको तुलनामा ६.६ प्रतिशतले वृद्धि भई रु.२१ खर्ब ८४ अर्ब ४ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा ३.५ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३९.१ प्रतिशत रहेको छ । सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये थोक तथा खुद्रा विक्रेता उपक्षेत्रमा सबैभन्दा बढी ४७.३ प्रतिशत कर्जा प्रवाह भएको छ भने रियल स्टेट उपक्षेत्रमा १२.२ प्रतिशत, पर्यटन उपक्षेत्रमा ११.८ प्रतिशत, वित्त, बीमा तथा अचल सम्पत्ति उपक्षेत्रमा ११.३ प्रतिशत, शिक्षा उपक्षेत्रमा ६.६ प्रतिशत, यातायात, भण्डारण र सञ्चार उपक्षेत्रमा ३.७ प्रतिशत, अन्य सेवा उपक्षेत्रमा ३.७ प्रतिशत र स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी उपक्षेत्रमा ३.३ प्रतिशत कर्जा प्रवाह भएको छ (अनुसूची तालिका ९ (क-ख)) ।

**तालिका ५.२ : प्रदेशगत सेवा क्षेत्र कर्जा**

| प्रदेश | रकम (रु. करोडमा) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| कोशी | २२,१४६.०३ | १०.१ |
| मधेश | १९,६७६.७० | ९.० |
| बागमती | १२९,९४८.७२ | ५९.५ |
| गण्डकी | १५,१५९.८१ | ६.९ |
| लुम्बिनी | २२,३९५.२३ | १०.३ |
| कर्णाली | २,४२७.५५ | १.१ |
| सुदूरपश्चिम | ६,६५०.४० | ३.० |
| **जम्मा** | **२१८,४०४.४५** | **१००.००** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये बागमती प्रदेशमा प्रवाहित कर्जाको हिस्सा सबैभन्दा बढी (५९.५ प्रतिशत) रहेको छ (तालिका ५.२ र अनुसूची तालिका ९ (क-ख)) ।

## ५.५ यातायात तथा सञ्चार

### यातायात

आर्थिक वर्ष २०८१/८२ मा दर्ता भएका सवारी साधनको संख्या आर्थिक वर्ष २०८०/८१को तुलनामा ३७.८ प्रतिशतले वृद्धि भई ३ लाख ७६ हजार ३ सय ९३ पुगेको छ। प्रदेशगत रुपमा तुलना गर्दा समीक्षा वर्षमा बागमती प्रदेशमा सबैभन्दा बढी १ लाख ३५ हजार ८ सय ६६ सवारी साधन दर्ता हुँदा कर्णाली प्रदेशमा सबैभन्दा कम ३ हजार ९ सय ७७ सवारी साधन दर्ता भएका छन् (तालिका ५.३)।

**तालिका ५.३ सवारी साधन दर्ताको प्रदेशगत विवरण**

| प्रदेश | यातायातका साधनको कुल संख्या | हिस्सा हिस्सा (प्रतिशत) |
|---|---|---|
| कोशी | ५११३४ | १३.६ |
| मधेश | ६८२५९ | १८.१ |
| बागमती | १३५८६६ | ३६.१ |
| गण्डकी | १७९६७ | ४.८ |
| लुम्बिनी | ८४४६९ | २२.४ |
| कर्णाली | ३९७७ | १.१ |
| सुदूर पश्चिम | १४७२१ | ३.९ |
| **जम्मा** | **३७६३९३** | **१००** |

*स्रोत : यातायात व्यवस्था कार्यालयहरु, २०८१/८२*

### सञ्चार

आर्थिक वर्ष २०८१/८२ को अन्तमा कुल वितरित टेलिफोन संख्या १७.९ प्रतिशतले घटेर २ करोड  ९७ लाख २७ हजार ९ सय १६ पुगेको छ। गत वर्ष यस्तो संख्या ४.२ प्रतिशतले बढेर ३ करोड ६२ लाख २६ हजार ८ सय ४४ रहेको थियो।


२०८२ असार मसान्तमा कुल टेलिफोन सेवाको घनत्व १०१.९ प्रतिशत रहेको छ भने २०८१ असार मसान्तमा यस्तो घनत्व १२४.२ प्रतिशत रहेको थियो। टेलिफोन सेवामा ९८.६ प्रतिशत मोवाइल र १.४ प्रतिशत स्थाई सेवाको हिस्सा रहेको छ। समीक्षा वर्षमा ब्रोडब्याण्ड इन्टरनेट सेवा प्रयोगकर्ताको संख्यामा १२.६ प्रतिशतले कमी भई २ करोड ९७ लाख ४८ हजार ६ सय ७४ पुगेको छ। गत वर्ष ब्रोडब्याण्ड ईन्टरनेट सेवा प्रयोगकर्ताको सङ्ख्या १४.५ प्रतिशतले घटेको थियो। ब्रोडव्यान्ड सेवामा ८९.१ प्रतिशत हिस्सा मोवाइलको, १०.८ प्रतिशत हिस्सा फिक्स्ड वायर्डको र ०.१ प्रतिशत फिक्स्ड वायरलेसको रहेको छ। २०८२ असार मसान्तमा कुल ब्रोडब्याण्ड इन्टरनेट सेवाको घनत्व १०२ प्रतिशत रहेको छ। २०८१ असार मसान्तमा यस्तो घनत्व ११६.७ प्रतिशत रहेको थियो (अनुसूची तालिका २१)।

## ५.६ सहकारी क्षेत्र

समीक्षा वर्षमा प्रत्येक प्रदेशका १०/१० वटा सहकारी संस्थाका दरले नमूना छनौटमा गरी कुल ७० सहकारी संस्थाहरूको वित्तीय विवरण संकलन गरी अध्ययन गरिएको छ। उक्त विवरणको आधारमा सहकारीहरूको कुल पूँजी आर्थिक वर्ष २०८०/८१ को तुलनामा २.३८ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कुल पूँजी ४.६७ प्रतिशतले बढेको थियो।

समीक्षा वर्षमा उक्त सहकारीहरुको कुल बचत ८.४३ प्रतिशतले बढेको छ भने र कुल कर्जा पनि २.२४ प्रतिशतले बढेको छ (अनुसूची तालिका १७ (क))।

**चार्ट ५.६ : नमूना छनौटमा परेका बचत तथा ऋण सहकारी संस्थाको विवरण (रु. दश लाखमा)**




*स्रोत: नमूना छनौटमा परेका सहकारी संस्थाहरु, २०८१/८२*

अघिल्लो आर्थिक वर्ष सहकारी संस्थाहरुको बचत ११.७० प्रतिशतले बढेको थियो भने कर्जा १.८३ प्रतिशतले घटेको थियो । त्यसैगरी, समीक्षा वर्षमा सहकारी संस्थाका सदस्य संख्या ३.८७ प्रतिशतले बढ्दा कर्मचारी संख्या ३.९९ प्रतिशतले घटेको छ। अघिल्लो आर्थिक वर्षमा सदस्य संख्या ४.०३ प्रतिशतले बढेको र कर्मचारी संख्या ४.६१ प्रतिशतले घटेको थियो ।

## ५.७ शिक्षा

अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार शैक्षिक सत्र २०८१ मा कुल विद्यालय संख्या ३५ हजार ४ सय ४७ रहेको छ । गत शैक्षिक सत्रमा सो संख्या ३५ हजार ८ सय ७६ रहेको थियो । कुल विद्यालयहरुमध्ये सामुदायिक विद्यालय २५ हजार ८ सय ७४ वटा, संस्थागत विद्यालय ८ हजार १ सय ४९ वटा र परम्परागत विद्यालय १ हजार ४ सय २४ वटा रहेका छन् । शैक्षिक सत्र २०८१ मा सामुदायिक र संस्थागत विद्यालयमा कुल २ लाख ७९ हजार ५ सय ८५ शिक्षक कार्यरत रहेका छन् । यस अवधिमा कुल अध्ययनरत विद्यार्थीको संख्या ७० लाख १० हजार ८ सय ८ रहेको छ ।

## ५.८ स्वास्थ्य

आर्थिक वर्ष २०८१ फागुनसम्म ३ सय ४५ अस्पताल, १ सय ४९ प्राथमिक स्वास्थ्य केन्द्र, ३ हजार ७ सय ४२ स्वास्थ्य चौकी, ४ सय २६ आयुर्वेदिक औषधालय, ४ हजार ८४ उपस्वास्थ्य चौकी गरी कुल ८ हजार ७ सय ४६ स्वास्थ्य संस्था रहेका छन् । यसैगरी, कुल अस्पताल शैया संख्या १८ हजार ६ सय ४० र जनशक्ति १ लाख ४ हजार ७ सय ९३ रहेको छ । (आर्थिक सर्वेक्षण, २०८१/८२) ।

**बक्स नं. ३-सुदूरपश्चिम प्रदेशको स्वास्थ्य क्षेत्रमा नयाँ आयाम**

*कैलाली जिल्लाको गेटामा २०८० कात्तिक १ गतेदेखि ओ.पि.डि, प्रयोगशाला, एक्सरे, अल्ट्रासाउण्ड, ई.सि.जि. र अस्पताल फार्मेसी सेवालगायतको सामान्य स्वास्थ्य सेवा सञ्चालन गरेको गेटा अस्पतालले २०८१ असार १ गतेदेखि Diagnostic service, OPD Service and Other Service गरी १९ प्रकारका सेवाहरु प्रदान गरिरहेको छ । हाल ५० शैयामा सञ्चालित यस अस्पतालले साधारण तर्फ रु.२० र इमर्जेन्सी तर्फ रु.५० को टिकट दस्तुर सहितको सेवा प्रदान गरिरहेको देखिन्छ ।*



*आ.व.२०८०/८१ मा उक्त अस्पतालमा १४१ जना जनशक्तिको दरबन्दी स्वीकृत रहेकोमा स्थलगत सर्वेक्षणको समयमा ३३ चिकित्सक र ७३ अन्य कर्मचारी गरी जम्मा १०६ जनशक्ति कार्यरत रहेको विवरण प्राप्त भएको छ । उक्त अस्पतालमा दैनिक औसत ६० जना बिरामीहरु सेवा लिन आउने गरेको पाइन्छ । उक्त अस्पतालको भौतिक क्षमता अनुसार पूर्ण सञ्चालनमा ल्याउन सकिएमा सुदूरपश्चिम प्रदेशका बिरामीहरु अन्यत्र जानु पर्ने बाध्यताको अन्त्य हुने देखिन्छ ।*

*स्रोतः स्थलगत सर्वेक्षण तथा अन्तर्वार्ता ।*

## ५.९ सेवा क्षेत्रको चुनौती तथा सम्भावना

### ५.९.१ चुनौती

बैंक तथा वित्तीय संस्थाहरुको कर्जामा न्यून ब्याजदरका बावजुद कर्जा प्रवाह अपेक्षित रुपमा बढ्न नसक्नु, उत्पादन तथा व्यावसायिक गतिविधि अपेक्षित रुपमा विस्तार नहुँदा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा असुलीमा समस्या देखिनु, गुणस्तरीय र भरपर्दो यातायात सेवाको विकास गर्नु, आन्तरिक तथा बाह्य पर्यटकको आगमन संख्या वृद्धि गरी बसाइ अवधि लम्ब्याउनु, तुलनात्मकरुपमा बढी उत्पादनशील र रोजगारी सिर्जना हुने क्षेत्रमा वित्तीय स्रोत प्रवाह गर्नु, पूर्वाधार, शिक्षा, व्यवस्थापन लगायतका क्षेत्रको गुणस्तरमा सुधार ल्याउने सेवा क्षेत्रमा मुख्य चुनौतीको रुपमा रहेका छन् ।

तालिका ५.४ : सेवा क्षेत्रका प्रदेशगत चुनौती

| प्रदेश | चुनौती |
|---|---|
| कोशी | • प्रदेशका दुर्गम क्षेत्रहरुमा रहेको प्रमुख पर्यटकीय गन्तव्यमा यातायातको सुविधा, विद्युत् तथा संचारको उपलब्धता र होटल रेष्टुरेन्ट लगायतका पर्यटकलाई आवश्यक पर्ने सुविधा उपलब्ध गराउनु ।<br>• ग्रामीण तथा दुर्गम क्षेत्रमा अप्टिकल फाइबर, सेल टावरहरु जस्ता भौतिक सूचना तथा सञ्चार प्रविधि पूर्वाधारको विकास गरी सञ्चारको पहुँच विस्तार गर्नु ।<br>• सडकहरुको स्तरोन्नती र सुरुङ्ग मार्गको निर्माण गरी यातायात सेवाको क्षेत्रमा ढुवानी खर्च कम गर्दै सडक यातायातलाई सर्वसुलभ बनाउनु । |
| मधेश | • प्रदेशका दक्ष जनशक्तिहरु विदेश पलायन हुने प्रवृत्तिमा वृद्धि भएकाले सेवा क्षेत्र सञ्चालनका लागि प्राविधिक, स्वास्थ्यकर्मी, शिक्षक, सूचना प्रविधि विज्ञ जस्ता योग्य र दक्ष जनशक्तिको व्यवस्था गर्नु ।<br>• सहरी क्षेत्रमा मात्रै सेवा सुविधाहरु सिमित रुपमा उपलब्ध रहेकोमा ग्रामीण भेगमा पनि आधारभूत सेवाहरु जस्तैः स्वास्थ्य चौकी, विद्यालय, बैंक शाखा तथा प्रशासनिक कार्यालयहरुको पहुँच पुऱ्याउनु ।<br>• प्रदेशमा सेवारत बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय स्रोत तथा साधनलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गराउनु । |
| बागमती | • पर्यटकीय गन्तव्यहरूको पहिचान तथा विकासमार्फत पर्यटक बसाइ लम्ब्याउनुका साथै पर्यटकीय पूर्वाधारको विकास तथा स्तरोन्नति लगायत पर्यटकीय सेवाको विविधीकरणमार्फत् पर्यटन क्षेत्रको दिगो विकास गर्नु ।<br>• काठमाडौं उपत्यका लगायत प्रदेशका अन्य सहरहरूमा निजी क्षेत्रबाट सञ्चालित शिक्षा र स्वास्थ्य सेवासम्बन्धी संस्थाहरूको सेवा शुल्क कम गराई गुणस्तरीय सेवा उपलब्ध गराउनु ।<br>• वित्तीय क्षेत्रमा बढ्दो प्रविधिको प्रयोगसँगै यसबाट हुने सुरक्षा चुनौतीको व्यवस्थापन गर्नु । |
| गण्डकी | • प्रादेशिकरुपमा पर्यटक आगमनको तथ्याङ्क थप व्यवस्थित बनाउने, लेक लाग्ने (High Altitute Sickness) र उच्च हिमाली क्षेत्रमा अचानकरुपमा मौसममा आउने प्रतिकुलतावाट पर्यटकलाई तत्काल उद्धार गर्ने कार्य तथा गुणस्तरीय सुचना प्रविधि र पर्यटकीय पूर्वाधारको निर्माणलाई थप व्यवस्थित एवम् भरपर्दो बनाउनु ।<br>• भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराउने निजी तथा सरकारी/सामुदायिक अस्पतालको स्तरोन्नति गर्नु ।<br>• शहरी क्षेत्रबाहिरका ग्रामीण अस्पतालमा विशेषज्ञ तथा दक्ष जनशक्तिको व्यवस्था र दुर्गम स्वास्थ्य संस्थामा जनशक्तिको उपलब्ध गराउनु । |
| लुम्बिनी | • प्रदेशमा पर्यटकीय पूर्वाधार निर्माण गर्ने तथा पर्यटन विकासको लागि प्रर्याप्त सुविधा, सूचना र सुरक्षित वातावरण निर्माण गरी गुणस्तरीय सेवा सुविधा उपलब्ध गराई पर्यटकको बसाई अघि लम्ब्याउनु ।<br>• पाल्पा, गुल्मी, स्याङ्जा, पोखरा लगायतका स्थानमा रहेका पर्यटकीय स्थलमा पुग्नका लागि सिद्धार्थ राजमार्ग अन्तर्गत पर्ने सिद्धबाबा सडक खण्ड प्रयोग हुने हुँदा उक्त सडक खण्डलाई मर्मत गरी यात्रा सुरक्षित बनाउनु ।<br>• भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण रुपमा सञ्चालनमा ल्याउनु । |

| | |
|---|---|
| कर्णाली | • पर्यापर्यटन, धार्मिक पर्यटन र सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना रहेतापनि भौगोलिक विकटताका कारण पर्यटकीय पूर्वाधारको निर्माण तथा विकास सहज रुपमा भईनसकेको अवस्थामा हवाई तथा सडक यातायात, पर्यटकस्तरीय होटल तथा लजको व्यवस्था गरी पर्यटक आगमन संख्या तथा बसाइ अवधि बढाउनु ।<br>• पर्याप्त स्वास्थ्य/शिक्षा पूर्वाधारहरुको अभाव र दक्ष स्वास्थ्यकर्मी/शिक्षकहरुको न्यून उपलब्धताका बीच गुणस्तरीय स्वास्थ्य/शिक्षा सेवा प्रदान गर्नु ।<br>• प्रदेशको भौगोलिक विकटताका कारण आवश्यक शिक्षण संस्थाहरु र तालिमप्राप्त अनुभवी शिक्षकहरुको अभाव रहेकोले आवश्यक शिक्षण संस्थाहरुको स्थापना तथा अनुभवी शिक्षकहरुलाई विभिन्न प्रोत्साहनमार्फत् आकर्षित गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु । |
| सुदूरपश्चिम | • सुदूरपश्चिम प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनमार्फत् आन्तरिक एवं बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य स्थलहरुको पहिचान तथा विकास गर्नु ।<br>• सीप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत् स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्ति कम गर्नु ।<br>• प्राविधिक सीपयुक्त जनशक्ति स्वदेशमै उत्पादन गरी लघु तथा घरेलु उद्योगको विकास गर्नुका साथै स्वरोजगार अभिवृद्धि गर्नु । |

### ५.९.२ सम्भावना

वित्तीय चेतना, साक्षरता र समावेशीकरणको स्तर अभिवृद्धि हुँदै गएको, सर्वसाधारणको बैंकिङ पहुँच विस्तार हुँदै गएको, सूचना प्रविधि क्षेत्रमा युवाहरुको आकर्षण र पहुँच राम्रो रहेकोले ई-लर्निङ, ई-कन्सल्टेन्सी, ई-लाइब्रेरी लगायतका प्रविधिमैत्री सेवाको विस्तार हुने सम्भावना रहेको छ। भौगोलिक एवम् जैविक विविधता, सास्कृतिक एवम् प्राकृतिक क्षेत्रहरु, विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरु, साहसिक पर्यटकीय स्थलहरुको व्यापक रुपमा प्रचारप्रसार गरी पर्यटकहरुको आवागमन तथा बसाई अवधि लम्ब्याई विदेशी मुद्रा आयआर्जन गर्न सकिने सम्भावना रहेको छ ।

**तालिका ५.५ : सेवा क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सेवा क्षेत्रका सम्भावना |
|---|---|
| कोशी | • प्रदेशको पहाडी र हिमाली क्षेत्रमा अप्टिकल फाइबर, बैकल्पिक उर्जा सहितको नियमित विद्युत आपूर्ति, सुलभ यातायातको पहुँचको व्यवस्था गरी आइटी हब को रुपमा विकास गर्न सकिने ।<br>• प्रदेशको सबै स्थानीय तहमा बैंकको पहुँच पुगेको, विद्युत र इन्टरनेटको पहुँच समेत विस्तार हुँदै गएकोले डिजिटल बैंकिङ्ग र भुक्तानी प्रणाली सेवालाई विस्तार गर्न सकिने ।<br>• कोशी प्रदेशको दक्षिणी सीमावर्ती क्षेत्रका प्रमुख सहरहरुका अस्पताल तथा स्वास्थ्य क्लिनिकहरुमा भारतीय सेवाग्राहीहरुको बाक्लो उपस्थितिले स्वास्थ्य सेवाको माग उच्च रहेको देखिएकोले नयाँ अस्पताल तथा क्लिनिकहरु विस्तार हुन सक्ने । |
| मधेश | • प्राविधिक तालिम र दक्षता विकास गरी स्थानीय श्रमशक्तिलाई सेवा क्षेत्रमा परिचालन गर्न सकिने ।<br>• प्रदेशको जनघनत्व उच्च रहेकाले स्वास्थ्य, शिक्षा, बैंकिङ्ग, बीमा, सञ्चार जस्ता सेवा क्षेत्रहरुमा लगानीको लागि प्रचुर सम्भावना रहेको । |

| | |
|---|---|
| | • प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरू रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन विकासको राम्रो सम्भावना रहेको । |
| बागमती | • प्रदेशमा धार्मिक तथा साहसिक पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहकाले पर्यटकको चाहनाअनुसारको पर्यटन प्याकेज विकास गर्न सके पर्यटक आगमन सङ्ख्या र बसाई अवधि बढाउन सकिने ।<br>• सूचना प्रविधि क्षेत्रमा द्रुत गतिमा भइरहेको डिजिटल रूपान्तरणको परिप्रेक्ष्यमा IT सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने ।<br>• सार्वजनिक स्थान तथा नागरिकको बढी आवतजावत आकर्षण हुने स्थानहरू पहिचान गरी यस्ता स्थानहरूमा निःशुल्क इन्टरनेट सेवा प्रदान गरी सेवाको गुणस्तर सुधार गर्न सकिने । |
| गण्डकी | • नेपाल सरकारले कास्की जिल्लाको पोखरालाई पर्यटकीय राजधानी घोषणा गरेको छ । साथै, गण्डकी प्रदेश आफैमा उत्कृष्ट पर्यटकीय गन्तव्य भएकाले सुविधा सम्पन्न होटल तथा लज लगायत अन्य पर्यटन सम्बन्धी व्यवसाय थप विस्तार हुने सक्ने सम्भावना छ । त्यस्तै, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा संचालनमा आइसकेको, पोखरा जोडिने सडकको स्तरोन्नति र निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको हुँदा प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा विस्तार गर्न सकिने ।<br>• उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी कोरिडोरको काम द्रुत गतिले अघि बढेकोले निर्माण सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकाले भारतीय र चिनिया पर्यटकको आगमनमा उल्लेख्य वृद्धि हुने सम्भावना रहनुका साथै नेपाली कृषि तथा औद्योगिक उत्पादनलाई समेत सहजै निर्यात गर्न सकिने ।<br>• गण्डकी विश्वविद्यालयलाई Mining, Bio-diversity र Hydropower को विशिष्टकृत (Specialized) अध्ययन/अध्यापन गराउने विश्वविद्यालयको रुपमा विकास गर्न सकिने तथा मणिपाल शिक्षण अस्पताल र गण्डकी मेडिकल कलेजमा बाह्य मुलुकहरूबाट समेत विद्यार्थी आकर्षित गर्न सकेमा यस प्रदेशमा शैक्षिक क्षेत्रको विकास गर्न सकिने । |
| लुम्बिनी | • यस प्रदेशका पहाडी र समथर भू-भागलाई जोड्ने पर्याप्त सडक सञ्जाल निर्माण गर्न सके स्थानीय रुपमा उत्पादित वस्तु तथा सेवालाई बजारीकरण गरी आयआर्जनमा टेवा पुऱ्याउन सकिने ।<br>• भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन सकेमा भैरहवा, लुम्बिनी, बुटवल, परासी लगायत आसपासका स्थानहरुमा रहेका होटल व्यवसाय तथा अन्य आर्थिक क्रियाकलाप बढाउन सकिने र आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्न सक्ने ।<br>• बुटवललाई पाल्पासँग जोड्ने सिद्धार्थ राजमार्ग अन्तर्गतको सिद्धबाबा खण्डमा निर्माणधिन सुरुङ मार्गले यात्रालाई छिटो र सुरक्षित बनाउने भएकोले व्यापार तथा पर्यटनमा वृद्धि हुन सक्ने । |
| कर्णाली | • रारा ताल, शे-फोक्सुण्डोताल, कुपिण्डेदह, स्यार्पुताल, पचाल झरना, बुलबुले ताल, काँक्रेविहार, सिँजा सभ्यता र पञ्चकोशी लगायतका प्राकृतिक, साँस्कृतिक तथा धार्मिक महत्व बोकेका पर्यटकीय क्षेत्रहरु रहेकोले पर्यापर्यटन, धार्मिक तथा ऐतिहासिक पर्यटन प्रवर्द्धन गर्न सकिने । |

| | |
|---|---|
| | • घरेलु, साना तथा मझौला उद्योगहरुको विकास भईरहेको हुनाले गरिबी न्यूनीकरण गर्न सकिने । <br>• प्रदेशको हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा इन्टरनेट सेवा विस्तारको उच्च सम्भावना रहेको । <br>• सुर्खेत विमानस्थललाई स्तरोन्नती गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुम पश्चिममा हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको प्रचार-प्रसार हुन गई आय तथा रोजगारी बढाउन सकिने। |
| सुदूरपश्चिम | • सुदूरपश्चिमका सातदेवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा र त्रिपुरासुन्दरी लगायतका धार्मिक क्षेत्रहरुलाई धार्मिक पर्यटन हवको रूपमा विकास गर्न सकिने । <br>• प्रदेश सरकार तथा स्थानीय तहबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवम् रोजगारीमा टेवा पुऱ्याउन सकिने । पुग्न सक्ने । <br>• कैलालीको गेटा मेडिकल कलेजलाई सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयको रुपमा सञ्चालन पश्चात गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार गर्न सकिने। |

# परिच्छेद ६ :पूर्वाधार क्षेत्र

## ६.१ पूर्वाधार स्थिति

पूर्वाधार क्षेत्र अन्तर्गत सडक लगायत प्रमुख पूर्वाधारहरुको अवस्था र यससँग सम्बन्धित आयोजनाहरुको प्रगति स्थितिको अवस्था विश्लेषण गरिएको छ।

### सडक

आर्थिक वर्ष २०८१/८२ मा १२३५ कि.मि. कालोपत्रे सडक, २८७ कि.मि. ग्राभेल सडक, ३०१ कि.मि. नयाँ ट्र्याक निर्माण भएको छ भने ३७० कि.मि. सडक मर्मत भएको छ।

**तालिका ६.१: सडकको हालसम्मको प्रगति विवरण (कि.मी.)**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|
| कालोपत्रे | १५४२४ | १६६१४ | १७२३२ | १८०५२ | १८८०८ | २००४३ |
| ग्राभल | ८६२२ | ८१७१ | ७८८८ | ८५१६ | ८८४४ | ९१३१ |
| कच्ची/नयाँ सडक | ९१९८ | ८९३१ | ८८७६ | ९०४३ | ९२१० | ९५८० |
| रिजिड पेभ्मेंट | - | - | - | - | - | ९६ |
| जम्मा | ३३२४४ | ३३७१६ | ३३९९६ | ३५६११ | ३६८६२ | ३८८५० |

*स्रोत: सडक विभाग, २०८१/८२*

### पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना

पूर्व-पश्चिम राजमार्गको विकल्पको रुपमा नेपालको मध्य-पहाड हुँदै पूर्वदेखि पश्चिमसम्म सडक निर्माण गर्ने उद्देश्यका साथ नेपाल सरकारबाट आ.व. २०६४/६५ देखि शुरु भएको पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना आ.व. २०८४/८५ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। मध्य-पहाडका २६ जिल्लाका २१५ बस्ती जोड्दै निर्माण हुने यस आयोजनाबाट उक्त क्षेत्रमा बसोबास गर्ने करीब १ करोड जनता प्रत्यक्ष लाभान्वित हुने देखिन्छ। यस आयोजना अन्तर्गत पूर्वको पाँचथर जिल्लाको चियोभन्ज्याङदेखि पश्चिम बैतडी जिल्लाको झुलाघाटसम्म डबल लेनस्तरमा कालोपत्रे सहितको सडक निर्माण कार्य रहेको छ । आयोजनाको हालसम्मको भौतिक प्रगति निम्न बमोजिम रहेको छ :

**तालिका ६.१.१: पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजनाको आ.व. २०८१/८२ सम्मको भौतिक प्रगति**

| मुख्य क्रियाकलाप | आयोजनाको कुल लक्ष्य | आ.व. २०८१/८२ सम्मको प्रगति | निर्माणाधिन | ठेक्का व्यवस्थापन हुन बाँकी |
|---|---|---|---|---|
| कालोपत्रे सडक निर्माण (कि.मि.) | १८७९ | १५१०.८६ | २६१.१४ | १०७ |
| पुल निर्माण (संख्या) | १३७ | १११ | २४ | १५ (बाढी पहिरोले बगाएका पुल समेत) |

*स्रोत : सडक विभाग, २०८१/८२*

### मदन भण्डारी राजमार्ग आयोजना

चुरे तथा भित्री मधेसका उपत्यकाहरू र सो क्षेत्रभित्र पर्ने खानी स्थलहरूलाई देशका प्रमुख शहरहरूसँग जोड्न कोशी प्रदेशको झापा जिल्ला, वेलडाँगीदेखि सुदुरपश्चिम प्रदेशको डडेलधुरा जिल्लाको बुडारे रुपालसम्म कुल १३९० कि.मी. लम्बाईमा निर्माणाधिन राष्ट्रिय महत्वको आयोजनाको रुपमा मदन भण्डारी राजमार्ग रहेको छ । यस राजमार्गले ६ वटा प्रदेशहरु कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा अवस्थित १९ वटा जिल्लालाई जोड्दै ७२ लाख जनसंख्यालाई प्रत्यक्ष/अप्रत्यक्ष रुपमा लाभान्वित हुने देखिन्छ। यस आयोजनाको हालसम्मको भौतिक प्रगति निम्न बमोजिम रहेको छ :

तालिका ६.१.२: मदन भण्डारी राजमार्ग आयोजनाको आ.व. २०८१/८२ सम्मको भौतिक प्रगति

| मुख्य क्रियाकलाप | आयोजनाको कुल लक्ष्य | आ.व. २०८१/८२ सम्मको प्रगति | निर्माणाधीन | ठेक्का व्यवस्थापन हुन बाँकी |
|---|---|---|---|---|
| कालोपत्रे सडक निर्माण (कि.मि.) | ९५९ | ३७६ | २१५ | ३६८ |
| पुल निर्माण (संख्या) | १९८ | १४४ | २१ | ३३ |

*स्रोत : सडक विभाग, २०८१/८२*

## भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

यस आयोजना नेपाल सरकारको स्रोतमा बहुउद्देश्यीय, जल पथान्तरण आयोजनाका रूपमा कार्यान्वयन प्रक्रिया अगाडि बढाइएको हो । बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गर्नको लागि हिमनदी स्रोत भएका नदीहरूको पानीलाई मझौला नदीहरूमा पथान्तरण गरी जलविद्युत समेत उत्पादन गर्ने यस आयोजनाको उद्देश्य रहेको छ। भेरी नदीको पानी बबई नदीमा खसाली नेपालकै पहिलो बहुउद्देश्यीय आयोजनाको रुपमा अगाडि बढाइएको यस आयोजनाको निर्माण कार्य आ.व. २०७१/७२ बाट सुरु गरिएको हो । यस आयोजनाको टनेल निर्माण कार्यमा नेपालमा नै पहिलो पटक टनेल बोरिङ्ग मेशिन प्रयोग भएको थियो । यस आयोजनाको हालसम्मको आर्थिक र भौतिक प्रगति क्रमश ५१ प्रतिशत र ६० प्रतिशत रहेको छ ।

## महाकाली सिँचाइ आयोजना

कञ्चनपुर जिल्लामा अवस्थित महाकाली सिँचाइ आयोजना नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७/०८/३० को निर्णय बमोजिम राष्ट्रिय गौरवको आयोजनामा स्तरोन्नति भएको हो। यस आयोजनाको पानीको मूल स्रोत महाकाली (टनकपुर ब्यारेज) नदी रहेको छ। सन् १९९६ मा नेपाल र भारत बिच भएको सम्झौता (Mahakali Integrated Development Treaty) अनुरुप नेपालले टनकपुर ब्यारेजबाट हिँउदमा ३०० क्युसेक र गर्मी याममा १,००० क्युसेक पानी पाउने व्यवस्था रहेको छ। यस आयोजनाबाट कैलाली र कञ्चनपुर जिल्लाको ३३,५२० हेक्टर कृषियोग्य भूमिमा दिगो र भरपर्दो रुपमा सिँचाई सुविधा उपलब्ध गराई कृषकको आय आर्जनमा वृद्धि गरी लगभग १,३५,००० नागरिकको जीवनस्तर सुधार गर्ने अपेक्षा राखिएको छ। वि.सं. २०८६/८७ मा सम्पन्न हुने लक्ष्य लिइएको उक्त आयोजनाको अनुमानित कुल लागत रु.३५ अर्ब रहेको छ। हाल तेस्रो चरणको निर्माण कार्यहरु भईरहेको उक्त आयोजनाबाट समीक्षा अवधिसम्म ३,००० हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा उपलब्ध भएको छ । हालसम्म ३३ कि.मि. मूल नहर र १८ कि.मि. शाखा नहर निर्माण कार्य भएको छ। महाकाली सिँचाई आयोजनाको कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम २०८२ असार मसान्तसम्म उक्त आयोजनाको भौतिक प्रगति २६.६० प्रतिशत र वित्तीय प्रगति २६.५३ प्रतिशत रहेको छ।

## रानीजमरा कुलरिया सिँचाई आयोजना

आर्थिक वर्ष २०६७/६८ बाट निर्माण कार्य सुरु भएको यस परियोजनाको समग्र सिँचित क्षेत्र ३८,३०० हेक्टर रहने भएता पनि हाल नेपाल सरकारबाट स्वीकृत गुरु योजनाअनुसार आर्थिक वर्ष २०८०/८१ मा २०,३०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याइने लक्ष्य रहेकोमा आ.व. २०८५/८६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ। यस सिँचाइ आयोजनाको २०८२ असारमसान्तसम्मको भौतिक प्रगति ७४.७६ प्रतिशत र वित्तीय प्रगति ६९.५५ प्रतिशत रहेको छ।

आयोजनाको निर्माण कार्य सम्पन्न भएपश्चात् करिब १४ हजार ३ सय हेक्टर जमिनमा सिँचाई सुविधा उपलब्ध हुनेछ भने यसबाट करिब २३ हजार ६ सय २२ घरधुरीका १ लाख ४२ हजार ३ सय ६६ जनसंख्या प्रत्यक्ष लाभान्वित हुने छन्। यसका अलावा पूर्व पश्चिम राजमार्गको समानान्तर पश्चिमतर्फ लम्की बिस्तार सिँचाइ शाखा नहरबाट पथरैया नदीसम्मको थप करिब ६ हजार हेक्टरमा र दिर्घकालमा काद्रा नदीसम्मको

थप १८ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य लिइएको छ । यस आयोजना अन्तर्गत २०८१ पुसमसान्तमा ११ हजार ७ सय ८९ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार भएको छ । नहरमा निर्मित हाइड्रोपावर परियोजनाबाट २०८० माघदेखि बिजुली उत्पादन समेत सुरु भएको छ । उक्त आयोजनामा हाल ९८ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

### नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड)

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको दाउन्नेदेखि रुपन्देही जिल्लाको बुटवलसम्म पर्ने नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड) को कुल लम्बाई ४८.५३५ कि.मि. रहेको छ । यस सडक खण्डमा पर्ने बजार/बस्ती क्षेत्र (११.४४५ कि.मि.) मा ६ लेन, जंगल/ग्रामीण क्षेत्र (२७.१९ कि.मि.) मा ४ लेन र दाउन्ने क्षेत्र (९.९ कि.मि.) मा ३ लेनमा सडक विस्तार गर्नुका साथै ९ वटा ठूला पुलहरु, ३८ वटा (दायाँ-बायाँ सहित) साना पुलहरु र २५६ वटा कल्भर्टहरुको निर्माण गर्ने योजना रहेको छ । वि.सं. २०७५ माघ २४ मा शुरु भएको उक्त आयोजना चौथों पटक म्याद थप गरी २०८३ श्रावण ५ गतेसम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । वि.सं. २०८२ असार मसान्तसम्म आयोजनाको भौतिक प्रगति ६९.०३ प्रतिशत र वित्तीय प्रगति ६५.३४ प्रतिशत रहेको छ । यस योजनामा कुल ३४३ जना स्वदेशी (२५ महिला र ३१८ पुरुष) तथा १६ जना विदेशी नागरिकले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

### सिद्धबाबा सुरुङ मार्ग योजना

नेपालको पाल्पा जिल्लामा सिद्धार्थ राजमार्ग अन्तंगत पर्ने सिद्धबाबा क्षेत्रमा मिति २०७८/११/२५ मा ठेक्का सम्झौता सम्पन्न भई निर्माण कार्य थालनी भएको हो । यस योजनाको निर्माण अन्तर्गत ११२६ मिटरको सुरुङ मार्गका साथै चालु सडकमा ७८० मिटरको rockshed structure र rocknet, rockbolt प्रविधिको समेत व्यवस्था रहेको छ । यस योजनामा तीनवटा १५१ मि., १६१ मि. र १३० मि. लम्बाईका bypass tunnel रहेका छन् । यस योजनाको निर्माण कार्यका लागि Engineering Procurement and Construction (EPC) Modality अबलम्बन गरिएको छ । आ.व. २०८३/८४ मा सम्पन्न गर्ने योजना रहेको यस योजनाको हालसम्मको भौतिक प्रगति निम्न बमोजिम रहेको छ :

**तालिका ६.१.३: सिद्धबाबा सुरुङ मार्ग योजनाको आ.व. २०८१/८२ सम्मको भौतिक प्रगति**

| मुख्य क्रियाकलाप | आयोजनाको कुल लक्ष्य | आ.व. २०८१/८२ सम्मको प्रगति |
|---|---|---|
| सुरुङ मार्ग निर्माण (मेन टनेल), मि. | ११२६ | ११२६ |
| सुरुङ मार्ग निर्माण (बाइपास टनेल), मि. | ४४२ | ४४२ |
| टनेल लाइनिंग (मेन टनेल), मि. | १०८९ | १०८९ |
| टनेल लाइनिंग (बाइपास टनेल), मि. | ४४२ | ३१६.५ |
| Slope protection, मि. | २२३२० | ३८८५ |
| **समष्टिगत भौतिक प्रगति** | | **५७.५१ प्रतिशत** |

*स्रोत : सडक विभाग, २०८१/८२*

### कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना

राष्ट्रिय गौरवको आयोजना कालिगण्डकी कोरिडोर नेपालको उत्तर-दक्षिण जोड्ने महत्वपूर्ण सडकको रुपमा रहेको छ । कालिगण्डकी कोरिडोर नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) जिल्लाको गैंडाकोटदेखि मुस्ताङ्ग जिल्लाको कोरला नाकासम्म कालिगण्डकी नदीको किनारबाट निर्माण भइरहेको River Allignment हो । यसको लम्बाई करिव ४४४ कि.मि. रहेको छ । यस सडक योजना अन्तर्गत गैंडाकोट-राम्दी-मालढुङ्गा सडक खण्ड, पाल्पा र मालढुङ्गा-बेनी-जोमसोम-कोरला सडक खण्ड, जोमसोम स्थापना गरी निर्माण कार्य भइरहेको छ । कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडक योजना आ.व. २०६७/६८ मा शुरु

भई आ.व. २०८३/८४ सम्म निर्माण सम्पन्न हुने लक्ष्य लिईएको छ । योजनाको कुल अनुमानित लागत रु.२० अर्ब रहेको छ । २०८२ असार मसान्तसम्म योजनाको समग्र भौतिक प्रगति ७९ प्रतिशत र वित्तीय प्रगति ७०.३५ प्रतिशत रहेको छ । यस योजनाले कुल ११८५ जना (३५ महिला र ११५० पुरुष) स्वदेशी नागरिकलाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ ।

### बबई सिँचाइ आयोजना

लुम्बिनी प्रदेशको बर्दिया जिल्लाको करिव ३६,००० हेक्टर कृषि योग्य क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ निर्माणाधीन बबई सिँचाइ आयोजनाको मुख्य स्थान बारबर्दिया-१०, बर्दियामा रहेको छ । यस आयोजनाले लुम्बिनी प्रदेशको बर्दिया जिल्लाका बारबर्दिया नगरपालिका, बाँसगढी नगरपालिका, गुलरिया नगरपालिका, ठाकुरबाबा नगरपालिका, मधुवन नगरपालिका र बढैयाताल गाउँपालिकामा प्रभाव पारेको छ । आर्थिक वर्ष २०४५/४६ मा शुरु गरिएको यस आयोजना आर्थिक वर्ष २०८४/८५ मा सम्पन्न हुने लक्ष्य रहेको छ । यस आयोजनाको लागत रु. १८ अर्ब ९६ करोड ३० लाख ४४ हजार रहेको छ । हालसम्म भौतिक प्रगति ८२.२७ प्रतिशत र वित्तीय प्रगति ८१.५८ प्रतिशत रहेको यस आयोजनामा कुल ४९० जना स्वदेशी (१४० महिला र ३५० पुरुष) नागरिकले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

### सिक्टा सिँचाइ आयोजना

यो सिँचाइ आयोजना लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित छ । बाँकेको अगैयामा राप्ती नदीमा बाँध निर्माण गरी उक्त जिल्लाका राप्ती पश्चिम रहेका ६ वटा गाउँपालिका, कोहलपुर नगरपालिका र नेपालगञ्ज उपमहानगरपालिका र राप्ती पूर्वतर्फ रहेको राजकुलो सिँचाइ योजनासमेतबाट गरी सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य रहेको छ । आर्थिक वर्ष २०४५/४६ मा शुरु गरिएको यस आयोजना आर्थिक वर्ष २०८९/९० मा सम्पन्न हुने लक्ष्य रहेको छ । यस आयोजनाको लागत रु. ५२ अर्ब ८९ करोड रहेको छ । हालसम्म भौतिक प्रगति ४४.२३ प्रतिशत र वित्तीय प्रगति ४३.३३ प्रतिशत रहेको यस आयोजनामा कुल ११० जना स्वदेशी (१२ महिला र ९८ पुरुष) नागरिकले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

### जयनगर-जनकपुर-भंगहा रेल्वे

नेपाल रेल्वे कम्पनी लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुने गरी जयनगर-जनकपुर-भंगहा रेल्वेको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भई भंगहासम्म सञ्चालनमा आएको छ । हाल भंगहा-जयनगर दैनिक एक पटक र जनकपुर-जयनगर दैनिक तीन पटक सञ्चालन हुने गरेको छ । भारत सरकारको पूर्ण सहयोगमा सम्पन्न भएको भौतिक पूर्वाधार निर्माण अन्तर्गत रेल्वेको लिक बिछ्याउने तथा विभिन्न स्टेशनहरूमा प्लेटफर्म बनाउने र रेलको इन्जिन र बग्गी खरिद समेतको कुल लागत रु.८ अर्ब रहेको छ । कम्पनीका अनुसार रेलको यात्रु क्षमता १ हजार ३ सय रहेको छ ।

हाल सम्पन्न पूर्वाधार अनुसार महोत्तरीको भंगहाबाट धनुषाको कुर्था, जनकपुर, परवाहा, वैदेही, महिनाथपुर, खजुरी, इनर्वा हुँदै भारतीय सीमास्थित बजार जयनगरसम्म चल्ने यस रेल्वेको लम्बाई ५१.१३ कि.मि. रहेको छ । कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ कि.मि. सन् २०२३ को जुलाई १६ देखि सञ्चालनमा आएको छ । हाल भंगहादेखि जयनगर ५१ कि.मि. रेल्वे सञ्चालनमा रहेको छ । भंगहादेखि बर्दिवाससम्म १८ कि.मि. खण्डमा जग्गा अधिग्रहण एवम् मुआब्जा वितरणको कार्य भइरहेको छ ।

### काठमाडौं-तराई मधेश द्रुतमार्ग

काठमाडौं-तराई मधेस द्रुतमार्ग सडक आयोजना नेपालको राजधानी काठमाडौंलाई तराई मधेससँग छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो स्तरीय सडक तथा द्रुतमार्ग (Asian Highway Standard

Primary Class A) हो । यस द्रुतमार्गले छोटो दूरीमा राजधानी काठमाडौंलाई तराईसँग जोडी यात्रा तथा ढुवानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखिएको छ । चार लेनको यस आयोजना ललितपुरको खोकनादेखि शुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म जम्मा लम्बाई ७०.९७ किलोमिटर र आयोजनाको क्षेत्र ललितपुर (९ कि.मि.), काठमाडौं (४.६ कि.मि.), मकवानपुर (४९.७७ कि.मि.) र बारा (७.६ कि.मि.) रहेको छ ।

आ.व. २०७४/७५ बाट शुरु भएको यस आयोजना मिति २०८३ चैत्रमा सम्पन्न गर्ने लक्ष्य रहेको भएतापनि सो अनुरुपको प्रगति भने हुन सकेको छैन । प्रारम्भिक लागत रु.१ खर्ब ११ अर्ब अनुमान रहेको यस आयोजनाको संशोधित लागत रु.२ खर्ब ११ अर्ब ९३ करोड रहेको छ । काठमाडौ-तराई मधेश द्रुतमार्ग सडक आयोजना प्रमुखको कार्यालय अनुसार हालसम्म समष्टिगत भौतिक प्रगति ३७.६० प्रतिशत र वित्तीय प्रगति ३९.५६ प्रतिशत (मोविलाईजेशन सहित) रहेको छ। यस आयोजनाले प्रभाव पार्ने जिल्लाहरु काठमाडौं, ललितपुर, बारा, चितवन, मकवानपुर, पर्सा, रौतहट, सर्लाही, धनुषा, सिरहा, सप्तरी र सुनसरी लगायत तराईका जिल्लाहरु रहेका छन् । हाल यस आयोजनामा २,१४५ (१,८७६ स्वदेशी र २६९ विदेशी) जनाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

### हुलाकी राजमार्ग

यस आयोजनाले पूर्वमा झापाको भद्रपुरबाट पश्चिममा कञ्चनपुरको दैजीसम्म तराई मधेशका जिल्ला सदरमुकाम र घना बस्तीलाई जोड्दै १८५७ कि.मि. यातायातको पहुँच विस्तार गर्ने देखिन्छ । यस आयोजनाले तराई-मधेशका २२ जिल्लामा यातायात सहज बनाउने उद्देश्य रहेको छ । आर्थिक वर्ष २०६६/६७ बाट शुरु भएको यो आयोजना आर्थिक वर्ष २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.४७ अर्ब २४ करोड रहेकोमा संशोधित लागत अनुमान रु.६५ अर्ब २० करोड पुगेको छ । आयोजनाको हालसम्मको भौतिक प्रगति निम्न बमोजिम रहेको छः

**तालिका ६.१.४: हुलाकी राजमार्ग आयोजनाको आ.व. २०८१/८२ सम्मको भौतिक प्रगति**

| मुख्य क्रियाकलाप | आयोजनाको कुल लक्ष्य | आ.व. २०८१/८२ सम्मको प्रगति | निर्माणाधीन | ठेक्का व्यवस्थापन हुन बाँकी |
|---|---|---|---|---|
| कालोपत्रे सडक निर्माण (कि.मि.) | १८५७ | १३५१ | २४४ | २२८ |
| पुल निर्माण (संख्या) | ३०० | १५१ | ५९ | ८९ |

*स्रोत : सडक विभाग, २०८१/८२*

## ६.२ राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति

राष्ट्रिय गौरवका आयोजनाहरुको स्थिति र समीक्षा वर्षको अन्तसम्मको भौतिक र वित्तीय प्रगति विवरण प्रतिवेदनको अनुसुची (क) मा प्रस्तुत गरिएको छ ।

## ६.३ पूर्वाधार क्षेत्रका चुनौती तथा सम्भावना

### ६.३.१ चुनौती

भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु, पूर्व निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्नु, निर्माणमा गुणस्तर र पूर्वाधार विकासमा तीव्रता कायम गर्नु जस्ता चुनौती लामो समयदेखि विद्यमान रहेका छन् । निमार्णाधीन पूर्वाधारहरुले निम्त्याउन सक्ने दुर्घटना, पूर्वाधार निर्माण आयोजना निर्धारित समय र लागतमा निर्धारित गुणस्तरसहित सम्पन्न गर्नु, निर्माण व्यवसायीहरुको दक्षता अभिवृद्धि गरी पूर्वाधार विकासमा तिव्रता ल्याउनु,

सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माणसम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वय कायम गर्नु चुनौतीपूर्ण रहेको छ। त्यस्तै भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक जग्गाको पहिचान, मूल्याङ्कन, अधिग्रहण तथा मुआब्जा वितरणको कार्यमा हुने स्थानीय अवरोधको दीर्घकालीन समाधान खोज्नु कठिन देखिन्छ। साथै, आयोजनाका लागि विशेषज्ञको सुनिश्चितता गर्नु, सम्पन्न पूर्वाधारहरुको समय समयमा मर्मत सम्भार गर्नु, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना तथा पूर्वाधारको क्षेत्रमा आवश्यक कच्चा पदार्थ, मेशिन र उपकरण समयमा आपूर्ति गर्नु जस्ता चुनौतीहरु पनि विद्यमान रहेका छन्।

**तालिका ६.२ : पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
|---|---|
| कोशी | • पर्यटक लक्षित आवश्यक पूर्वाधारहरूको निर्माण निर्धारित समयमा सम्पन्न गर्नु।<br>• निश्चित मापदण्ड विना पूर्वाधारका आयोजनाको छनोट गर्ने र आवश्यक पूर्व तयारीबिना कार्यान्वयनमा लैजाने हालको परिपाटीलाई बन्द गरी प्रदेशस्तरमा पनि परियोजना बैंकको अवधारणाको अनुशरण तथा कार्यान्वयन गर्नु।<br>• प्रदेशको भौगोलिक संरचना र समय समयमा आइरहने प्राकृतिक विपत्ति बाढी, पहिरो, भू-क्षय, आदिका कारण पूर्वाधार आयोजनाहरु समयमै सम्पन्न गर्नु र सम्पन्न भएका परियोजनाको दिगोपन सुनिश्चित गर्नु।<br>• ठुला पूर्वाधार तथा परियोजना निर्माण सुरु गर्न आयोजना प्रभावित क्षेत्रका स्थानिय वासिन्दाको समर्थन जुटाउनु र जग्गा अधिग्रहण गर्ने कार्यलाई सहज बनाउनु।<br>• आयोजना निर्माण गर्न आवश्यक पर्ने सामाग्रीको उत्खनन्/प्रयोग सहज हुने वातावरण सिर्जना गर्नु। |
| मधेश | • पूर्वाधार क्षेत्रको विकासमा आउने समस्याहरू समाधान गर्न अन्तर-निकाय समन्वय कायम गर्ने र निर्माण शुरु भएका आयोजनाहरूको काम समयमै सम्पन्न गर्न निर्माण व्यवसायी र ठेकेदारको क्षमता अभिवृद्धि गर्नु।<br>• मधेश प्रदेशमा निर्माण शुरु भएका आयोजना हुलाकी राजमार्ग, काठमाडौं–तराई मधेस द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्दै निर्धारित लागत र समय तालिकाभित्र निर्माण सम्पन्न गर्नु।<br>• सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा डेरी र केही खाद्य उद्योगहरू बाहेक अन्य ठूला उद्योगहरू सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई थप उद्योगहरू सञ्चालन हुने वातावरण तयार पार्नु।<br>• अव्यवस्थित रुपमा बढ्ने शहरीकरणले औद्योगिक क्षेत्रको लागि चाहिने जग्गा उपलब्ध हुन सक्ने वातावरण नरहेकोले शहरीकरणलाई व्यवस्थित बनाउनु।<br>• पूर्व-पश्चिम राजमार्गको चौडाई विस्तार गर्ने काम शुरु भएकोमा सो काम समयमै सम्पन्न गर्नु।<br>• प्रदेश र स्थानीय तहमा बनेका भौतिक पूर्वाधारहरूको गुणस्तर कायम गरी दिगो रुपमा सञ्चालन गर्नु। |
| बागमती | • कठिन भौगोलिक बनावट, उच्च लागत तथा सिमित वित्तीय स्रोतबाट सर्वसुलभरुपमा गुणस्तरीय पूर्वाधार निर्माण गर्नु।<br>• राजनीतिक तथा विभिन्न स्वार्थ समुहको प्रभावका कारण साना तथा टुक्रे आयोजनाहरुको संख्या र बजेट निश्चित सीमाभित्र राख्नु।<br>• नीति तथा कार्यक्रमसँग तालमेल हुने गरी वार्षिक विकास कार्यक्रमको निर्माण गर्नु। |

| | |
|---|---|
| | • सार्वजनिक खरिदमा हुने प्रक्रियागत झन्झटलाई सरलीकरण गर्नु, निर्माण व्यवसायीहरुमा व्यावसायिकता विकास गर्नु तथा ठेक्का लागेका आयोजनाहरु समयमै सम्पन्न गरी लाभ लिनु।<br>• पूर्वाधार निर्माण, उपयोग र संरक्षण तथा सम्वर्द्धनमा निजी क्षेत्र तथा जनस्तरको सहभागिता वृद्धि गरी जिम्मेवार बनाउनु । |
| गण्डकी | • जलविद्युत तथा सडक निर्माण लगायतका आयोजनाहरुमा मुआब्जा वितरणमा समस्या, दक्ष कामदारको अभाव, रुख कटान कार्यमा समस्या, स्थानीयको विवाद, राजनैतिक अस्थिरता, भौगोलिक विकटता इत्यादि कारणले निर्धारित लागत र समयमै निर्माण कार्य सम्पन्न गर्नु ।<br>• ठूला पूर्वाधार निर्माणका लागि भु-धरातल र प्राविधिक जटिलताले गर्दा लागत संरचना तुलनात्मक रुपमा अधिक देखिने हुँदा सार्वजनिक क्षेत्रको लगानीले मात्र प्रयाप्त हुन नसक्ने अवस्थामा नीजि क्षेत्रलाई पूर्वाधार क्षेत्रमा लगानीका लागि आकर्षित गर्नु ।<br>• भौगोलिक, वित्तीय र वातावरणीय हिसाबले उपयुक्त नदेखिएका ग्रामीण बस्तीको व्यवस्थापन गर्ने कार्य । |
| लुम्बिनी | • देशकै मुख्य सडक नारायणघाट-बुटवल, बुटवल-गोरुसिंगे र भालुबाङ-लमही सडक खण्डको स्तरोन्नति गरी पूर्ण रुपमा सुचारु गर्नु ।<br>• विगत लामो समयदेखि सुरु भएका सिँचाइ आयोजनाहरु सम्पन्न गरी कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्नु ।<br>• शहरी बस्तीलाई व्यवस्थित गर्दै अत्यावश्यक पूर्वाधारहरु निर्माण गर्नु ।<br>• सीमित लगानी तथा विभिन्न निकायहरुबीच प्रभावकारी समन्वयको अभावका कारण आयोजनाहरु निर्धारित समय र लागतमा सम्पन्न गर्नु ।<br>• जग्गाको अधिग्रहण तथा मुआब्जा वितरण प्रक्रिया सरलीकृत गरी पूर्वाधार निर्माणको लागत घटाउनु ।<br>• पूर्वाधारहरुको आवश्यकता र आपूर्तिबीच तालमेल कायम गरी निर्मित भौतिक पूर्वाधारको गुणस्तर अभिवृद्धि गर्नु ।<br>• व्यवस्थित शहरीकरण, एकीकृत बस्ती विकास, जोखिमयुक्त बस्ती स्थानान्तरण तथा सुकुम्बासी बस्तीको व्यवस्थापन गर्नु । |
| कर्णाली | • कर्णाली प्रदेशमा कठिन भूगोल र सीमित स्रोत साधन भएकोले सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकास गर्नु ।<br>• मुख्यतया कर्णाली राजमार्ग, भेरी र कर्णाली कोरिडोर लगायतका सडक सञ्जालहरुलाई नियमित रुपमा सञ्चालन गर्न वर्षे खोलाहरुमा पुल निर्माण गर्ने, निरन्तर पहिरो खस्ने क्षेत्रको पहिचान गरी त्यसको दिगो समाधानको लागि आवश्यक पूर्वाधार निर्माण गर्नु ।<br>• हिमाली तथा उच्च पहाडी जिल्लाहरुबाट राजधानी केन्द्रित बसाईसराईको दर बढ्दै गईरहेकोले अव्यवस्थित सहरीकरणलाई न्यूनिकरण गर्न ग्रामिण क्षेत्रमा एकिकृत बस्ती विकास गर्नु ।<br>• रारा तथा शे-फोक्सुण्डो लगायतका पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरुमा बढिभन्दा बढी आन्तरिक तथा बाह्यक पर्यटक भित्र्याउन पर्यटन पूर्वाधार विकास गर्नु ।<br>• हवाई यातायातलाई सुलभ र सहज यातायातको रुपमा विकास गर्नु, निजी क्षेत्रलाई प्रदेशको हवाई सेवा विस्तारमा आकर्षित गर्नु साथै प्रदेशका विमानस्थलहरुलाई आर्थिक रुपमा सक्षम हुने गरी सञ्चालन गर्नु । |
| सुदूरपश्चिम | • प्रदेश गौरवका आयोजनाहरु, रणनीतिक महत्वका पूर्वाधार आयोजना र राष्ट्रिय गौरवका आयोजनाहरु गुणस्तरीय रुपमा समयमा नै सम्पन्न गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु । |

| | |
|---|---|
| | • विद्युत उत्पादन क्षमतामा देशकै बढी क्षमता रहेको सुदूरपश्चिम प्रदेशमा विद्युत उत्पादनका आयोजनाहरुमा लगानी आकर्षित गर्न आयोजनाहरुको सम्भाव्यता अध्ययन गर्ने तथा निर्माणका क्रममा रहेका आयोजनाहरुलाई तिव्रताका साथ सम्पन्न गर्नु ।<br>• भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु । प्राकृतिक प्रकोप (बाढी, पहिरो) को कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्चमा उल्लेख्य वृद्धि गर्नु ।<br>• सडक, सिँचाइ, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा तीनै तह तथा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वयको विकास गरी निर्माण कार्यलाई कककतिव्रता दिनु । |

### ६.३.२ सम्भावना

देशमा जनसाङ्ख्यिक लाभको उपयोग गर्दै बेरोजगार युवाहरुलाई पूर्वाधार विकासको काममा लगाउने सम्भावना रहेको छ । जलविद्युत, सिमेन्ट, डण्डी उत्पादनमा देश आत्मनिर्भर उन्मुख रहेको, सरकारले सिँचाई, सडक, विमानस्थल लगायतका पूर्वाधार निर्माण दीर्घकालीन सोचका साथ प्राथमिकतामा राखेको, विद्युत प्रसारण लाइन र सडक सञ्जाल विस्तार आयोजना अघि बढेको, पूर्वाधारका क्षेत्रमा लगानी गर्न द्विपक्षीय एवम् बहुपक्षीय विकास साझेदारको प्राथमिकतामा रहेको लगायतका कारणहरुले पूर्वाधार क्षेत्रको विकासले गति लिने सम्भावना देखिन्छ ।

**तालिका ६.३ : पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सम्भावना |
|---|---|
| कोशी | • प्रदेशका नदीहरूबाट जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेकोले विद्युत उत्पादन गरी स्वदेशमा उर्जा आपूर्ति गर्न तथा विद्युत निर्यात गर्ने ।<br>• निर्माणाधीन रहेका पुष्पलाल मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, कोशी राजमार्ग जस्ता सडक आयोजनाको निर्माण सम्पन्न भएपश्चात् बजारसम्मको कनेक्टिभिटीमा सुधार आउने र ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलाप बढ्ने तथा स्थानीय उत्पादनहरूको बजारीकरण सहज हुने ।<br>• प्रदेशमा रहेका कोशी कोरिडोर, मेची राजमार्ग जस्ता उत्तर दक्षिण जोड्ने सडक सञ्जाल बिकास गरी भारत-चीन जोड्ने महत्वपुर्ण व्यापारीक मार्गको रुपमा विकास गर्न सकिने । |
| मधेश | • भौगोलिक सुगमता तथा आर्थिक रुपले सक्रिय जनशक्तिको सदुपयोग गर्दै कृषि र उद्योगको विकासमार्फत पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्न सकिने ।<br>• प्रदेशको भौगोलिक बनावट समतल भू-भाग रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक हिसाबले कम लागतमा अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारको निर्माण तथा विकास हुन सक्ने सम्भावना रहेको देखिन्छ ।<br>• मुलुककै सबैभन्दा ठूलो सप्तकोशी नदी, मधेश प्रदेशको पूर्वी सीमा हुँदै बग्ने भएकोले सो नदीको उपयुक्त स्थानमा बाँध बाँधी नहर निर्माण गर्न सके मधेश प्रदेशको कृषियोग्य भूमिमा सिँचाई सुविधा उपलब्ध गराउन सकिने ।<br>• सीप विकास, व्यवसायिक तालिम, CTEVT सम्वद्ध शिक्षालय विस्तार गरी दक्ष जनशक्ति उत्पादन गरी स्थानीय उद्योग र सेवा क्षेत्रमा रोजगारी सिर्जना गर्न सकिने ।<br>• वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई नेपालको उद्यमशील युवा कार्यक्रम जस्ता योजनाहरुमार्फत उद्यम सञ्चालनको प्रशिक्षण र अनुदान दिई युवाहरुको सीप र पुँजी उपयोग गरेर स्वरोजगार बन्न प्रोत्साहन गर्न सकिने । |

| | |
|---|---|
| बागमती | • प्रदेश आयोजना बैंक सञ्चालन गरी पूर्वतयारी सम्पन्न र प्राथमिकता प्राप्त आयोजना मात्र कार्यान्वयन गरे पूर्वाधार निर्माणले गति लिन सक्ने ।<br>• जलविद्युत उत्पादन, सिमेन्ट लगायत अन्य कच्चा पदार्थको उपलब्धताले राष्ट्रिय गौरवका आयोजनाको श्रीघ निर्माण एवम् बाढी पहिरो लगायत अन्य प्रकोपहरुबाट प्रभावित संरचनाहरुको पुनर्निर्माण कार्यले पूर्वाधार क्षेत्र थप चलायमान हुने सम्भावना रहेको । |
| गण्डकी | • प्रदेशमा निर्माणाधीन कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्ग जस्ता राष्ट्रिय गौरवका सडकहरुको निर्माण कार्य सम्पन्न गर्न सकेमा यस प्रदेशको आर्थिक, व्यापारिक एवम् सामाजिक विकासमा महत्वपूर्ण हुने ।<br>• हाल १२०० मेगावाट बुढीगण्डकी जलविद्युत आयोजनासहित ३००० मेगावाट भन्दा धेरै क्षमताका आयोजना निर्माणाधीन अवस्थामा रहेको परिप्रेक्ष्यमा अन्तरदेशीय प्रसारण लाइनको निर्माण हुनु तथा नेपाल सरकार र भारत सरकार तथा बंगलादेश सरकारबीच नेपालवाट बिद्युत निर्यात गर्ने समझदारी हुनुले जलविद्युत क्षेत्रको विस्तारमा सम्भावना थपेको ।<br>• मुस्ताङ जिल्लामा सौर्य तथा वायु ऊर्जा उत्पादनको प्रचुर सम्भावना भएको ।<br>• एशियाली विकास बैंकसँग ऋण सम्झौता भई पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा खण्डलाई चार लेनमा स्तरोन्नति गर्ने कार्य सम्पन्न हुने चरणमा रहेको हुँदा यस प्रदेशमा व्यापार व्यवसायका लागि ढुवानी सेवा र यात्राका लागि समेत सहज हुने भएकोले व्यापार व्यवसाय र पर्यटकीय गतिविधि बढाउन सकिने । |
| लुम्बिनी | • प्रदेशमा गिट्टी, बालुवा, सिमेन्ट, फलामे छड लगायतका निर्माण सामाग्री उत्पादनको सम्भावना रहेकाले पूर्वाधारको लागि कच्चा पदार्थको उपलब्धता ।<br>• जनसाङ्ख्यिक लाभको उपयोग गर्दै बेरोजगार युवाहरुलाई पूर्वाधार विकासको काममा लगाउने सम्भावना रहेको ।<br>• कर्णाली नदीमा जल यातायातको विकास गरी प्रदेशमा पर्यटकीय जलयात्राको उच्च सम्भावना रहेको ।<br>• नयाँ नगर विकासको प्रारम्भिक चरणमा रहेकोले आधुनिक पूर्वाधार, मौलिक पहिचान सहित योजनाबद्ध विकास गर्न सकिने सम्भावना रहेको ।<br>• यस प्रदेशभित्र राष्ट्रिय गौरवका तीन वटा सिँचाइ आयोजनाहरु कार्यान्वयनमा रहेकाले नयाँ प्रविधि एवम् जल व्यवस्थापन मार्फत सिँचाइ सुविधा विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सकिने । |
| कर्णाली | • दैलेख जिल्लामा प्राकृतिक ग्याँस र पेट्रोलियम पदार्थको ठुलो सम्भावना रहेकोले सोको व्यवस्थित रुपमा उत्खनन गरी प्राकृतिक ग्याँस तथा पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गर्न सकिने ।<br>• सुर्खेत विमानस्थलबाट कर्णाली प्रदेशका हवाई उडान हुने सबै जिल्लामा हवाई सेवालाई नियमित, सुलभ र सहज बनाउन सकेमा प्रदेशको पर्यटन विकास गर्न सकिने ।<br>• यस प्रदेशको मेरुदण्डको रुपमा रहेका सडकहरु भेरी कोरिडोर, कर्णाली कोरिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरीघाटदेखि जुम्लाको खलङ्गा र मुगुको नाक्चेलाग्ना खण्डको गुणस्तर अभिवृद्धिबाट शे-फोक्सुण्डो र रारा ताल तथा लिमीबाट कैलाश मानसरोवर दर्शनका लागि लाखौं पर्यटक आकर्षित गर्न सकिने ।<br>• कर्णाली र भेरी जस्ता ठुला नदीहरु लगायत थुप्रै मध्यमस्तरका नदिनालाहरु रहेकाले जलविद्युतउत्पादन तथा सिँचाई सुविधाको विस्तार गर्न सकिने । |
| सुदूरपश्चिम | • राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुनुका साथै स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक क्षेत्र थप चलायमान बनाउन सकिने । |

| | |
|---|---|
| | • विद्युत उत्पादनका आयोजनाहरुमा लगानी आकर्षित गर्न प्रदेश तथा नेपाल सरकारबाट लगानीको वातावरण सिर्जना भएमा विद्युत उत्पादन बढ्ने तथा स्वदेशमै रोजगारीका अवसर सिर्जना हुने । |

# परिच्छेद ७: बाह्य क्षेत्र र रोजगारी

## ७.१ वैदेशिक व्यापार

आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु निर्यात ८१.८ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ७७ अर्ब ३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात ३.० प्रतिशतले घटेको थियो। गन्तव्यका आधारमा भारत, चीन र अन्य मुलुकतर्फ क्रमशः ११७.८ प्रतिशत, १.६ प्रतिशत र ६.७ प्रतिशतले निर्यातमा वृद्धि भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु आयात १३.३ प्रतिशतले वृद्धि भई रु.१८ खर्ब ४ अर्ब १२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १.२ प्रतिशतले घटेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा समिक्षा वर्षमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयातमा क्रमशः ७.५ प्रतिशत, १४.२ प्रतिशत र ३१.७ प्रतिशतले वृद्धि भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु निर्यातमा भारतको हिस्सा बढेको छ भने आयातमा अन्य मुलुकको हिस्सा बढेको छ। कुल वस्तु निर्याततर्फ भारतको हिस्सा ८१.१ प्रतिशत, चीनको हिस्सा ०.९ प्रतिशत र अन्य मुलुकको हिस्सा १७.९ प्रतिशत रहेको छ। त्यसैगरी, कुल वस्तु आयाततर्फ भारतको हिस्सा ५९.४ प्रतिशत, चीनको हिस्सा १८.९ प्रतिशत र अन्य मुलुकको हिस्सा २१.७ प्रतिशत रहेको छ।

**तालिका ७.१ : आर्थिक वर्ष २०८१/८२ मा नेपालको आयात तथा निर्यात स्थिति**

| निर्यात | | | आयात | | |
|---|---|---|---|---|---|
| **देश** | **रु. अर्बमा** | **प्रतिशत** | **देश** | **रु. अर्बमा** | **प्रतिशत** |
| भारत | २२४.६८ | ८१.१० | भारत | १०७१.२० | ५९.३८ |
| अमेरिका | १८.३२ | ६.६१ | चीन | ३४१.१० | १८.९१ |
| जर्मनी | ४.४६ | १.६१ | अर्जेन्टिना | ९९.३० | ५.५० |
| बेलायत | ३.१७ | १.१४ | अमेरिका | २५.९७ | १.४४ |
| युएई | ३.०२ | १.०९ | युएई | २५.३४ | १.४० |
| चीन | २.६३ | ०.९५ | युक्रेन | २४.९१ | १.३८ |
| अन्य | २०.७५ | ७.४९ | अन्य | २१६.३० | ११.९९ |
| **कुल** | २७७.०३ | १००.०० | **कुल** | १८०४.१२ | १००.०० |

*स्रोतः भन्सार विभाग,२०८२*

आर्थिक वर्ष २०८१/८२ मा कुल वस्तु व्यापार घाटा ६.० प्रतिशतले वृद्धि भई रु.१५ खर्ब २७ अर्ब ९ करोड पुगेको छ। अघिल्लो वर्षको यस्तो घाटा १.० प्रतिशतले कमी आएको थियो। समीक्षा वर्षमा निर्यात-आयात अनुपात १५.४ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ९.६ प्रतिशत रहेको थियो।

**तालिका ७.२ : आर्थिक वर्ष २०८१/८२ को आयात तथा निर्यातको संरचना (प्रतिशत)**

| क्र. सं. | विवरण | आ.व. २०८०/८१ | | आ.व. २०८१/८२ | |
|---|---|---|---|---|---|
| | | **आयात** | **निर्यात** | **आयात** | **निर्यात** |
| १ | कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थ | १९.३ | ३१.९ | २४.५९ | ५९.९२ |
| २ | खानी, रसायन, इन्धन, विजुली, फोहोर प्रशोधन | २७.१ | १.५ | २३.८३ | १.२७ |
| ३ | निर्माण, आवास, काठ तथा फर्निचर, आधारभुत धातु, विद्युतीय उपकरण | १४.५ | १५.३ | १३.७५ | ८.८८ |
| ४ | कपडा, छाला, जुत्ता, गहना | ९.३ | ३४.८ | ८.७७ | २१.४१ |
| ५ | यातायात, उपकरण, हुलाक सेवा | १६.४ | ११.५ | १६.४७ | ५.८७ |
| ६ | आइटी, मिडिया, कम्प्युटर, वित्तीय सेवा | ४.९ | ०.८ | ५.०७ | ०.४१ |
| ७ | स्वास्थ्य, शिक्षा तथा खेलकुद | ७.९ | ४.२ | ७.१६ | २.२३ |
| ८ | सरकार, सेना तथा अन्य | ०.६ | ०.० | ०.३७ | ०.०० |
| **जम्मा** | | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत : भन्सार विभाग, २०८२*

आर्थिक वर्ष २०८१/८२ को कुल निर्यात तथा आयातमा कृषि, वन, माछा, खाद्य तथा पेय पदार्थको हिस्सा सबैभन्दा बढी (क्रमशः ५९.९ प्रतिशत र २४.५९ प्रतिशत) रहेको छ (तालिका ७.२)। आयाततर्फ खानी, रसायन, इन्धन, विजुली, फोहोर प्रशोधनको हिस्सा २३.८३ प्रतिशत र यातायात, उपकरण, हुलाक सेवाको हिस्सा १६.४७ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०८१/८२ मा रु.३ खर्ब ५३ अर्ब १५ करोडको कृषिजन्य वस्तु आयात भएको छ भने रु.२७ अर्ब ३४ करोडको कृषिजन्य वस्तु निर्यात भएको छ (तालिका ७.३)। कृषिजन्य वस्तुको आयाततर्फ बोसो तथा तेलको हिस्सा सबैभन्दा धेरै ४४.२२ प्रतिशत रहेको देखिन्छ भने निर्याततर्फ मसलाजन्य वस्तुको हिस्सा सबैभन्दा धेरै ३१.८४ प्रतिशत रहेको देखिन्छ। यसका अतिरिक्त धान, तरकारी तथा दलहन, नट्स तथा फलफूल र पशुपन्छीको आहारा आयात रकमको आधारमा क्रमशः दोस्रो, तेस्रो, चौथो र पाँचौ स्थानमा रहेका छन्। यसैगरी, निर्यात रकमको आधारमा दोस्रो, तेस्रो, चौथो र पाँचौ स्थानमा क्रमशः बोसो तथा तेल, चिया, जुट तथा अन्य वनस्पती रेशा र चिनी रहेका छन्।

**तालिका ७.३ : कृषिजन्य वस्तु आयात निर्यातको अवस्था**

(रु. दश लाखमा)

| वस्तुको नाम | आ.व. २०८०/८१ | | आ.व. २०८१/८२ | |
|---|---|---|---|---|
| | आयात | निर्यात | आयात | निर्यात |
| बोसो तथा तेल | ४८२७४.७ | ८७३१.२ | १५६१४९.८ | ७७४२.८ |
| मसला | १०७४९.० | ९६६८.८ | ९९४२.५ | ८७०७.७ |
| पशुपन्छीको आहारा | २७३४७.९ | ०.० | २५५४७.६ | ०.० |
| जुट तथा अन्य वनस्पती रेशा | ३९८२.१ | ३९३३.८ | ५४१७.३ | ३००५.४ |
| चिया | ३७.८ | ३६२५.० | ९०.३ | ४५९०.९ |
| नट्स तथा फलफुल | २३४४५.८ | ३५.० | २५८७२.७ | २३.७ |
| तरकारी तथा दलहन | २८३१४.३ | ८२८.६ | ३७७३५.५ | ५७९.१ |
| छाला | १२५.३ | ४२२.० | ८१.६ | ४७९.६ |
| कफी | ४१९.८ | १४९.३ | १४४.० | ११४.३ |
| सुर्ती तथा सुर्तीजन्य उत्पादन | ५२९६.३ | १५०.३ | ४४१७.० | २३४.६ |
| दुग्ध पदार्थ तथा पशुजन्य खाद्य उत्पादन | २५१२.७ | १५९.४ | १४०६.८ | १८२.३ |
| चिनी | ४०५४.३ | ५९६.१ | ४८७९.६ | ६३२.६ |
| पिठो, मैदा, सुजी, च्याँख्ला आदि | २५२१.८ | ४३७.६ | २९६३.८ | ३६०.२ |
| मासु | ८.३ | ३२.२ | १९.५ | ३१.० |
| ऊन | ५५५३.३ | ७.६ | ५१४४.८ | ३.४ |
| कपास | ११३२१.७ | १६६.६ | ११८४०.८ | २९.८ |
| जीवित बोटविरुवा तथा फूलहरु | २२५.९ | ६.४ | १०२.१ | २१.४ |
| मकै | १४८९८.० | ७१.४ | १९२७६.९ | १९७.१ |
| धान | ५२०२६.९ | ०.० | ३९०२३.० | ०.० |
| गहुँ | ७८००.४ | ०.० | २६८.४ | ०.० |
| जिवित जन्तु | ८७९.० | ०.९ | ७१२.४ | १२.९ |
| माछा तथा अन्य जलचर | १३५०.२ | ०.६ | १२०३.७ | ०.० |
| रेशम | ७८६.५ | २९४.१ | ७५७.१ | ३९६.४ |
| तयारी माछा मासु | ९५.७ | ०.० | १५८.५ | ०.० |
| **जम्मा** | **२५२०२७.८** | **२९३१६.९** | **३५३१५५.७** | **२७३४५.२** |

*स्रोत : भन्सार विभाग, २०८२*

भन्सार बिन्दुको आधारमा विश्लेषण गर्दा मधेश प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी वस्तु आयात भएको छ भने सुदूर पश्चिम प्रदेश (गण्डकी र कर्णाली प्रदेश वाहेक) मा रहेका भन्सार कार्यालयबाट सबैभन्दा कम वस्तु आयात भएको छ। यसैगरी, निर्यातमा पनि मधेश प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी निर्यात भएको छ भने सुदूर पश्चिम प्रदेश (गण्डकी र कर्णाली प्रदेश वाहेक) मा रहेका

भन्सार नाकाहरुबाट सबैभन्दा कम निर्यात भएको छ । गण्डकी र कर्णाली प्रदेशस्थित भन्सार बिन्दुबाट नगन्य मात्रामा वैदेशिक व्यापार भएको छ (तालिका ७.४) ।

**तालिका ७.४ : भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति**

| प्रदेश | प्रमुख भन्सार विन्दुहरु | आयात (रु. अर्बमा) | निर्यात (रु. अर्बमा) |
|---|---|---|---|
| कोशी | भद्रपुर, विराटनगर, मेची, सुनसरी, पशुपतीनगर | २६०.३२ | ९९.२२ |
| मधेश | वीरगञ्ज, सुख्खा बन्दरगाह, गौर, जलेश्वर, जनकपुर, राजविराज, सर्लाही, सिराहा, ठाडी | ८६४.६५ | १११.९६ |
| बागमती | रसुवा, तातोपानी, त्रिभुवन विमानस्थल, चोभार | २८०.६९ | ३८.१६ |
| गण्डकी | त्रिवेणी, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल | – | – |
| लुम्बिनी | भैरहवा, कृष्णनगर, नेपालगञ्ज, महेशपुर, सुठौली, गौतम बुद्ध विमानस्थल | ३७१.५५ | २६.५३ |
| सुदूरपश्चिम | कैलाली, कञ्चनपुर, सत्ती | २६.९२ | १.१६ |
| **जम्मा** | | **१८०४.१२** | **२७७.०३** |

*स्रोत : भन्सार विभाग, २०८२*

आर्थिक वर्ष २०८१/८२ मा आयात गरिएका मुख्य वस्तुहरुमा पेट्रोलियम पदार्थ, कच्चा तेल, मेसीनरी उपकरण तथा पाटपुर्जा, सवारी साधन तथा पाटपुर्जा, औषधी, फलाम, विद्युतीय उपकरण, सञ्चार उपकरण, रसायनिक मल, सुन आदि रहेका छन् । समीक्षा वर्षमा निर्यात गरिएका मुख्य वस्तुहरुमा प्रशोधित तेल, सेन्थेटिक यार्न, जिङ्कको पाता, गलैंचा, जुस, अलैंची, प्लाइउड, जुटका सामान, तयारी पोशाक, चिया, पश्मिना आदि रहेका छन् (तालिका ७.५) ।

**तालिका ७.५ : भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु**

| प्रदेश | आयात | निर्यात |
|---|---|---|
| कोशी | भटमासको कच्चा तेल, एच.आर. सिट, पोलीथिन दाना, एल.पि ग्यास, सुर्यमुखीको कच्चा तेल, शुद्ध फलाम, स्टेपल फाइबर, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, मकै, अन्य औधोगिक मेसीनरी, डीए पी मल, धान, आदि । | भटमासको प्रशोधित तेल, सेन्थेटिक यार्न, जुटका कपडा, सुर्यमुखीको प्रशोधित तेल, अन्य कपडा, बोरा जुटको झोला, सि.आर. सिट, प्लाइउड, एम.एस. स्टील स्ट्रीप आदि । |
| मधेश | पेट्रोलियम पदार्थ, भटमासको कच्चा तेल, मेसिनरी तथा तिनका पार्टपुर्जा, फलाम, औषधी, इलेक्ट्रिम मेसिनरी, उपकरण र तिनका पार्टपुर्जा, यातायातका साधन तथा तिनका पार्टपुर्जा, सबै प्रकारका खाद्यन्नहरु आदि । | भटमासको प्रशोधित तेल, सुर्यमुखीको प्रशोधित तेल, जुस, फलाम तथा फलामका सामाग्रीहरु, कपडा, सेन्थेटिक यार्न आदि । |
| बागमती | विद्युतीय सवारी साधन, तयारी कपडा, रबर, प्लाष्टिकका जुत्ता चप्पल, हवाईजहाज र सम्बन्धित उपकरण, ल्यापटप मेडिकल औजार तथा उपकरण, स्याउ, अन्य सवारी साधन आदि । | गलैंचा, फेल्टका सामान, तामाका घरेलु भाँडाकुँडा, धातुको मूर्ति, तयारी कपडा, काठका तयारी सामान, जडीबुटी, चाउचाउ, नुडल्स आदि । |
| लुम्बिनी | मोटरसाइकल, जीप कार र भ्यानहरु, पेट्रोल, विद्युतीय सवारी साधन, फलाम, मोवाइल टेलिफोन, एम.एस. विलेट, चकलेट, एल पि ग्यास आदि । | भटमासको प्रशोधित तेल, पोलिस्टर धागो, सिमेन्ट, खयर कत्था, पिना, फलाम तथा स्टीलका भाँडाकुँडा, जडीबुटी, चाउचाउ, नुडल्स आदि । |
| सुदूरपश्चिम | डिजल, पेट्रोल, एल.पी.ग्याँस, चिनी, कागज तथा बोर्ड, महिला पोसाक, बिटुमिन, ए.टि.एफ. आदि । | रोजिन र रेजिन अम्ल, कत्था, अन्य तेल आदि । |

*स्रोत : भन्सार कार्यालयहरु*

## ७.२ रोजगारी

### प्रधानमन्त्री रोजगार कार्यक्रम

बेरोजगार व्यक्तिहरुलाई रोजगार दिन सरकारले कार्यान्वयनमा ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा ५४ हजार ५ सय ८७ जनाले रोजगारी पाएका छन् (तालिका ७.६) ।

**तालिका ७.६ : आर्थिक वर्ष २०८१/८२ को प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी विवरण**

| प्रदेश | आयोजना सङ्ख्या | कुल रोजगारी प्राप्त सङ्ख्या | कुल रोजगारी दिन |
|---|---|---|---|
| कोशी | १,९२८ | ९,९३० | ७६२,७३२ |
| मधेश | १,२६५ | १०,०१८ | ४९१,४६२ |
| बागमती | १,८०५ | ७,८८९ | ६३२,०५९ |
| गण्डकी | १,४३६ | ५,६७९ | ४२८,०२१ |
| लुम्बिनी | १,५१४ | ७,२२० | ५३८,७८६ |
| कर्णाली | ९५० | ६,९४३ | ५३३,८२४ |
| सुदूरपश्चिम | १,४४६ | ६,९०८ | ५४१,९७२ |
| **जम्मा** | **१०,३४४** | **५४,५८७** | **३,९२८,८५६** |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम, २०८२*

प्रदेशगत रुपमा तुलना गर्दा मधेश प्रदेशबाट सवैभन्दा बढी १० हजार १८ जना व्यक्तिहरुले रोजगार प्राप्त गरेका थिए भने गण्डकी प्रदेशबाट सवैभन्दा कम ५ हजार ६ सय ७९ जनाले रोजगार प्रप्त गरेको देखिन्छ ।

### वैदेशिक रोजगारी

वैदेशिक रोजगार विभागबाट आर्थिक वर्ष २०८१/८२ मा पुनःश्रम स्वीकृति समेत जारी गरिएको कुल ८,३९,२६६ श्रम स्वीकृतिमध्ये मधेश प्रदेशको हिस्सा सबैभन्दा बढी १,९३,९०२ र कर्णाली प्रदेशको हिस्सा सबै भन्दा कम २८,०५८ रहेका छन् (तालिका ७.७) ।

**तालिका ७.७ : आर्थिक वर्ष २०८१/८२ मा जारी श्रम स्वीकृतिको प्रदेशगत विवरण**

| प्रदेश | पुनः श्रम स्वीकृतिबाहेक | | | पुनः श्रम स्वीकृति समेत | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| कोशी | ८८०५० | १८२२६ | १०६२७६ | १५०२८७ | २७३७२ | १७७६५९ |
| मधेश | १०५९२० | ३२०० | १०९१२० | १८९३७५ | ४५२७ | १९३९०२ |
| बागमती | ६७५५९ | २२०३६ | ८९५९५ | १०४६५१ | ३२९४९ | १३७६०० |
| गण्डकी | ५३५०६ | ८९९१ | ६२४९७ | १०१४५४ | १२२२८ | ११३६८२ |
| लुम्बिनी | ८०००४ | ८५८८ | ८८५९२ | १३८२९२ | ११८१९ | १५०१११ |
| कर्णाली | १८९७४ | १९१२ | २०८८६ | २५७०५ | २३५३ | २८०५८ |
| सुदूरपश्चिम | २६३७९ | २६१२ | २८९९१ | ३५०४७ | ३२०७ | ३८२५४ |
| **जम्मा** | **४४०३९२** | **६५५६५** | **५०५९५७** | **७४४८११** | **९४४५५** | **८३९२६६** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०८२*

दक्षताको आधारमा तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा जारी गरिएका कुल ८,३९,२६६ श्रम स्वीकृतिमध्ये २७.१ प्रतिशत श्रम स्वीकृति अदक्ष कामदारको लागि जारी गरिएको पाइएको छ (तालिका ७.८) । यसैगरी, ६०.४ प्रतिशत दक्ष कामदार, ११.९ प्रतिशत अर्धदक्ष कामदार र ०.१ प्रतिशत उच्चसीपयुक्त कामदारले श्रम स्वीकृति लिएको पाइएको छ ।

तालिका ७.८ : दक्षताको आधारमा आ.व. २०८१/८२ मा जारी श्रम स्वीकृति संख्या

| क.सं. | प्रकृति | पुरुष | महिला | जम्मा | हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|---|
| १. | उच्चसीपयुक्त | ६९२ | २४५ | ९३७ | ०.१ |
| २. | पेशागत | ३,७४९ | ६२३ | ४,३७२ | ०.५ |
| ३. | अर्धदक्ष | ९०,६३६ | ९,०८७ | ९९,७२३ | ११.९ |
| ४. | दक्ष | ४४७,०७३ | ५९,७५४ | ५०६,८२७ | ६०.४ |
| ५. | अदक्ष | २०२,६६१ | २४,७४६ | २२७,४०७ | २७.१ |
| कूल जम्मा | | ७४४,८११ | ९४,४५५ | ८३९,२६६ | १००.० |

*स्रोतः वैदेशिक रोजगार विभाग, २०८२।*

## ७.३ बाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती तथा सम्भावना

### ७.३.१. चुनौती

७.३.१.१. व्यापार घाटा कम गर्नु, आन्तरिक उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नु, खाद्यान्नको आयात प्रतिस्थापन गर्नु चुनौतीपूर्ण रहेको छ।

७.३.१.२. भारतसँगको खुला सीमालाई व्यवस्थित बनाउनु, भारतसँगको व्यापारलाई औपचारिक माध्यममा ल्याउनु, निर्यात गर्ने वस्तुहरुको देशगत विविधीकरण गरी निर्यात वृद्धि गर्नु चुनौतीपूर्ण रहेको छ।

७.३.१.३. पर्यटन क्षेत्रलाई प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जन गर्नु, विदेशी मुद्रा सञ्चितिबाट अर्थतन्त्रलाई थप लाभ लिने वातावरण तयार गर्नु।

७.३.१.४. विभिन्न देश बीच हुने गरेका व्यापार युद्धका कारण विश्व व्यापार थप अनिश्चित हुनु, खाद्य पदार्थ तथा पेट्रोलियम पदार्थको आपुर्ति श्रृङ्खलामा प्रभाव पर्नु र वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरुको आर्थिक वृद्धि संकुचन हुँदा वैदेशिक रोजगारी क्षेत्रमा थप चुनौतीहरु देखिएका छन्।

७.३.१.५. वैदेशिक रोजगारीमा जाने नेपालीको दक्षता अभिवृद्धि गर्नु, आन्तरिक रोजगारीका अवसरहरु सृजना गर्नु, सरकारद्वारा ल्याइएका रोजगार कार्यक्रममा वास्तविक वेरोजगार व्यक्तिको पहिचान गरी रोजगारी प्रदान गर्नु चुनौतीपूर्ण रहेको छ।

७.३.१.६. औपचारिक प्रणालीमार्फत् विप्रेषण भित्र्याउनु, विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, लगानीयोग्य वातावरण सृजना गर्नु चुनौतीपूर्ण रहेको छ।

७.३.१.७. भन्सारका सम्पूर्ण प्रक्रियाहरुलाई पूर्णरुपमा स्वचालित प्रणालीमार्फत् सञ्चालन गर्नु, भन्सार जाँचपास पछिको परिक्षणलाई थप प्रभावकारी बनाउनु, चोरी निकासीको बढ्दो प्रवृत्तिलाई नियन्त्रण गर्नु, भन्सार प्रशासनमा सदाचार, सुशासन र पारदर्शिता कायम गर्नु चुनौतीपूर्ण रहेको छ।

### ७.३.२. सम्भावना

७.३.२.१. विभिन्न देशमा नेपाली श्रमिकको माग उच्च रहेको र वैदेशिक रोजगारीबाट ठूलो मात्रामा रेमिट्यान्स भित्रिने अवसर रहेको छ।

७.३.२.२. प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र साहसिक पर्यटनको प्रचुर सम्भावना रहेको छ।

७.३.२.३. पर्यटन, ऊर्जा, पूर्वाधार लगायतका क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्ने सम्भावना रहेको छ।

७.३.२.४. जलविद्युत उत्पादन वृद्धि गरी निर्यातको अवसर हुनु, प्रशारण लाइन निर्माण कार्य अगाडि बढ्नु, सिमेन्टको निर्यात सुरुवात हुँदा वैदेशिक व्यापार घाटा कम गर्न सहयोग मिल्ने सम्भावना रहेको छ।

७.३.२.५. अन्तर्राष्ट्रिय व्यापार तथा भन्सार जाँचपासमा एकद्वार प्रणालीको विकास हुँदै जानु, भन्सारमा स्वचालित प्रणाली लागु भएका कार्यालयहरु विद्युत्तीय भुक्तानीसँग आवद्ध हुनु, वैदेशिक लगानीमा एकद्वार प्रणाली लागु हुनु, विप्रेषण आप्रवाहमा औपचारिक माध्यमको प्रयोग बढ्नु, गैरआवासीय नेपालीलाई बैंकमा सहजरुपमा खाता खोल्न सकिने व्यवस्था हुनु जस्ता कारणहरुले बाह्य व्यापार तथा वैदेशिक लगानीमा सुधार आउने देखिन्छ ।

## परिच्छेद ८

# संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

यस परिच्छेदमा संघीय सरकार र प्रदेश सरकारको बजेट एवम् कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगति विवरण तथा कार्यन्वयनमा रहेका प्रमुख योजनाहरुको विश्लेषण गरिएको छ ।

## ८.१ संघीय र प्रदेशगत बजेटको वार्षिक प्रगति

आर्थिक वर्ष २०८१/८२ मा संघीय सरकारले कुल रु.१८ खर्ब ६० अर्ब ३० करोड बजेट विनियोजन गरेकोमा बजेटको अर्धवार्षिक समीक्षामार्फत् संशोधन गरी कुल रु.१६ खर्ब ९२ अर्ब ७३ करोड विनियोजन भएको थियो (तालिका ८.१) । उक्त बजेटमध्ये आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा रु.१५ खर्ब १२ अर्ब ९८ करोड खर्च भएको प्रारम्भिक अनुमान रहेको छ । उक्त रकम संशोधित अनुमानको ८९.४ प्रतिशत हो ।

**तालिका ८.१ : आर्थिक वर्ष २०८१/८२ को संघीय बजेटको वार्षिक प्रगति विवरण**

| शिर्षक | बजेट रकम (रु.अर्बमा) | संशोधित अनुमान (रु.अर्बमा) | खर्च (रु.अर्बमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| चालु खर्च | ११४०.६७ | १०२९.३० | ९५६.३६ | ६३.२ |
| पूँजीगत खर्च | ३५२.३५ | २९९.५० | २२३.९४ | १४.८ |
| वित्तीय व्यवस्था | ३६७.२८ | ३६३.९३ | ३३२.६७ | २२.० |
| **जम्मा** | **१८६०.३०** | **१६९२.७३** | **१५१२.९८** | **१००** |

*स्रोत : अर्थ मन्त्रालय २०८२*

आर्थिक वर्ष २०८१/८२ को प्रदेशगत बजेट विनियोजनका लागि स्रोत व्यवस्थापन गर्ने सन्दर्भमा देहायका शिर्षक अन्तर्गत रहने गरी कुल स्रोत विनियोजन गरिएको थियो (तालिका ८.२) ।

**तालिका ८.२ : आर्थिक वर्ष २०८१/८२ को प्रादेशिक बजेटको स्रोत र खर्चको विवरण**

| विवरण | रकम (रु.अर्बमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोशी प्रदेश | मदेश प्रदेश | बाग्मती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
| **कुल स्रोत** | **३५.२८** | **४३.८९** | **६४.५४** | **३२.९८** | **३८.९७** | **३१.४१** | **३१.६३** |
| आन्तरिक राजस्व | ४.९८ | ९.०७ | २७.५९ | ५.१७ | ७.५१ | ०.८३ | १.६१ |
| राजस्व बाँडफाँड | १२.४० | १३.६० | ६.५१ | ९.६१ | १४.९४ | ९.३९ | ९.९९ |
| रोयल्टी बाँडफाँड | ०.०० | | ०.०० | ०.४८ | ०.५० | | ०.०४ |
| वित्तीय समानीकरण अनुदान | ८.९४ | ७.८० | १५.५८ | ७.६४ | ८.२९ | १०.३७ | ८.७२ |
| सशर्त अनुदान | ४.१६ | ३.५६ | | ३.६० | ४.१९ | ३.७२ | ३.१३ |
| समपुरक अनुदान | ०.६६ | | | १.१९ | ०.८० | १.२९ | १.४२ |
| विशेष अनुदान | ०.७८ | | | ०.६६ | ०.७४ | ०.६७ | ०.५६ |
| नगद मौज्दात | ३.२५ | ७.८६ | १४.८७ | २.९३ | २.०० | ५.१४ | ६.१६ |
| आन्तरिक ऋण | ०.०० | २.०० | ०.०० | १.७० | | | |
| नेपाल सरकारबाट ऋण | ०.०० | | ०.०० | | | | |
| वैदेशिक अनुदान | ०.११ | | ०.०० | | | ०.०१ | |
| **कुल खर्च** | **३५.२८** | **४३.८९** | **६४.५४** | **३२.९८** | **३८.९७** | **३१.४१** | **३१.६३** |
| चालु खर्च | १४.२७ | १२.७६ | १७.८० | ११.१५ | ११.२४ | ७.५८ | ११.०७ |
| पुँजीगत खर्च | १६.२० | २७.८९ | ३६.९४ | १९.५२ | २४.५९ | १८.७५ | १७.५३ |
| वित्तीय व्यवस्था तर्फको खर्च | ०.०२ | | १.५० | ०.३० | ०.०० | ०.२५ | ०.१० |
| स्थानीय तहमा वित्तीय हस्तान्तरण | ४.७८ | ३.२४ | ८.३० | २.०१ | ३.१४ | ४.८३ | २.९३ |

*स्रोत: आ.व. २०८१/८२ प्रदेशगत बजेट वक्तव्य ।*

## ८.२ आर्थिक वर्ष २०८२/८३ को प्रदेशगत बजेट र कार्यक्रमहरुको संक्षिप्त विवरण


अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद-७ को दफा-२१ अनुसार "प्रदेशको अर्थमन्त्रीले प्रत्येक वर्ष असार महिनाको १ गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नुपर्ने छ " भन्ने व्यवस्था रहेको छ। सोही ऐनमा गाउँ कार्यपालिका र नगर कार्यपालिकाले असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। सातवटै प्रदेशहरुले आर्थिक वर्ष २०८२/८३ को लागि कुलमा रु.२ खर्ब ८७ अर्ब ४५ करोडको बजेट प्रस्तुत गरेका छन् (तालिका ८.३)।

**तालिका ८.३ : आर्थिक वर्ष २०८२/८३ मा प्रदेशको कुल बजेटमा प्रदेशगत हिस्सा**

| प्रदेशको नाम | बजेट (रु.अर्ब) | प्रदेशको कुल बजेटमा प्रदेशगत हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| कोशी | ३५.८८ | १२.४८ |
| मधेश | ४६.९८ | १६.३४ |
| बागमती | ६७.४८ | २३.४७ |
| गण्डकी | ३१.७३ | ११.०४ |
| लुम्बिनी | ३८.९१ | १३.५४ |
| कर्णाली | ३३.०० | ११.४८ |
| सुदूरपश्चिम | ३३.४८ | ११.६५ |
| **कुल** | **२८७.४५** | **१००.००** |

*स्रोत : प्रदेशगत बजेट वक्तव्य।*

**चार्ट ८.१ : प्रदेशको एकिकृत बजेटको वार्षिक प्रवृति (रु.अर्बमा)**




*स्रोत : प्रदेशगत बजेट वक्तव्य।*

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था बमोजिम प्रदेश सरकारहरुले आर्थिक वर्ष २०७५/७६ देखि राजस्व र व्ययको अनुमान प्रदेश सभामा प्रस्तुत गर्दै आइरहेका छन्। आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारहरुले प्रस्तुत गरेको बजेटको विवरण तालिका ८.४ मा दिइएको छ।

तालिका ८.४ : आर्थिक वर्ष २०८२/८३ को प्रदेशगत बजेट विवरण (खर्च अनुमान)

| प्रदेश | कुल बजेट | रकम (रु.अर्ब) | | | | प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०८२/८३ | चालु | पुँजीगत | वित्तीय व्यवस्था | अन्तर सरकारी हस्तान्तरण | चालु | पँजीगत | वित्तीय व्यवस्था | अन्तर सरकारी हस्तान्तरण |
| कोशी | ३५.८८ | १३.९७ | १७.११ | ०.१० | ४.७१ | ३८.९ | ४७.७ | ०.३ | १३.१ |
| मधेश | ४६.९८ | १४.३८ | ३०.२६ | ०.०० | २.३४ | ३०.६ | ६४.४ | ०.० | ५.० |
| बागमती | ६७.४८ | १७.३९ | ४१.४३ | ०.०० | ८.६६ | २५.८ | ६१.४ | ०.० | १२.८ |
| गण्डकी | ३१.७३ | १०.६४ | १९.०९ | ०.०० | २.०० | ३३.५ | ६०.२ | ०.० | ६.३ |
| लुम्बिनी | ३८.९१ | १२.०१ | २३.४७ | ०.०० | ३.४२ | ३०.९ | ६०.३ | ०.० | ८.८ |
| कर्णाली | ३३.०० | ७.८० | १९.९८ | ०.६२ | ४.६० | २३.६ | ६०.६ | १.९ | १३.९ |
| सुदूर पश्चिम | ३३.४८ | १०.२१ | १९.८३ | ०.०१ | ३.४३ | ३०.५ | ५९.२ | ०.० | १०.२ |
| **कुल** | **२८७.४५** | **८६.४०** | **१७१.१७** | **०.७३** | **२९.१६** | **३०.०६** | **५९.५५** | **०.२५** | **१०.१४** |

*स्रोत : प्रदेशगत बजेट वक्तव्य ।*

प्रदेश सरकारहरुले आर्थिक वर्ष २०८२/८३ को क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न विनियोजन गरेको कुल रु.२ खर्ब ८७ अर्ब ४५ करोड मध्ये चालुतर्फ रु.८६ अर्ब ४० करोड (३०.०६ प्रतिशत), पूँजीगततर्फ रु.१ खर्ब ७१ अर्ब १७ करोड (५९.५५ प्रतिशत), वित्तीय व्यवस्थातर्फ ७३ करोड (०.२५ प्रतिशत), र वित्तीय हस्तान्तरण तर्फ रु.२९ अर्ब १६ करोड (१०.१४ प्रतिशत) विनियोजन गरेका छन् ।

**आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारहरुले बजेटमा प्रस्ताव गरेका प्रमुख नीति तथा कार्यक्रमहरुको विवरण तपसिल बमोजिम रहेका छन् ।**

| | |
|---|---|
| **कोशी प्रदेश** | ● "स्वस्थ माटो, स्वच्छ बाली" अभियानअन्तर्गत माटो जाँच गरी माटोको गुणस्तर सुधार गर्न प्राङ्गारिक मल उत्पादन तथा प्रयोगमा प्रोत्साहन र स्थानीय तहसँगको सहकार्यमा प्राङ्गारिक खेतीको प्रवर्द्धन गर्ने ।<br>● गुणस्तरीय बिउको प्रयोगबाट मात्र खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि सम्भव भएकोले प्रदेशमा नै गुणस्तरीय बिउ उत्पादन, आपूर्ति र नियमनको कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न तथा कोशी प्रदेशलाई धानको बिउको स्रोत केन्द्रको रूपमा विकास गरिने ।<br>● कृषि उत्पादनको मुख्य आधारशिलाको रूपमा रहेको माटोको गुणस्तर सुधारका लागि "स्वस्थ माटो, स्वच्छ बाली" अभियान अन्तरगत प्रदेशका विभिन्न स्थानीय तहहरूमा स्थलगत रूपमा घुम्ती माटो शिविर सञ्चालन गरी अस्वस्थ माटो सुधारका लागि कृषि चुन र हरियो मलको प्रयोग प्रवर्द्धन गरिने ।<br>● "प्रदेशको समृद्धिका लागि वन" भन्ने मूल नाराका साथ प्रदेशभित्रका राष्ट्रिय वन प्रणालीको सम्वर्द्धन र व्यवस्थापन कार्य गर्ने ।<br>● वन क्षेत्रका खाली र नदी उकास जग्गामा फलफूल, जडीबुटी तथा उच्च मूल्यका वनस्पतिको वृक्षारोपण गरी उत्पादकत्व वृद्धि एवम् पर्यापर्यटन प्रवर्द्धन गर्ने ।<br>● हाब्रे (रेडपाण्डा), हिउँ चितुवालगायतका लोपोन्मुख वन्यजन्तुको संरक्षण गर्ने व्यवस्था मिलाइएको । प्राणी उद्यान (चिडियाखाना) को स्थापना गरी पर्यटक आकर्षण गर्न आवश्यक व्यवस्था गर्ने ।<br>● हिमाली र पहाडी क्षेत्रका विद्यालयको भौतिक संरचना सुदृढ गर्दै आवासीय विद्यालय निर्माणको लागि आवश्यक व्यवस्था गर्ने ।<br>● निजामती आवासीय विद्यालय धनकुटालाई नमुना विद्यालयको रूपमा विकास गर्न आवश्यक व्यवस्था गर्ने ।<br>● "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी अभियानमार्फत नागरिकमा स्वास्थ्य सचेतना अभिवृद्धि गरिने । योग अभ्यास, स्वस्थ जीवनशैली, भान्सा सुधार तथा नसर्ने रोगको नियमित |

| | |
|---|---|
| | स्क्रिनिङजस्ता कार्यक्रमलाई अस्पताल, आयुर्वेद स्वास्थ्य केन्द्र एवम् स्वास्थ्य कार्यालयमार्फत स्थानीय समुदायसम्म विस्तार गर्न आवश्यक व्यवस्था गर्ने ।<br>● स्वच्छ एवम् गुणस्तरीय खानेपानीमा पहुँच विस्तार गर्न सङ्घीय सरकार र स्थानीय तहसँगको सहकार्यमा "एक घर एक धारा" कार्यक्रमलाई निरन्तरता दिने ।<br>● खानेपानीको मुहान संरक्षण र जीर्ण तथा पुराना खानेपानी आयोजनाको मर्मत संभार गरी सञ्चालनमा ल्याउने । |
| **मधेश प्रदेश** | ● सङ्घीय सरकारप्रतिको निर्भरता घटाउन कृषि, पर्यटन र कृषिमा आधारित उद्योगमा लगानी, कृषि आधुनिकीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, युवा उद्यमशीलता, नवप्रवर्तन र रोजगारी सिर्जना गर्दै मधेश प्रदेशको अर्थतन्त्रलाई आत्मनिर्भर, समृद्ध र सशक्त बनाउन उपलब्ध स्रोत साधनको अधिकतम उपयोगमा बजेट केन्द्रीत हुने ।<br>● विकास निर्माणको प्रकृयामा उपलब्ध प्राकृतिक स्रोत साधनको दिगो एवम् न्यायोचित उपयोग गर्दै प्राकृतिक स्रोत साधनको दोहनलाई न्यूनीकरण गर्दै जलवायु परिवर्तनले पारेका नकारात्मक असरहरूलाई न्यूनीकरण गर्ने ।<br>● सन्तुलित विकासको अवधारणालाई अत्मसात गर्दै समाजमा रहेका विभेद, असमानता र वञ्चितीकरणको अन्त्य गर्न प्रादेशिक स्रोत साधनको न्यायोचित वितरण गरी लगानी तथा विकासको प्रतिफल सम्पूर्ण जात, वर्ग समुदायलाई समान रूपले उपभोग गर्न पाउने वातावरणको सिर्जना गर्न बजेट लक्षित हुने ।<br>● दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण र स्थानीयकरण गर्न प्रादेशिक तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा योजनाहरूको छनौट गरी कार्यन्वयनमा दिगो विकासका लक्ष्यहरू हासिल गरिने ।<br>● वित्तीय सङ्घीयतालाई गतिशील बनाउन तथा कार्यक्षेत्रमा दोहोरोपना हुन नदिन तीनै तहको सरकारबीच समन्वय र सहकार्यलाई बढावा दिई बजेट प्रणालीमा क्रमिक सुधार गर्दै लगिने ।<br>● खाद्य सुरक्षासहित कृषि उत्पादनमा आत्मनिर्भरता प्राप्त गर्न कृषि यान्त्रिकीकरण, विद्युतीकरण तथा व्यावसायीकरणमार्फत उत्पादनशील क्षेत्रलाई प्रोत्साहन दिन सरल कर्जा, बिउ पूँजी, मल र बजार सुविधा प्रदान गर्दै कृषि सडक र पशुपन्छी नश्ल सुधारलाई प्राथमिकता दिने ।<br>● स्वास्थ्य सेवा व्यवस्थित, गुणस्तरीय र सुदृढ बनाउन प्रादेशिक स्वस्थ्य संस्थाहरूको स्तरीकरण, पूर्वाधार स्तरोन्नति, दक्ष जनशक्ति र उपकरण व्यवस्थापनमा प्राथमिकता दिने ।<br>● आयोजना बैंकमा समावेश भएका उच्च प्रतिफल तथा उपलब्धि दिने पूर्वाधार विकासका ठूला आयोजनाहरूलाई छनोट गरी कार्यान्वयनमा जोड दिने ।<br>● सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र जनमुखी बनाई विद्यमान कमी कमजोरीहरूलाई सुधार गर्न सरकारी सङ्गठनको व्यवस्थापन समीक्षा गर्दै जनशक्ति विकासका कार्यहरूलाई प्राथमिकीकरण गरी सूचना प्रविधिको प्रयोगले सेवा सरल, मितव्ययी र सेवाग्राहीमैत्री बनाई परिणामअनुसार सुधार गर्न बजेट केन्द्रीत गर्ने । |
| **बागमती प्रदेश** | ● कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व अभिवृद्धिको लागि कृषि क्षेत्रमा प्रविधिको प्रयोग बढाइने । सार्वजनिक निजी साझेदारीको आधारमा कृषिलाई उत्पादन र उत्पादनलाई उद्योगसँग जोड्दै रोजगारी र आयआर्जन वृद्धि गरिने ।<br>● स्थानीय तहसँगको लागत साझेदारीमा खाद्यान्न, फलफूल, तरकारी तथा पशुपालनमा संलग्न साना किसानहरूलाई व्यावसायिक उत्पादनतर्फ प्रोत्साहित गर्न समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइने ।<br>● तरकारी, फलफूल तथा माछा, मासुजस्ता उपजहरूमा किसानले पाउने मूल्य र उपभोक्ताले तिर्ने मूल्य अन्तरलाई घटाउन स्थानीय तहसँगको लागत साझेदारीमा पाइलटिङको रूपमा कृषि उपज बजार केन्द्र स्थापना गरी कृषि एम्बुलेन्स र भण्डारणको व्यवस्था गर्ने ।<br>● प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्ने धार्मिक, सांस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक सम्पदाहरूको सञ्चालन, संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक कानुनहरू तर्जुमा गरिने । बागमती प्रदेशलाई देशको प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्ने नीति लिइने । |

| | |
|---|---|
| | ● प्रदेशभित्र बोलिने भाषा, कला, साहित्य, धर्म तथा मौलिक संस्कृतिको पहिचान, संरक्षण र प्रवर्द्धन गरिने । प्रदेशभित्रको मौलिकता एवम् सांस्कृतिक विविधता झल्काउने चलचित्र निर्माण गर्न प्रोत्साहन गरिने । पर्यटकीय क्षेत्र दोलखाको डाङडुङे डाँडालाई फिल्म सिटीको रूपमा विकास गर्न रकम विनियोजन गरिएको ।<br>● बागमती प्रदेशका पर्यटकीय क्षेत्रमा बृहत् सम्भावना बोकेको साहसिक पर्यटन प्रवर्धनको लागि एडभेन्चर टुरिजम फेस्टिभल आयोजना गरिने । प्रदेशभित्र प्याराग्लाइडिङका लागि उपयुक्त स्थानको सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन गरिने । साहसिक पर्यटन प्रवर्धनको लागि तीन तहका सरकारबीचको समन्वयमा सिन्धुपाल्चोकको बलेफीमा ऱ्यापि्टङ गाइड उत्पादन गर्न तालिम कार्यक्रम सञ्चालन गरिने ।<br>● उत्पादनमूलक सहकारी संस्थाहरूलाई प्रविधि तथा सीप हस्तान्तरणमार्फत प्रोत्साहन गरिने । प्रदेशअन्तर्गतका सहकारीहरूमध्ये उत्कृष्ट कार्य गर्ने सहकारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइएको ।<br>● स्थानीयस्तरमा उद्यमशीलता प्रवर्धन गरी रोजगारी सिर्जना गर्न विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेका नुवाकोटको शिवपुरी गाउँपालिका, सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका, मकवानपुरको बकैया गाउँपालिका, काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका, धादिङको नीलकण्ठ नगरपालिका, सिन्धुलीको दुधौली नगरपालिकामा औद्योगिक ग्राम र भक्तपुरको चाँगुनारायण नगरपालिकामा सांस्कृतिक औद्योगिक ग्रामको पूर्वाधार निर्माण गरिने ।<br>● "युवालाई स्वदेशमै रोजगार-समृद्ध प्रदेशको बलियो आधार" भन्ने नारालाई आत्मसात् गर्दै नवप्रवर्तन र उद्यमशीलता प्रवर्धन कार्यक्रम सञ्चालन गर्न बागमती प्रदेशका १३ वटै जिल्लाहरूमा स्टार्टअप, इन्क्युवेसन सेन्टर तथा कोशेली घर स्थापना गरी प्रविधि हस्तान्तरण गरिने ।<br>● "एक कार्यालय एक वस्तु विकास केन्द्र" को अवधारणा अनुसार उद्यमशीलताको विकासमार्फत रोजगारी सिर्जना गर्न सबै उद्योग तथा वाणिज्य कार्यालयहरूलाई स्रोत केन्द्रको रूपमा विकास गर्ने ।<br>● बागमती प्रदेशस्थित मदनभण्डारी राजमार्ग र पूर्व-पश्चिम राजमार्ग क्षेत्रका हात्तीसुँढे, झुरझुरे, झनझने, मरिणछाप, भीमान, डकाहा, खोरभञ्ज्याङ र भण्डारालाई स्थानीय तहहरूसँग सहकार्य एवम् साझेदारी गरी व्यापारिक केन्द्रको रूपमा विकास र बजार प्रवर्द्धन गरिने । |
| **गण्डकी प्रदेश** | ● स्थानीय तहसँगको सहकार्यमा पशुपन्छी खोप सेवा विस्तार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिने र पशुपन्छीबाट मानवमा सर्ने जुनोटिक रोगको नियन्त्रण र प्रतिजैविक प्रतिरोध न्यूनीकरण गर्न उपयुक्त स्वास्थ्य रणनीति अवलम्बन गरिने ।<br>● उद्योगको विकास र प्रदेश समुन्नतिको आधारको सोचलाई आत्मसात् गर्दै प्रदेशस्तरीय औद्योगिक क्षेत्र विकासका लागि लोकाहाखोला र पुडिटारमा जग्गा प्राप्ति तथा निर्माण कार्यलाई अगाडि बढाइने ।<br>● प्रदेशको आर्थिक वृद्धिका लागि स्थानीय रूपमा मदिराको गुणस्तरीय उत्पादन र बिक्री वितरणको कानुनी व्यवस्था मिलाइने र प्रदेशमा स्थानीय कच्चा पदार्थबाट परम्परागत घरेलु मदिराको व्यवस्थित उत्पादन, नियमन तथा बजारीकरणमार्फत मदिरा र मदिराजन्य पदार्थको आयात प्रतिस्थापन गरिने ।<br>● साइक्लिङमार्फत पर्यटन प्रवर्द्धन गर्नका लागि मुस्ताङको जोमसोम, तनहुँको बन्दिपुर र पोखरामा लेक टु लेक साइक्लिङ मार्ग निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको र "राउण्ड फेवा भ्यू फेवा" कार्यक्रमलाई उच्च प्राथमिकतासाथ कार्यान्वयन गरिने ।<br>● "प्रदेशको उत्पादनः प्रदेशको पहिचान" अन्तर्गत प्रदेशभित्र उत्पादित वस्तुहरूको प्रदर्शनी र बजारीकरणका लागि कोशेली घरको स्थापना र सञ्चालन गरिने ।<br>● पोखरा जाऔं प्रकृति र संस्कृतिसँग रमाऔं कार्यक्रम सञ्चालन गरी पर्यटनको राजधानी पोखरा र स्याटलाईट गन्तव्यहरूमा पर्यटकीय पूर्वाधार निर्माण, पदयात्राको संरक्षण विकास र प्रवर्द्धनका लागि विद्यमान पदमार्गको स्तरोन्नति, वैकल्पिक पदमार्गहरूको निर्माण र धार्मिक तथा प्रमुख पर्यटकीय गन्तव्यहरूमा पूर्वाधार निर्माणका गर्ने । |

| | |
|---|---|
| | ● स्थानीय तहसँगको साझेदारीमा दुर्गम र छरिएका बस्ती क्षेत्रहरूमा आवश्यकतानुसार "विग र लिड विद्यालय तथा आवासीय विद्यालय विस्तार गर्ने कार्यक्रमलाई प्रोत्साहन गरी हिमाली तथा उच्च पहाडी क्षेत्रमा रहेका विद्यालयहरूको शैक्षिक तथा संरचनात्मक सुधार कार्यक्रमलाई निरन्तरता दिइने ।<br>● गण्डकी विश्वविद्यालयलाई विशिष्टीकृत प्राविधिक अध्ययन तथा अनुसन्धान केन्द्रको रूपमा विकास गर्दै गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानबाट सम्पादन हुँदै आएका कार्यक्रम गण्डकी विश्वविद्यालयवाट सम्पादन गरिने ।<br>● "स्वस्थ मुटु सुन्दर भविष्य" भन्ने नाराका साथ बालबालिकामा वाथ, मुटुरोग पहिचान र सम्पाटिक हार्ट डिजिज स्क्रिनिङ कार्यक्रमका लागि प्रदेशका सबै अस्पतालहरूमा तथा नवशिशुको जन्मजात रोगको पहिचान गर्न स्क्रिनिङ कार्य गरिने ।<br>● "नसर्ने रोगको पहिचान र उपचार स्वस्थ जीवनको आधार" भन्ने नाराका साथ नसर्ने रोगको पहिचान, उपचार तथा व्यवस्थापन र मानसिक स्वास्थ्य सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने ।<br>● क्षयरोग, कुष्ठरोग, एच.आई.भी. एड्सजस्ता सरुवा रोग, खोपबाट बचाउन सकिने रोग र औलो, कालाजार, डेंगु लगायतका जलवायु संवेदनशील रोगहरूको प्रभावकारी एकीकृत निगरानी प्रणाली विकास गरी महामारीको प्रतिकार्य, औषधी, कीट र अन्य औषधीजन्य सामग्री व्यवस्थापन गरिने ।<br>● रगत तथा रक्तजन्य पदार्थको निःशुल्क उपलब्धताका लागि, क्यान्सर रोगको उपचारमा आर्थिक सहायता, जोखिममा परेका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार, १० वर्ष मुनिका बालबालिका र ६० वर्षभन्दा माथिका व्यक्तिहरूलाई निःशुल्क बहिरङ्ग तथा प्रयोगशाला सेवा, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाका लागि प्रोत्साहन, विभिन्न आश्रममा आश्रितहरूको उपचारजस्ता सामाजिक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिइने । |
| **लुम्बिनी प्रदेश** | ● कृषि क्षेत्रको आधुनिकीकरण र व्यावसायीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गरिने । पोषणयुक्त खाद्य वस्तुको उत्पादन र उपभोग प्रवर्द्धन गरिने ।<br>● कृषि उत्पादनलाई पूर्ण प्राङ्गारिक उत्पादनमा रूपान्तरण गरी आगामी एक दशकमा लुम्बिनी प्रदेशलाई पूर्ण प्राङ्गारिक प्रदेश बनाउने अभियानअन्तर्गत पहिलो चरणमा रुकुम (पूर्व), रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची र पाल्पा जिल्लाबाट विशेष अभियान सुरु गरिने ।<br>● स्वदेशमा नै रोजगारी सिर्जना गर्न उद्यमशीलता विकास, विशेष सीपमूलक तालिम तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउने । स्टार्ट-अप ईको सिस्टमलाई संस्थागत गर्दै नवप्रवर्तन सहितको पुँजीमा पहुँच र उद्यमशीलता प्रवर्धनमा जोड दिने । साथै, जेन् जी पुस्ता केन्द्रित उद्यमशीलता प्रवर्धन कार्यक्रम सञ्चालन गरिने ।<br>● बाँकेको बागेश्वरी, दाङको छिल्लीकोट, बर्दियाको ठाकुरबाबा, प्युठानको स्वर्गद्वारी, अर्घाखाँचीको पाणिनी र सुपादेउराली, गुल्मीको रुरु रेसुङ्गा, पाल्पाको रानी महल, रूपन्देहीको जितगढी तथा नुवाकोटगढी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को बाबा बर्दगोरिया र पाल्ही भगवती, रोल्पाको जलजला, कपिलवस्तुको जगदीशपुर ताल एवम् शिवगढी तथा रुकुम (पूर्वी भाग) को मैकोट लगायतका महत्वपूर्ण धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्थलको संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्ने ।<br>● प्राचीन स्मारक तथा पुरातात्विक एवम् साँस्कृतिक सम्पदा, धार्मिक सम्पदा, पर्यटकीय तथा पर्यावरणीय स्थलको संरक्षण र प्रवर्धन गर्ने उद्देश्यअनुरूप डिजिटल अभिलेखीकरण गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिने ।<br>● प्रदेशभित्रका सबै जातजाति, भाषाभाषी, धर्मावलम्बी एवम् सम्प्रदायको मौलिक संस्कृतिको संरक्षण तथा प्रवर्धन गरी सांस्कृतिक ग्रामको रूपमा विकास गर्ने ।<br>● स्थानीय समुदायको आय आर्जनका लागि प्राकृतिक सौन्दर्यता, मौलिक सैस्कृति, अर्गानिक तथा रैथाने खाना र कोशेली समेतको प्रवर्धन गरी होमस्टे सञ्चालन गर्ने ।<br>● रुरु क्षेत्रको पर्यटन प्रवर्धन तथा विकासका लागि गुरुयोजना बमोजिमका कार्यक्रम कार्यान्वयन गर्दै लगिने । |

| | |
|---|---|
| | • "मोबाइल हातमाः यातायात सेवा साथमा" भन्ने नारालाई सार्थक बनाउने गरी सवारी धनी एवम् चालकका लागि दिनुपर्ने सूचना र सवारी साधनको विवरण अनलाइन पद्धतिबाट प्राप्त हुने व्यवस्था मिलाउने ।<br>• यातायात सेवाका सबै अभिलेखलाई विद्युतीय प्रणालीमा रूपान्तरण गर्दै जाने व्यवस्था मिलाएको । प्रदेश यातायात कार्यालयहरूबाट समेत सवारी चालक अनुमति पत्र छपाइ गर्ने व्यवस्था मिलाउने ।<br>• प्रदेश समृद्धिमा "नागरिकको योगदान, महिनाको एक दिन श्रमदान" भन्ने उक्तिलाई आत्मसात् गर्दै श्रमको सम्मान गर्ने संस्कृति विकासका लागि कार्यकम सञ्चालन गरिने । |
| कर्णाली प्रदेश | • कर्णाली कृषि विकास रणनीति कार्यान्वयन गर्दै कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, उत्पादन लागत न्यूनीकरण, उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी कृषिको व्यावसायीकरण गर्दै लगिने । प्रदेशमा प्राङ्गारिक र व्यावसायिक कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा जोड दिइने । खेतीयोग्य बाँझो जमिनको उपयोग र कृषि पेशाप्रति युवाको आकर्षण बढाउन प्रोत्साहन गरिने ।<br>• पाँच हेक्टरभन्दा बढी जमिनमा कृषि व्यवसाय गर्ने व्यवसायी, सहकारी, फर्म, कम्पनी र कृषक समूहलाई कर्जामा व्याज अनुदान र दुई हेक्टरभन्दा बढी जमिनमा कृषि व्यवसाय र फलफूल खेती गर्ने सहकारी, फर्म, कम्पनी कृषक समूहलाई लागत सहभागिताको आधारमा अनुदान दिने व्यवस्थालाई परिमार्जन गरी व्याज अनुदान कार्यक्रम सञ्चालन गरिने । फलफूल बिरुवा संख्याको आधारमा कम्तीमा तीन वर्षसम्म प्रोत्साहन उपलब्ध गराउने गरी "एक गाउँ एक व्यावसायिक फलफूल बगैंचा" स्थापना कार्यक्रम सञ्चालन गरिने ।<br>• आगामी आर्थिक वर्षमा कर्णाली प्रदेश भू-उपयोग नीति तर्जुमा गरिने । प्रदेशका सबै जिल्लामा रहेको सरकारी जग्गाको लगत सङ्कलन गर्ने ।<br>• कर्णाली प्रदेशमा भएका गुठी जग्गाहरूको नियमनका लागि गुठीको संरक्षण तथा अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरिने । नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा नीति, कानुन, मापदण्ड बनाई गुठी व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्दै लगिने ।<br>• सहकारी संस्थामा रहेको बचत रकमलाई उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहित गरिने । वित्तीय कारोबार गर्ने सहकारी सङ्घ संस्थामार्फत वित्तीय साक्षरता प्रवर्द्धनका लागि प्रेरित गरिने । समग्र सहकारी क्षेत्रको विकास र सुदृढीकरण गर्न सहकारीको नियमन व्यवस्थालाई सुदृढ गरिने ।<br>• प्रदेशमा नवीन सोच भएका युवालाई लक्षित गरी नयाँ उद्यम विकासको वातावरण निर्माण गर्न "कर्णाली स्टार्टअप फण्ड र बिजनेस इन्क्युवेसन सेन्टर स्थापना" गरिने ।<br>• स्थानीयस्तरमै उद्यमीहरूलाई प्रोत्साहन र हौसला प्रदान गर्न स्थानीय कच्चा पदार्थमा आधारित उद्यम सञ्चालन गर्न टेवा पुऱ्याउने उद्देश्यले निजी उद्यमीसँगको साझेदारीमा प्रशोधनजन्य उद्योग स्थापनाका लागि आवश्यक सहयोग गरिने ।<br>• "मेक इन कर्णाली" र "मेड इन कर्णाली" अभियानअन्तर्गत निजी लगानीकर्ताको आकर्षण गर्न रैथाने उत्पादनको बजारीकरणको लागि कोसेली घर सञ्चालनमा ल्याइने । प्रदेश सरकारका निकायबाट हुने खरिदमा उपलब्ध भएसम्म प्रदेशमै उत्पादित वस्तु तथा सेवाको खरिद गर्न प्रोत्साहित गर्ने ।<br>• कर्णालीको पर्यटन प्रवर्द्धनका लागि "संसारको गन्तव्य नेपालः नेपालको गन्तव्य कर्णाली" भन्ने सोचलाई साकार पार्न दिगो पूर्वाधार तथा गुणस्तरीय पर्यटकीय सेवाको विकासमा जोड दिइने ।<br>• पर्यटक संख्या, बसाइ अवधि र खर्च रकम बढाउने वातावरण निर्माण गर्न स्थानीय तह र निजी क्षेत्र समेतको सहकार्यमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिने ।<br>• पर्यटकीय क्षेत्रको विकासका लागि पर्यटन सूचना तथा अभिलेख केन्द्र स्थापना गरिने । पर्यटकलाई पर्यटकीय क्षेत्र र सेवा लगायतका विषयमा जानकारी प्रदान गर्न गन्तव्य कर्णाली एप निर्माण गरी सञ्चालनमा ल्याइने । |
| सुदुरपश्चिम प्रदेश | • कृषि पशुपन्छी मत्स्य केन्द्रित "एक स्थानीय तहः दुई उत्पादन" अभियान सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा कम्तिमा एक विशेष पकेट क्षेत्र विकास गर्न कृषि, पशुपन्छी र मत्स्यका |

| | |
|---|---|
| | १७६ वटा व्यावसायिक पकेट निर्माण गरिने । यसबाट सुन्तला, स्याउ ओखर, केरा लगायतका फलफूल, सिमी, भटमास लगायतका दलहन बाली, तेलहन वाली, चैतेधान, मकै, रैथाने बाली, आलु, तरकारी, मौरी, माछा पालन, भैसी/गाई पालन, बंगुर पालन, बाखा पालनलाई व्यावसायीकरण गरिने ।<br>● तीन हजार एक सय विपन्न, दलित, मुक्त कमैया, कमलरी, हलिया, एकल महिला, अपाङ्ग, लोपोन्मुख समुदायको खाद्य तथा पोषण र आय आर्जनमा सुधार लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाईने ।<br>● "कृषकलाई टेवाः घरदैलोमा प्राविधिक सेवा" नीति अनुरूप कृषि प्रसारको दायरा बढाई कृषकलाई सरल र सहज सेवा उपलब्ध गराउन कृषकको फार्म/गोठ/खेतमा शिविर, इमरजेन्सी सेवा, कृत्रिम गर्भाधान सेवा, खोप सेवा, बगैचा सुदृढीकरण कार्यक्रम सञ्चालन गरिने ।<br>● सुदूरपश्चिम दुग्ध विकास बोर्डमार्फत डेरी व्यवसाय प्रवर्द्धन तथा बजारीकरणका कार्यक्रम सञ्चालन गरिने ।<br>● कफी खेतीको उच्च सम्भावना बोकेका पाँच जिल्ला कैलाली, बैतडी, बझाङ्ग, डोटी र दार्चुलामा कफी बगैचा परिक्षणको रूपमा स्थापना गरिने ।<br>● प्रदेशमा तरकारीको वर्णशंकर बिउ उत्पादनको सुरुआत गरिने । सबै जिल्लामा फलफूल नर्सरी स्रोत केन्द्र र घाँसको स्रोत केन्द्र स्थापना/स्तरोन्नति गरिने ।<br>● निर्माण सम्पन्न भएका तथा सञ्चालनमा नआएका कोल्ड चेम्बर, कोल्ड स्टोर, प्रशोधन केन्द्र लगायतका कृषि पूर्वाधारहरू सञ्चालन गरिने र अधुरा परियोजना निर्माण सम्पन्न गरिने । कैलाली र कञ्चनपुरमा दुई/दुई वटा गौशालालाई उद्योगको रूपमा विकास गरी मल, दुध, गहुँत तथा अन्य उपयोगी सामग्री उत्पादन गरिने ।<br>● प्रदेशभरीमा सार्वजनिक-निजी-सहकारी साझेदारीमा कृषि तथा पशुपन्छीजन्य उद्योग सञ्चालन गरिने ।<br>● खप्तड, बाजुराको बडिमालिका, दार्चुलाको मालिकार्जुन शिखर, बैतडीको सिगासधाम, अछामको रामारोसन लगायतका पर्यटकीय स्थानहरूमा केबुलकार स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने ।<br>● सुदूरपश्चिम प्रदेशमा रहेका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यापर्यटन प्रवर्द्धन र सुदूरपश्चिम प्रदेशस्तरीय होमस्टे महोत्सव सञ्चालन गरिने ।<br>● गरिबीको रेखामुनि रहेका जनताको जीवनस्तरमा सहयोग पुऱ्याउनुका साथै हैसियत बिग्रेको वनको अवस्था सुधार गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेशका ६ वटा पहाडी जिल्लाहरू डडेल्धुरा, डोटी, अछाम, बाजुरा, बझाङ र बैतडीमा कबुलियती वन विकास कार्यक्रम सञ्चालन गरिने ।<br>● भू तथा जलाधार व्यवस्थापन अन्तर्गत पहिरो तथा गल्छी नियन्त्रण, तटबन्ध निर्माण, पानी मुहान संरक्षण, संरक्षण पोखरी निर्माण, बाँस रोपण, बायो इञ्जिनियरिङलगायत कार्यका लागि र आकस्मिक रूपमा आइपर्ने भूक्षयसम्बन्धी समस्या समाधानका कार्यक्रम सञ्चालन गरिने । |

## ८.३ नेपालको सार्वजनिक ऋणको अवस्था

नेपाल सरकार अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको विवरण अनुसार नेपाल सरकारको ऋणको हिस्सा विगतका वर्षहरुको तुलनामा पछिल्लो वर्षहरुमा बढिरहेको देखिन्छ । आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक ऋण रु.२६ खर्ब ७४ अर्ब ४ करोड पुगेको छ। जसमध्ये रु.१२ खर्ब ६८ अर्ब २२ करोड आन्तरिक ऋण र रु. १४ खर्ब ५ अर्ब ८२ करोड वाह्य ऋण रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक ऋण रु.२४ खर्ब ३८ अर्ब ५० करोड रहेको थियो । आर्थिक वर्ष २०८२/८३ को असोज महिनासम्ममा रु.२७ खर्ब २४ अर्ब ६५ करोड कुल सार्वजनिक ऋण वक्यौता रहेको छ ।

तालिका ८.५ : नेपालको सार्वजनिक ऋणको अवस्था (रु.अर्बमा)


| आर्थिक वर्ष | आन्तरिक ऋण | बाह्य ऋण | कुल ऋण |
|---|---|---|---|
| २०७७/७८ | ८००.३२ | ९३४.६९ | १७३५.०१ |
| २०७८/७९ | ९८४.२९ | १०२५.८४ | २०१०.१३ |
| २०७९/८० | ११२९.१० | ११७०.३ | २२९९.४ |
| २०८०/८१ | ११८०.९० | १२५७.६० | २४३८.५० |
| २०८१/८२ | १२६८.२२ | १४०५.८२ | २६७४.०४ |
| २०८२/८३* | १२७८.०७ | १४४६.५८ | २७२४.६५ |

*स्रोत : सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

**२०८२ असोजसम्मको विवरणमा आधारित*

आर्थिक वर्ष २०७१/७२ मा कुल गार्हस्थ उत्पादनको अनुपातमा कुल ऋण दायित्व २५.६५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा ४३.७९ प्रतिशत पुगेको छ। जसमा आन्तरिक ऋण २०.७७ प्रतिशत र वैदेशिक ऋण २३.०२ प्रतिशत रहेको छ।

**चार्ट ८.२: नेपालको सार्वजनिक ऋण-कुल गार्हस्थ उत्पादन अनुपात (प्रतिशतमा)**




*स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय*

## ८.४ अन्य कार्यक्रमको कार्यान्वयन

### राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था, बालीवस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था गर्ने परिकल्पना राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले गरेको छ। राष्ट्रिय प्राथमिकता, आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको बाली र वस्तुमा तोकिएको न्युनतम क्षेत्र र संख्यामा कृषि उत्पादनलाई प्रोत्साहन गर्न राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट कार्यक्रम सञ्चालनमा रहेका छन्।

न्यूनतम १००० हेक्टर क्षेत्रफलमा सञ्चालन भएको वृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्रका रुपमा सुपरजोन र न्यूनतम ५०० हेक्टर क्षेत्रफलमा सञ्चालन भएको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्रका रुपमा जोनहरु सञ्चालन गरिएको छ । जिल्ला स्तरमा कृषि उत्पादन केन्द्रका रुपमा ब्लक र प्राथमिक उत्पादन इकाईका रुपमा पकेटहरु रहेका छन् । मौरी, च्याउ, हाइटेक ग्रीनहाउस, प्लाष्टिक हाउस र तोकिएको संख्या तथा क्षेत्रफलमा सञ्चालन गरिएको माछापोखरीलाई प्राथमिकतामा राखी परियोजना सञ्चालन गरिएको छ ।

**तालिका ८.६: राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम लक्ष्य तथा कार्यान्वयन अवस्था**

| विवरण | लक्ष्य | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|---|---|
| पकेट | १५,००० | २,७७६ | ४,३७२ | ६,७४२ | ३२८३ | ८७१० | ८७१० | ९१६२ |
| ब्लक | १,५०० | ३३६ | ६०६ | १,२२७ | ९९९ | १५८७ | १६६४ | १६६४ |
| जोन | ३०० | ७५ | १०६ | १०६ | १७७ | १७७ | १७७ | २०६ |
| सुपरजोन | २१ | १४ | १६ | १६ | १६ | १६ | १६ | २१ |

*स्रोत: राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम*

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत ५८ कार्यान्वयन इकाईमार्फत् ७७ जिल्लामा २१ सुपर जोन र २०६ जोन सञ्चालनमा रहेका छन् । त्यसैगरी, समीक्षा वर्षमा यस कार्यक्रम अन्तर्गत ९ हजार १ सय ६२ वटा पकेट क्षेत्र र १ हजार ६ सय ६४ वटा ब्लक क्षेत्र सञ्चालनमा रहेका छन् । आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा पकेट क्षेत्र, जोन र सुपरजोनको संख्यामा वृद्धि भएको छ भने ब्लकको संख्या यथावत रहेको छ । (तालिका ८.६)

# परिच्छेद ९: आर्थिक परिदृश्य

## समग्र आर्थिक परिदृश्य

आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रयमासमा मधेस प्रदेशमा मनसुन ढिला भई धान खेतीलगायत समग्र वर्षे बाली प्रभावित भएकोले कृषि उत्पादनको वृद्धिदरमा केही नकारात्मक असर परेको छ। त्यसैगरी, २०८२ भदौ २३ र २४ मा जेन्जी आन्दोलनको क्रममा रु.८४.४ अर्बको भौतिक संरचनामा क्षति भएको अनुमान छ । आन्दोलनपश्चात् बनेको नयाँ सरकारले शान्ति-सुरक्षा कायम गरेको, सुशासन र संस्थागत सुधारलाई प्राथमिकतामा राखेको, पुनर्निर्माण कार्यलाई प्रोत्साहित गर्न सहुलियतको व्यवस्था गरेको, आन्दोलनबाट प्रभावित व्यवसाय सञ्चालनको लागि विभिन्न प्रकारका राहत र सुविधाका व्यवस्थाहरू गरिएकाले अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्दै गएको छ।

स्थलगत सर्वेक्षणको क्रममा प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी/व्यवसायी तथा अन्य सरोकारवालाहरूसँग गरिएको छलफल तथा आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत व्यक्त गरेका विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०८२/८३ मा मुलुकमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधिमा अघिल्लो वर्षको तुलनामा सुधार हुने प्रारम्भिक अनुमान रहेको छ।

## ९.१ मूल्य स्थिति

आर्थिक वर्ष २०८१/८२ मा विश्व अर्थतन्त्रमा मुद्रास्फीतिको चाप कम हुँदै गएको, विश्वव्यापी रुपमा इन्धन तथा खाद्य वस्तुको मूल्यमा गिरावट आएको तथा विकसित तथा उदीयमान मुलुकहरुका केन्द्रीय बैंकले अवलम्वन गरेको सहज मौद्रिक नीतिका कारण विश्व अर्थतन्त्रको मुद्रास्फिीतिमा सुधार भएकोले नेपालको औसत उपभोक्ता मुद्रास्फीति ४.०६ प्रतिशत रहेको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा सहजता आउने, छिमेकी देश भारतमा समेत मुद्रास्फिति कम हुँदै जाने, आन्तरिक उत्पादनतर्फ धान लगायत वर्षेबालीको उत्पादनमा ह्रास हुने तथा आगामी निर्वाचनमा हुने खर्चको आँकलनको आधारमा चालु आर्थिक वर्षमा मुद्रास्फितिमा केही चाप पर्न गएता पनि वर्षको अन्त्यसम्ममा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४ प्रतिशतको हाराहारीमा रहने अनुमान रहेको छ।

## ९.२ कृषि क्षेत्र

आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रयमासमा मधेस प्रदेशमा मनसुन ढिला भित्रिएको, असोज महिनामा परेको पानीले धान खेतीलगायत समग्र वर्षे बाली प्रभावित भएकोले धान उत्पादन केही कम हुने देखिएको छ। कृषि क्षेत्र आधुनिक, उत्पादनमुखी र व्यापारिक दिशातिर बढ्दै गएको, मोबाइल एप, डिजिटल कृषि सेवा, मौसम सूचना, मल बीउ बिजन तथा प्रविधिमा सुधार भएको, सिँचाइ सुविधामा विस्तार आएको, मल तथा कृषि औजारको सहज आपूर्ति हुँदै गएको, नेपाल सरकारले कृषिमा आयात न्यूनीकरण गर्दै कृषि उत्पादनमा आत्मनिर्भर बनाउने कार्यक्रम ल्याएको, प्रदेश सरकारहरुले समेत कृषिलाई प्राथमिकतामा राखेकाले अन्य बालीको उत्पादन आर्थिक वर्ष २०८२/८३ मा वृद्धि हुने अनुमान गरिएको छ। साथै, विभिन्न जिल्लाहरुमा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाको ब्लक, पकेट, जोन एवं सुपरजोन विकास कार्यक्रम सञ्चालनमा आएको, उन्नत तथा हाईब्रिड जातको तरकारीको बीउ बिजनको प्रयोग बढ्दै गएको, आधुनिक प्रविधिको प्रयोग र सिँचाइ सुविधामा वृद्धि लगायतका कारणहरुले तरकारी उत्पादनमा समेत वृद्धि हुने अनुमान गरिएको छ।

## ९.३ औद्योगिक क्षेत्र

२०८२ भदौ २३ र २४ मा जेन्जी आन्दोलनको क्रममा निजी क्षेत्रमा भएको क्षतिका वावजुद ततपश्चात् बनेको सरकारले सुशासन सुदृढ गर्दै व्यावसायिक वातावरण अनुकूल बनाउन गरेका नीतिगत प्रयास र यस बैंकले अवलम्बन गरेको मौद्रिक सहजताले औद्योगिक क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अनुमान रहेको छ। प्राविधिक बिकास, बैंकिङ क्षेत्रमा थपिएको तरलता, घट्दो व्याजदर, अन्तर्राष्ट्रिय रुपमा भएको तेल तथा अन्य कच्चा

पदार्थको मूल्यमा स्थिरता लगायतका कारण हाल उद्योग सञ्चालनमा सकारात्मक प्रभाव परेको छ । साथै, सरकारले उत्पादनमूलक उद्योगका लागि लिएको नीतिगत व्यवस्था, उद्योगहरुमा निरन्तर विद्युत आपूर्ति, जुत्ता, मिनिरल वाटर, सिमेन्ट लगायतका उत्पादनको निर्यातमा नगद अनुदान तथा वैदेशिक लगानी प्रतिवद्धता, अन्तर्राष्ट्रिय बजारमा केही नेपाली उत्पादनको माग बढ्नु लगायतका कारणले उद्योग क्षेत्र क्रमशः सुधार हुँदै जाने अनुमान गरिएको छ ।

### ९.४ सेवा क्षेत्र

आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रयमासमा वैदेशिक रोजगारीमा जानेको सङ्ख्या उल्लेख्य वृद्धि भएकोले विप्रेषण आप्रवाह पनि उत्साहजनक रहेको छ । यस आर्थिक वर्षको भदौ महिनामा विदेशी पर्यटक आगमन न्यून भए तापनि त्यसपछिका महिनाहरूमा सुधार हुदै गएकोले पर्यटकीय आयमा वृद्धि हुनुको साथै अर्थतन्त्र थप चलायमान हुन सघाउ पुग्ने देखिन्छ । यस अवधिमा क्षतिको पुर्ननिर्माणले तीव्रता लिने र निर्वाचनको कारण यातायात, होटल तथा रेष्टुरेन्ट व्यवसाय विस्तार भई आयात बढ्न सघाउ पुग्ने अनुमान रहेको छ । साथै, बैंकिङ क्षेत्रले सरल ब्याजदरमा लगानी योग्य रकम उपलब्ध गराएका कारण होटल क्षेत्रमा लगानी वृद्धि हुँदै गएको, आन्तरिक तथा बाह्य पर्यटनमा सुधार भई आन्तरिक तथा बाह्य्य पर्यटकको संख्या वृद्धि हुदै गएको, डिजिटल प्रविधिको प्रयोग बढ्दै गएको, खुद्रा तथा थोक व्यापार विस्तार भएकाले सेवा क्षेत्रमा सुधार आउने देखिन्छ ।

### ९.५ पूर्वाधार क्षेत्र

सडक तथा पुल पूर्वाधारअन्तर्गत प्रादेशिक लोकमार्ग, प्रादेशिक मार्ग, सहरी तथा स्थानीय सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्य भइरहेको, निजी तथा सरकारी क्षेत्रबाट निर्माणाधीन जलविद्युत् आयोजना, विद्युत् प्रसारण लाइन निर्माण, सुरुङमार्ग निर्माणजस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरूको कामले गति लिएको छ । त्यसैगरी, हुलाकी लोकमार्ग, कोशी करिडोर, कालीगण्डकी करिडोर, कर्णाली करिडोरहरुको भौतिक प्रगति १०० प्रतिशत भएको, पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना, बबई सिँचाइ आयोजना, सिक्टा सिँचाइ आयोजना, भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाहरु २०८२/८३ मा निर्माणमा तिव्रता आई निर्माण सम्पन्न हुने अनुमान रहेको छ । साथै, सूचना प्रविधिको पहुँचमा तीव्र विकास हुँदै गएको, राष्ट्रिय एवम् प्रादेशिक गौरवका आयोजनाहरुको निमार्ण कार्य तिव्र गतिमा हुने आँकलनका आधारमा समग्रमा पूर्वाधार क्षेत्रको विस्तार सकारात्मक हुने देखिन्छ । जलवायु परिवर्तनका कारण मौसमी विपत्तीका कारण बाढी र पहिरो लगायतका प्राकृतिक प्रकोपका कारण भौतिक पूर्वाधारमा पुग्ने क्षतिले पूर्वाधार क्षेत्रमा केही नकारात्मक प्रभाव पर्ने देखिन्छ ।

### ९.६ बाह्य क्षेत्र

वैदेशिक रोजगारीमा जाने नेपालीहरुको संख्या तुलनात्मकरुपमा वृद्धि हुँदै गएको, आन्दोलनको क्रममा केही होटलहरुमा क्षति पुगेको भएता पनि पर्यटकहरुको आकर्षणमा नेपाल परेकोले बाह्य पर्यटकको आगमनमा भएको वृद्धिले पर्यटन आयमा भएको वृद्धिका कारण चालु खाता, शोधनान्तर स्थिति तथा विदेशी विनिमय सञ्चितिमा सुधारको अवस्था कायमै रहेकोले बाह्य्य क्षेत्र सहज अवस्थामा रहेको छ । निर्यात व्यापारमा सुधार भएतापनि आयातमा भएको वृद्धिले व्यापार घाटा थप फराकिलो हुने अनुमान गर्न सकिन्छ । यद्यपि, सार्वजनिक खर्च व्यवस्थापनमा मितव्ययिता अपनाइएमा दीर्घकालिन रुपमा वाह्य्य क्षेत्रको सन्तुलन कायम हुने र विदेशी विनिमय सञ्चिति व्यवस्थापनमा सहजता आउने आँकलन गर्न सकिन्छ । समग्रमा, विप्रेषण आप्रवाह र वैदेशिक व्यापारको पछिल्लो प्रवृतिलाई हेर्दा आगामी वर्ष बाह्य्य क्षेत्र थप सुविभाजनक अवस्थामा रहने देखिन्छ ।